ISSN: 3021-9868 (Print)

# ग्रामोदय

## स्मारिका २०८१

**GRAMODAYA PERIODICAL 2081**

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

GRAMODAYA YUGAKABI SIDDHICHARAN CAMPUS

# ग्रामोदय
## स्मारिका २०८१

**प्रधान सम्पादक**

प्रेम बहादुर बस्नेत

**कार्यकारी सम्पादक**

बदन कटुवाल

**सम्पादकहरु**

मातृका प्रकाश डाँगी

बिनोद राज पाण्डे

**भाषा सम्पादक**

रामकुमार न्यौपाने (नेपाली)

गिरिराज दाहाल (अंग्रेजी)

**ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस**

| | | |
|---|---|---|
| कृति | : | **ग्रामोदय स्मारिका** |
| प्रकाशक | : | ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस |
| सर्वाधिकार | : | प्रकाशक |
| प्रकाशन वर्ष | : | विसं. २०८१ |
| मुद्रण | : | ५०० प्रति |
| कम्प्युटर लेआउट | : | केशव भट्टराई |
| मुद्रक | : | हिमाल एकेडेमी, ललितपुर |
| सम्पर्क ठेगाना | : | गाम्नाङटार, ओखलढुङ्गा |
| फोन | : | ९८४९२७२२६८ |
| इमेल | : | gramodayayugkabi@gmail.com |
| वेबसाइट | : | http://gramodayayugkabicampus.edu.np |

लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/०८२

मिति : २०८१/११/१९

च.नं. -

ने.सं.: ११४५ सिल्लाथ्व ४, सोमबार

## शुभकामना

कोशी प्रदेश ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका-६ मा रहेको ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस, गाम्नाडटार, ओखलढुङ्गाले "ग्रामोदय युगकवि" शीर्षकको शैक्षिक स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ। यो क्याम्पस यस गाउँपालिकाको मात्र नभई लिखु सभ्यतालाई नै प्रतिनिधित्व गर्ने शैक्षिक संस्था हो। शिक्षाको दियो बाली समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको यस क्याम्पसले प्रकाशन गर्न लागेको शैक्षिक स्मारिका एक ज्ञानवर्धक दस्तावेज हुने विश्वास लिएको छु।

यस क्याम्पसको स्थापना कालदेखि नै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अभियानमा लाग्ने लिखु गाउँपालिका क्षेत्रका राजनीतिक दल, उद्योगी, व्यापारी, समाजसेवी महानुभावहरूको अथक प्रयासबाट वि.सं. २०६३ सालमा स्थापित यस क्याम्पसलाई विकासको यो उचाइसम्म ल्याई पुऱ्याउन विभिन्न तह र तप्काबाट योगदान गर्नु हुने शिक्षक, कर्मचारी, अभिभावक लगायत सम्पूर्ण सरोकारवाला एवं शुभेच्छुक महानुभावहरूमा गाउँपालिकाका तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । पूर्वी पहाडको पिछडिएको ग्रामीण भेगमा रहेको यो क्याम्पसको स्थापना गर्न आर्थिक, सामाजिक, भौतिक ढङ्गले सहयोग गर्ने हाम्रा अग्रज महानुभावहरूको योगदान उल्लेखनीय छ। प्रतिस्पर्धामा उत्कृष्टता कायम राख्न प्रयत्न गरिरहेको यस क्याम्पसको इतिहास गौरवशाली छ। प्रारम्भदेखि नै यस क्याम्पसले शैक्षिक जनशक्ति उत्पादन गरी राष्ट्र निर्माणमा पुऱ्याएको योगदान प्रशंसनीय छ। तर यति प्रगतिले मात्र यो क्याम्पस परिवार सन्तुष्ट हुन मिल्दैन। भौतिक र आर्थिक रूपले यस गाउँपालिकाका तर्फबाट गर्न सकिने सहयोग भई नै रहनेछ। यसबाहेक यसको शैक्षिक उन्नयनमा क्याम्पसको सञ्चालक समितिको नेतृत्वमा शिक्षक र कर्मचारीले नै कर्मठ भएर निरन्तर लागि पर्नु आवश्यक हुन्छ।

उपयुक्त शैक्षिक वातावरण निर्माण गर्नका लागि सञ्चालक समितिका अध्यक्ष, सदस्य, अभिभावक, बुद्धिजीवीलगायत सम्पूर्ण महानुभावमा हार्दिक आह्वान गर्दछु। शिक्षक, विद्यार्थी, अभिभावक, साहित्यकारलगायत विद्वान् लेखकहरूका विभिन्न विषय र विधागत लेखरचना समेटिएको यो स्मारिकाको प्रकाशनबाट जिज्ञासु पाठकहरू लाभान्वित हुने नै छन् भन्ने पूर्ण आशाका साथ ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु। साथै नजिकिँदै गरेको होली पर्वको अवसरमा देश तथा विदेशमा रहनु हुने समस्त नेपाली दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

अशोक कुमार कार्की
अध्यक्ष

Web: likhumunokhaldhunga.gov.np
Email: info@likhumunokhaldhunga.gov.np, likhurmokhaldhunga@gmail.com

लिखु गाउँपालिकाको दृष्टि: सुशासन मार्फत समृद्धि

# कृतज्ञता

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसले क्याम्पसका गतिविधिहरू समेटेर शैक्षिक स्मारिका प्रकाशन गर्न लागेकोमा क्याम्पस प्रमुख, शिक्षक, कर्मचारी र विद्यार्थीहरू सबैलाई सफलताको शुभकामना व्यक्त गर्दछु । साथै, यस कार्यका निम्ति क्याम्पस सञ्चालक समितिलाई पनि बधाई ज्ञापन गर्दछु ।

यो क्याम्पस ओखलढुङ्गा जिल्लाका गाम्नाङटार, यसम, टारकेराबारी, पोकली, नर्मदेश्वर, सिंहदेवी लगायत समग्र लिखु गा.पा., खिजीदेम्बा गा.पा., चम्पादेवी गा.पा. र रामेछाप जिल्लाका लिखु तामाकोशी गा.पा., रामेछाप न.पा. का १, २, ३, ४ वडा र उमाकुण्ड गा.पा. समेतका विद्यार्थीलाई लक्षित गरी २०६३ सालमा हामी सबै गाम्नाङवासीको सहयोग र सद्भावमा स्थापना गरिएको हो । चर्चित कविता "ओखलढुङ्गा" को माध्यमबाट समग्र जिल्लाको पहिचान देशविदेशमा विस्तार गर्ने श्रद्धेय युगकवि सिद्धिचरणको नाममा क्याम्पस स्थापना र सञ्चालन गर्न पाउँदा हामी सबै खुसी हुनु स्वाभाविकै हो ।

त्यसैले यस क्षेत्रका किसान, मजदुर, शिक्षक, विद्यार्थी, राजनीतिकर्मी, व्यवसाय तथा पेसाकर्मीलगायत तमाम नागरिक तथा बुद्धिजीवीहरू एवं यस क्याम्पसमा अध्ययन गरेर देशविदेशका विभिन्न ठाउँहरूमा पुग्नुभएका महानुभावहरूलाई यस क्याम्पसको आर्थिक तथा शैक्षिकस्तर वृद्धि गर्न सघाउन हार्दिक अनुरोध गर्दछु ।

**लोककृष्ण भट्टराई**
संस्थापक अध्यक्ष तथा संरक्षक

# मेरो भनाइ

यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसले जानकारीमूलक सामग्री स्मारिकामार्फत प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस क्याम्पस स्थापना भएपश्चात हुने पठनपाठन र परीक्षालगायत भवन निर्माणसम्म भई सकेका कार्यहरू प्रशंसनीय छन् । क्याम्पसमा आबद्ध रहनुभएका सबै साथीहरूलाई म हार्दिक बधाई ज्ञापन गर्दछु ।

यस क्याम्पसका सदस्य, अभिभावक, शुभेच्छुक तथा सहयोगीहरूका लागि मात्र नभई जिज्ञासुहरूका लागि समेत जानकारीमूलक सामग्री आवश्यक थियो । प्रविधिको पहुँचमा रहेका वर्गदेखि दूरदराजका गाउँहरूसम्म सहज र सरल रूपमा क्याम्पसका विषयमा जानकारी दिन यस स्मारिका समावेश गरिएका सामग्रीहरूले महत्त्वपूर्ण योगदान पुर्याउने मैले विश्वास लिएको छु । क्याम्पसको इतिहास, विचार र संघर्ष सम्प्रेषण गर्ने अग्रज नेतृत्वदेखि आजसम्म र भविष्यमा पनि यसले पछिल्लो पुस्तासम्म संक्षिप्त र छर्लङ बनाउनेछ । क्याम्पसले शैक्षिक तथा सामाजिक परिवर्तनमा खेलेको भूमिकासमेतको प्रस्तुतिमार्फत यस स्मारिकाले क्याम्पस मात्र नभएर देशको ठूलो भेगमा एउटा आँखीझ्याल बन्न पुगेको छ । भविष्यमा अझै यस क्यम्पसलाई थप सशक्त, जिम्मेवार र विश्वसनीय बनाउन वैचारिक रूपमा साथीहरू जति योग्य हुनुपर्दछ त्यति नै अनुशासनमा प्रतिबद्ध हुनुपर्दछ । अनुशासनबिनाको शिक्षा उद्देश्यविहीन सावित हुन सक्छ ।

अन्त्यमा, क्याम्पसलाई सक्रिय गराउन निरन्तर लागिपर्नु हुने क्याम्पस प्रमुख प्रेमबहादुर बस्नेतसहित स्मारिका प्रकाशनमा सहयोग गर्नुहुने सबैलाई बधाई ज्ञापन गर्दछु ।

**गोपालप्रसाद भट्टराई**
अध्यक्ष
क्याम्पस व्यवस्थापन समिति
ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

# सम्पादकीय

बिभिन्न आरोह अवरोह पार गर्दै क्याम्पस आजको अवस्थासम आइपुग्दा भौतिक, आर्थिक र शैक्षिक बिकासमा योगदान पुर्याउनु हुने सम्पूर्ण महानुभावहरु एवम् शुभचिन्तकहरु प्रति कदर गर्दै हार्दिकतापूर्ण सम्मान एवम् आभार ब्यक्त गर्दछौ । "नमुना क्याम्पस गुणस्तरीय शिक्षा, दक्ष जनशक्ति हाम्रो प्रतिबद्धता" भन्ने मूल नारा लिएर यस क्याम्पसले जीवन उपयोगी शिक्षा प्रदान गर्दै उच्च शैक्षिक जनशक्ति उत्पादन गर्नका लागि आफ्नो कार्यक्रम बनाएको छ। यसै नारालाई आत्मसात गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने बाटोमा हिंड्नु आजको आवश्यकता हो। यस क्याम्पसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सफल व्यक्तित्वहरु जन्माएको छ जसमा प्राध्यापक, शिक्षक, प्रशासक जस्ता गरिमामय पदमा रही राष्ट्र र जनताको सेवामा सदैव क्रियाशील हुने यस क्याम्पसका पूर्व विद्यार्थीहरु क्याम्पसको एक अमूल्य निधि बनेको छ यसरी राष्ट्रको उच्च ओहदामा पुगेर यस क्याम्पस मा अध्ययनरत विद्यार्थीहरूले राष्ट्रको सेवा गर्नु यस क्याम्पसको लागि गौरवको विषय हो भन्न सकिन्छ । यस स्मारिकामा प्राप्त लेख रचनालाई दुई खण्डमा विभाजन गरिएको छ । प्रत्येक खण्डमा चार र दुई उपखण्डमा वर्गीकरण गरिएको छ। यस क्रममा केही तल माथि भई ओहदा हुन गएकोमा क्षमा प्रार्थी छौँ। यस प्रकाशन मार्फत लेखकका गहनतम विचार शिक्षा क्षेत्रका विशेष अभ्यासमा अनुभूतिलाई निरन्तरता दिने तथा समाजका लागि आवश्यक खुराकहरू दिने क्याम्पसको प्रयास स्वरूप शैक्षिक स्मारिका तयार पारिएको छ । यसमा समावेश हुने विचार र विश्लेषण वैयत्तिक हुने भएपनि यसले सरोकारवालामा विशेष महत्व राख्छ भन्ने लागेको छ। हाम्रो अथक प्रयास भविष्यमा समेत फलदायी हुन सकोस्।

**क्याम्पसको स्मारिका एक अमूल्य धरोहर**

स्मारिका कुनै पनि शैक्षिक संस्थाको सांस्कृतिक र ऐतिहासिक धरोहरको रूपमा रहेको एक महत्वपूर्ण अभिलेख हो। यो स्मारिका क्याम्पसको इतिहास, त्यहाँका विद्यार्थी, शिक्षक, स्टाफ र गतिविधिहरूको छायांकन र प्रस्तुतिका रूपमा कार्य गर्दछ । प्रत्येक वर्ष क्याम्पसको स्मारिका प्रकाशित गर्ने परम्परा यस क्याम्पसको पहिचानको रूपमा विकसित भएको छ। यसका माध्यमबाट क्याम्पसको उत्पत्ति, विकास र उपलब्धिहरूको विश्लेषण गर्ने अवसर प्राप्त हुन्छ। क्याम्पस स्मारिकाले केवल क्याम्पसको गतिविधिहरू मात्र नदिई, विद्यार्थीहरूको भावना र विचारलाई पनि स्थान दिने गर्दछ। स्मारिकामा क्याम्पसका प्रमुख कार्यक्रम, प्रतियोगिताहरू, वार्षिक उत्सव, सेमिनार र अन्य शैक्षिक गतिविधिहरूको महत्त्वपूर्ण विवरण, बिभिन्न क्षेत्रमा ख्याति प्राप्त ब्यक्तित्वहरुका बिभिन्न बिषयगत अनुसन्धानात्मक, सिर्जनात्मक लेखहरु राखिएको छ । यसले क्याम्पसको प्रत्येक वर्षको कामलाई दस्तावेजीकरण गरेर भविष्यका विद्यार्थीहरूलाई प्रेरणा दिने गर्दछ।

स्मारिका क्याम्पसको व्यक्तित्वको पनि प्रतीक हो । यसमा क्याम्पसका शिक्षकहरूको योगदान, विद्यार्थीकालको संघर्ष र सफलता र संस्थाको समग्र प्रगति एकत्रित रूपले प्रस्तुत गरिन्छ । यसले संस्थाको संस्कार र परम्परालाई

उजागर गर्दछ र यसका प्रमुख उद्देश्यलाई जनतालाई बुझाउने काम गर्दछ । क्याम्पसका प्राध्यापकहरू, स्टाफ र विद्यार्थिहरूका साक्षात्कार र लेखहरूको समावेशले स्मारिकालाई थप प्रभावशाली र ज्ञानवर्धक बनाउँछ । स्मारिका लेखन र सम्पादन प्रक्रिया आफैंमा एक चुनौतीपूर्ण कार्य हो । यसमा लेखक र सम्पादकको ठूलो परिश्रम र दृष्टिकोण आवश्यक हुन्छ । यो कार्य विद्यार्थीहरूको समर्पण र रचनात्मकता प्रदर्शित गर्ने अवसर पनि हो । सम्पादकीय टोलीले क्याम्पसको इतिहास, प्रमुख घटनाक्रम र भविष्यका योजनाहरूलाई ध्यानमा राखेर स्मारिकालाई आकर्षक र सूचनायुक्त बनाउने कोशिस गरिएको छ । यसका लागि क्याम्पसका विभिन्न विभाग, क्लब र समाजहरूको योगदान अत्यन्त महत्त्वपूर्ण छ ।

स्मारिका लेखनको अवसरले विद्यार्थीहरूलाई लेखन र अनुसन्धानको कला सिकाउँछ । यसले उनीहरूको रचनात्मक सोच र विश्लेषणात्मक क्षमता विकसित गर्न मद्दत पुर्याउँछ । यसले विद्यार्थीलाई नेतृत्व क्षमता, टिमवर्क र समय व्यवस्थापन जस्ता महत्वपूर्ण सीपहरूको अभ्यास गराउँछ । साथै, यो अवसरले विद्यार्थीहरूलाई क्याम्पसको विविधता र समृद्ध संस्कृति अनुभव गर्न र समेट्न पनि मद्दत गर्दछ ।

क्याम्पस स्मारिका केवल क्याम्पसका भूतपूर्व विद्यार्थीहरूको लागि होइन, वरिपरिको समाजका लागि पनि महत्त्वपूर्ण हुन्छ भन्ने अभिप्रायलाई आत्मसाथ गरिएको छ । यसले क्याम्पसको दृष्टिकोण र वातावरणलाई समाजमा लगि समाजको महत्वलाई आत्मसाथ गरेको छ । साथै, क्याम्पसको भविष्यका योजनाहरू र सामुदायिक दायित्वहरूको पनि एक समग्र दर्शन प्रस्तुत गर्ने जमर्को गरेको छ । यसले क्याम्पसको शैक्षिक विकास र सामाजिक योगदानको बारेमा जनचेतना फैलाउँने उदेश्य लिएको छ । क्याम्पसको स्मारिका एक अमूल्य धरोहर हो जसले क्याम्पसको अतीत र वर्तमानलाई भविष्यका विद्यार्थीहरू र समाजसँग जोडि समाज संगको सम्बन्धलाई मजबुद बनाउँने जमर्को गरिएको छ । यो केवल एक दस्तावेज मात्र होइन, शैक्षिक संस्थाको पहिचान र संस्कृतिको अभिव्यक्ति पनी हो । यसले क्याम्पसको इतिहास र विकासका हरेक कदमलाई जिवित राख्ने र भावी पुस्तालाई प्रेरणा दिने काम गर्दछ । यसकारण, क्याम्पसको स्मारिका समयसमयमा प्रकाशित गर्दै यसको महत्व र सांस्कृतिक धरोहरलाई सशक्त बनाउनु आवश्यक छ भन्ने अभिप्रायले यो स्मारिका तयार गरीएको हो भन्दा अत्युक्ति नहोला ।

**क्याम्पस जीवनको अविस्मरणीय यात्रा**

क्याम्पस जीवनको एउटा अविस्मरणीय अध्याय हो, जसले हरेक विद्यार्थीको मनमा आफ्नै गहिरो छाप छोडेको हुन्छ । यो केवल शिक्षा प्राप्त गर्ने ठाउँ मात्र होइन, बरु जीवनका अनमोल अनुभवहरू सिक्ने र बाँच्ने एक मंच हो । क्याम्पसको प्रत्येक पल, घटना तथा बिद्यार्थी जीवन स्मृतिका पानाहरुमा सधैंका लागि सजाइने जीवनको एक महत्वपूर्ण पक्ष हो । यहाँका दिनहरू केवल पुस्तकीय ज्ञानसम्म सीमित हुँदैनन्, बरु व्यक्तित्व विकास, मित्रता, र समाजसँगको घनिष्टताको पनि एक महत्त्वपूर्ण भाग हुन्छन् । क्याम्पसका जीवन भोगाईका क्रममा भेटिएका नयाँ मानिसहरू, नयाँ वातावरण, र नयाँ चुनौतिहरूले ती अतितका दिनहरु हरेक बिद्यार्थीको लागि सम्झना योग्य बनाइरहेको हुन्छ । ति दिनहरु जसबाट नै प्रत्येकले आफूलाई पहिचान्न सिक्छौं, आफ्नो क्षमतालाई परख्छौं, र आफ्ना सपनाहरूलाई आकार दिन्छौं । क्याम्पसले हामीलाई केवल शैक्षिक ज्ञान मात्र दिंदैन, बरु जीवनका विभिन्न पाठहरू सिकाउँछ ।

शिक्षकहरू क्याम्पसको अर्को महत्त्वपूर्ण आधारस्तम्भ हुन । उनीहरूले हामीलाई केवल पाठ्यक्रम सिकाउँदैनन, बरु जीवनका मूल्यहरू र अनुशासनको महत्व पनि बुझाउँछन्न । उनीहरूको मार्गदर्शनले हाम्रो जीवनलाई सही दिशा

दिन्छ। क्याम्पसको प्रत्येक कक्षा, प्रत्येक पल, र प्रत्येक अनुभवले हामीलाई परिपक्व बनाउँछ। मानिसको जिवनमा कहिलेकाहीँ असफलता, निराशा, र चुनौतिहरूले भेटिन्छन। तर यी अनुभवहरूले हामीलाई बलियो बनाउँन मद्दत गरिरहेका हुन्छन्। असफलताबाट सिक्ने र अगाडि बढ्ने साहस क्याम्पसले मात्र दिन सक्छ। यो समयले हामीलाई जीवनका उतारचढावलाई सामना गर्न सिकाउँछ। क्याम्पसले दिने ज्ञान, अनुभव, र सम्बन्धहरू हाम्रो जीवनको महत्त्वपूर्ण भाग हुन्छ। क्याम्पस जीवनको एउटा सुन्दर यात्रा हो, जसले हामीलाई न केवल शिक्षित बनाउँछ, बरु जीवनका विभिन्न पक्षहरूबारे जागरूक पनि बनाउँछ। यो यात्रा हाम्रो व्यक्तित्वलाई ढाल्छ, हाम्रा सपनाहरूलाई आकार दिन्छ, र हामीलाई भविष्यको लागि तयार पार्छ। क्याम्पसको प्रत्येक पल, प्रत्येक घटना, र प्रत्येक अनुभव हाम्रो जीवनको स्मृतिमा सधैंका लागि एउटा अबिष्मरणीय समयका रुपमा रहेको हुन्छ। यो यात्रा हाम्रो जीवनको सबैभन्दा महत्त्वपूर्ण र सुन्दर अध्याय हो भन्न सकिन्छ।

अन्त्यमा आफ्नो अमूल्य लेख रचना उपलब्ध गराउनु हुने सबै विद्वान लेखक समीक्षक तथा अनुसन्धानकर्ता स्रष्टाहरु सम्पादन कार्यमा सहयोग पुर्याउनु हुने, छपाईका लागि सल्लाह सुझाव दिनुहुने तथा यस कार्यका लागि निरन्तर सहयोग गर्नुहुने प्राज्ञिक व्यक्तित्वहरू र स्मारिकाका लागि अमूल्य रचना उपलब्ध गराउनु हुने सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं। यस प्रकाशनलाई अझ उपयोगी बनाउन हामी सबै सम्बन्धित पक्षहरु आफ्नो तन, मन र धनबाट सहयोग पुर्याउने महानुभाव, क्याम्पस सञ्चालन समितिका पदाधिकारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं स्मारिका कस्तो बन्यो कुशल समीक्षक पाठक वर्ग नै हुनुहुन्छ सबैबाट सकारात्मक सुझावको अपेक्षा गर्दै यसमा देखिएका मानवीय त्रुटिप्रति क्षमाप्राथी छौं।

धन्यवाद।

# विषय सूचि


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| **नेपाली खण्ड** | | |
| **विषयगत अनुसन्धानात्मक लेख** | | |
| शैक्षिक समस्या र समाधानका उपाय | केदारकुमार गिरी | १ |
| युगकवि सिद्धिचरण श्रेष्ठ र उनको काव्यिक अनुभूति | होमप्रसाद 'गृहस्थी' | ६ |
| कोदो खेति प्रविधि | मातृका प्रकाश डार्गीँ | १३ |
| आउनुहोस् झोलमलबारे केहि जानकारी बटुलौँ | बिनोद राज पाण्डे | २१ |
| **साधारण बिषयगत लेख** | | |
| सार्वजनिक शिक्षाको सुधारमा स्थानीय सरकारको भूमिका | अस्मिता थापा | २५ |
| कानुन र शिक्षा | शंकर सुवेदी | २८ |
| स्वस्थ जीवनको लागि शिक्षा | ज्ञानबहादुर बस्नेत | ३० |
| शिक्षण पेशा र चुनौती | गोकर्णप्रसाद लम्साल | ३२ |
| AI के हो र AI को प्रयोग र शिक्षण सिकाइ | जागेश्वर भट्टराई | ३५ |
| शिक्षाको गुणस्तर सुधारमा विद्यालय व्यवस्थापन समिति | निल कमल भट्टराई | ३८ |
| सा. आइतबारे देवी देखी युगकवि सिद्धिचरण बहुमुखी क्याम्पससम्म | नेत्र प्रसाद भट्टराई | ४० |
| ग्रामोदय: मेरो अध्ययनअध्यापनको स्मृतिको पानामा | प्रेमबहादुर बस्नेत | ४३ |
| **सिर्जजात्मक लेख रचना** | | |
| ग्रामोदय - सेवा, पदोन्नति र अपरिहार्यता | पुरुषोतम भट्टराई | ४६ |
| जलवायु परिवर्तन र यसका असरहरू | राम कुमार न्यौपाने | ४८ |
| विद्यार्थी | आशिष पौडेल | ५० |
| जन्म लिएको अर्थ प्रयोजन (लोक छन्दमा आधारित गीति कविता) | कमल प्रसाद न्यौपाने | ५१ |
| गजल | चन्द्र श्रेष्ठ (सङ्गम) | ५२ |
| महँगो सुख | अनिल पौडेल | ५३ |
| जिन्दगी !! | लक्ष्मि बस्नेत | ५४ |

| विषय | लेखक | पृष्ठ |
| --- | --- | --- |
| शैक्षिक गुणस्तर सुधारः को कति जिम्मेवार ? | चन्द्र बहादुर श्रेष्ठ | ५५ |
| ग्रामोदय क्याम्पस हाम्रो चिन्तन हाम्रो भविष्य | पुष्पराज भट्टराई | ५८ |
| **English Section** | | |
| **Research Article** | | |
| Informal Sectors: Inequalities in Social Protection Policies | Giriraj Dahal | ६१ |
| Black Holes | Arjun Sen Oli | ६७ |
| William Butler Yeats as a Romantic Poet | Khagendra P. Bhattarai | ७० |
| Effects of Project Work on Mathematics at Secondary Level | Badan Katuwal | ८० |
| **General Article** | | |
| Physics Education Technology "PhET" | Surya Neupane | ८७ |
| Government Jobs & Foreign Employment: Nepal's Preferred Career Paths | Naniram Dulal | ९१ |
| Issues and Challenges in Science Education in Rural Nepal | Pushpa Bhattarai | ९३ |
| वार्षिक क्याम्पस प्रगति विवरण | | ९५ |

# नेपाली खण्ड

# शैक्षिक समस्या र समाधानका उपाय

केदारकुमार गिरी
पूर्व जिल्ला शिक्षा अधिकारी
जिल्ला शिक्षा कार्यालय, ओखलढुङ्गा

## पृष्ठभूमि

देशमा आएको राजनीतिक परिवर्तन, सूचना र सञ्चारको विकास, विश्वमा आएको व्यापक फेरबदल र समसामयिक घटनाक्रमले जनातको उन्नत जीवन जिउने चाहना पूरा गर्न शिक्षाको गुणस्तरीय सुधार अपरिहार्य भएको छ। देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भइरहँदा राज्यको पुनसंरचनासँगै शिक्षामा गरिने आमुल परिवर्तन ज्यादै महत्वपूर्ण मानिन्छ। शैक्षिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूको न्यूनीकरण गर्न, सामाजिक चेतना अभिबृद्धि गर्न, समतामूलक समाजको स्थपना गर्न र विभिन्न राजनीतिक दलहरूले जनतासामु गरेका प्रतिबद्धताहरू पूरा गर्न शैक्षिक सुधारलाई केन्द्रबिन्दुमा राखेर काम गर्नुपर्ने महसुस भइसकेको छ। कुनै पनि देशमा द्वन्द्व पछि सबै क्षेत्रमा उल्लेखनीय सुधार भएको पाइन्छ तापनि शिक्षामा गरिने परिवर्तन र सुधार नै सबैभन्दा महत्वपूर्ण मानिएको छ। देशमा अवलम्बन गरिएको शिक्षाको विकास सुनिश्चित गर्नु पर्दछ भने अर्कातिर जिल्लाको सीमित भूगोल र प्रशासनिक सीमारेखामा रहेर सरकार नीति तथा कार्यक्रमहरूको सफल एवम् प्रभावकारी कार्यान्वयनबाट अपेक्षित उद्देश्य हासिल गर्दै अगाडि बढ्नु आजको टड्कारो आवश्यकता भएको देखिन्छ। परिवर्तित सन्दर्भमा जिल्लाको समुचित विकासमा लागि पूर्वाधार निर्माण, दीगो उत्पादन र मानवीय संसाधनको विकासलाई अपरिहार्य मान्न सकिन्छ। उल्लेखित तीनै ओटा पक्षको सन्तुलित विकास गर्न सचेतना प्रस्फुटन, स्रोतसाधान परिचालन एवम् दक्ष जनशक्ति उत्पादन कार्यलाई सम्भव बनाउन शिक्षाको अहम् भूमिका हुने गर्दछ। यिनै वास्तविकतालाई हृदयङ्गम् गरी जिल्लाबासीको सामुहिक हीतमा सरोकार राख्ने सबैले शैक्षिक सुधारमा लाग्न आवश्यक भएको हुँदा यस क्षेत्रमा देखिएका समस्याहरू पहिल्याउने र समाधानका लागि पहल गर्ने आजको प्राथमिक खाँचो सावित भएको छ। गुणस्तरीय शिक्षाका लागि रहने समस्याहरू र तिनका समाधानका उपायहरू पहिचान गर्ने जमर्को गरिएको छ।

## जिल्लामा देखिएका समस्या र चुनौतीहरू

यस जिल्लाका शैक्षिक समस्या तथा चुनौतीहरू पनि मूलतः यस्तै भुगोल भएका अन्य जिल्ला सरह नै रहेका छन्। यद्यपि अल्प बसाइमा सबै समस्या खोतल्न सहज नभए पनि यसको सुरुवात गर्नै पर्दछ र अनुसन्धानमा आधारित अध्ययनलाई अगाडि बढाउँदै लैजानु पर्दछ। गुणस्तरीय शिक्षाका लागि देखिएका केही समस्या तथा चुनौतीहरू यसप्रकार प्रस्तुत गरिएको छ।

- जिल्लाको शैक्षिक गुरुयोजना नुहुनु
- भौगोलिक विकटता हुनु
- जिल्लामा अशिक्षा, गरिबी र पछौटेपन व्याप्त रहनु एवम् क्षमतावान जनशक्ति जिल्लाबाट पलायन हुनु
- भौतिक पूर्वाधारको विकास नहुनु
- स्रोत र साधनको कमी हुनु

- निष्पक्ष शैक्षिक प्रशासन महसुस नहुनु
- अनुशासन र सुशासनको अभाव देखिनु
- पारदर्शिताको कमी हुनु
- समन्वयको अभाव हुनु
- निर्णय प्रक्रियामा जटिलता देखिनु
- केन्द्रीकृत शैक्षिक नीतिमा भर पर्नु
- केन्द्रीय नीतिले स्थानीय आवश्यकतालाई पूरा नगर्नु
- एवम् गरिबीलाई सम्बोधन गर्न नसक्नु
- केन्द्रीय बजेटमा मात्र निर्भर रहनु
- केन्द्रबाट पर्याप्त बजेट व्यवस्थापन नहुनु तथा जिल्लालाई उपलब्ध स्रोत, साधन र अवसरको न्यायिक वितरण नहुनु
- अनावश्यक रुपमा राजनीतिक हस्तक्षेप हुनु
- पेसाकर्मीहरूमा हीनताबोध हुनु
- जिल्लाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति जिल्लामा उत्पादन नुहनु
- शिक्षक दरबन्दीको अभाव हुनु
- स्थायी पदपूर्ती नहुनु
- शिक्षालाई उत्पादन र रोजगारसँग जोड्न नसक्नु
- पेसाकर्मीहरूको कार्यदक्षता, कार्यकुशलता, जिम्मेवारी वहन गर्ने क्षमता, कर्तव्यपरायणता, पेसागत प्रतिबद्धता र जवाफदेहिता कमजोर हुनु
- विद्यालयमा बन्द हड्तालले प्रश्रय पाउनु विद्यालय शान्ति क्षेत्र हुन नसक्नु
- विद्यालय खुल्ने दिन कम हुनु र खुलेका सबै दिन पठन-पाठन हुन नसक्नु
- शिक्षकको कार्यबोझ बढी हुनु
- शिक्षकले योग्यता र क्षमता बृद्धि गर्ने अवसर कम पाउनु तथा समय सापेक्ष योग्यता र क्षमता नहुनु
- उपलब्ध अवसरमा समानता नहुनु
- शिक्षक नियुक्ति, सरुवा र बढुवालाई निष्पक्ष र पारदर्शी बनाउन नसक्नु
- विद्यालय स्थापनामा दूरदृष्टि पुऱ्याउनु नसक्नु
- योजनाबद्ध शैक्षिक विकासमा साझेदारी हुन नसक्नु
- शैक्षिक सुधार प्राथमिकतामा नपर्नु
- शैक्षिक विकासका लागि अधिकारप्राप्त जिम्मेवार निकायको अभाव देखिनु
- विश्वसनीय कार्यसम्पादन मूल्याङ्कन प्रणालीको विकास नहुनु

- दण्ड र पुरस्कारको नीति कार्यान्वयन नहुनु
- संस्थागत विद्यालयको नियमन र विकास सन्तोषजनक नहुनु
- सामुदायिक विद्यालयहरू निम्नवर्गीय जनताका छोराछोरी पढ्ने शैक्षिक संस्थाका रुपमा स्थापित हुँदै जानु
- जिल्ला शिक्षा समिति समयमा गठन हुन नसक्नु
- दरबन्दी मिलान हुन नसक्नु
- एस. एल. सी. परीक्षा केन्द्रको स्थायी व्यवस्थापन नहुनु
- शिक्षा प्रशासनले सरोकारवालाको विश्वास आर्जन गर्न नसक्नु एवम् प्रशासनिक संयन्त्र कमजोर देखिनु
- अपेक्षित शिक्षक व्यवस्थापन नहुनु
- पर्याप्त लगानी नहुनु र लगानीको अनुपातमा प्रतिफल नपाउनु
- शैक्षिक सुधारका लागि स्वामित्वको कमी हुनु
- प्रारम्भिक बाल विकास केन्द्रलाई नियमित शिक्षासँग एकीकृत गर्न कठिनाई हुनु
- उच्च र प्राविधिक शिक्षाको खाँचो पूरा गर्नसक्ने शैक्षिक संस्थाको स्थापना र विकास नहुनु
- शैक्षिक संस्थाको स्थापना आवश्यकतामा भन्दा लहडमा हुनु
- महिला शिक्षकको कमी हुनु तथा शिक्षामा महिला सहभागिता न्यून हुनु
- बालमैत्री वातावरण र बालमनोविज्ञानमा आधारित सिकाइको अवसर कम हुनु
- विद्यालय उमेरका बालबालिकाहरूको भर्नादर बढाउन र उनीहरूलाई विद्यालयमा टिकाइराख्न नसक्नु
- अनुत्तीर्ण हुने अथवा कक्षा दोहोऱ्याउने दर न्युन बनाउनु नसक्नु
- राष्ट्रिय साक्षरता अभियान प्रभावकारी नहुनु
- निःशुल्क र आधारभूत शिक्षा कार्यान्वयनमा समस्या हुनु
- निःशुल्क माध्यमिक शिक्षाका लागि स्रोतको अभाव हुनु
- सबै तहको शिक्षाको गुणस्तर कमजोर देखिनु
- शैक्षिक तथ्याङ्क विश्वसनीय नहुनु
- वि.व्य.स. ले विवाद रहित ढङ्गले काम गर्न नसक्नु आदि

**समस्या समाधानका उपायहरू**

भनिन्छ जहाँ समस्या छ त्यहाँ समाधान पनि छ तर भनेजस्तो सजिलो गर्न अलि हुँदैन तापनि गरे नहुने पनि केही छैन। सामुहिक भावना र साझा जिम्मेवारीका साथ योजनाबद्ध अभियानलाई दीगो अभ्यास र निरन्तर प्रयाससँग एकाकार गर्दै इमान्दार सहकार्य गर्ने हो भने केही वर्ष भित्रै समस्याको गुर घट्नेछ र आजको हाम्रो थालनीले सार्थकता पाउने छ। आजको एक्काइसौं शताब्दीमा भूगोलको कारणले कोही बसाईं जानु पर्दैन बरु त्यही भूगोललाई मानवीय संस्कार, संस्कृति, सभ्यता, विकास र आवश्यकताअनुसार रुपान्तरण गर्दै उन्नत जीवन जीउन अनुकूल बनाउन सकिन्छ भन्ने विश्वास सबै जिल्लावासीमा जगाउन सकिन्छ :

- जिल्लाका जिल्लाबासीको साझा शैक्षिक गुरुयोजना निर्माण र कार्यान्वयन गर्ने
- भूउपयोग नीति अन्तर्गत बस्तीविकास क्षेत्रको निर्धारण गरी यातायात पुऱ्याउने र सोही क्षेत्रमा शैक्षिक लगानी गरी भौगोलिक बिकटता हटाउने
- केन्द्रीय नीतिलाई स्थानीय परिवेश अनुकूल कार्यान्वयन गर्नुपर्ने
- योजनाबद्ध शैक्षिक विकासमा सबैको साझेदारी र सरोकारवालाको स्वामित्व हुनुपर्ने
- जिल्लाको शैक्षिक विकासका लागि अधिकारप्राप्त जिम्मेवार निकायको व्यवस्था हुनुपर्ने
- जिल्लाका अल्पकालीन र नियमित कार्य सम्पादन गरी अघि बढ्नुपर्ने
- सुशासनको प्रत्याभुतिद्वारा सरोकारवालाको विश्वास आर्जन गर्नुपर्ने
- सरकारी लगानीको उच्चतम प्रतिफल प्राप्त गर्दै अन्य स्रोतबाट लगानी जुटाउनुपर्ने तथा सरकारबाट उपलब्ध स्रोतसाधनको न्यायोचित वितरण प्रणालीको विकास हुनुपर्ने
- शैक्षिक प्रशासनले निष्पक्ष, पारदर्शी र अनुशासित भएको प्रमाणित गर्नुपर्ने
- राजनैतिक हस्तक्षेपमुक्त शैक्षिक प्रशासनको विकास् गरी सबै राजनीतिक दल र सरोकारवालासँग उच्च समन्वय हुनुपर्ने
- स्थानीय आवश्यकतामा आधारित नीति र कार्यक्रम निर्माण गरी लागु गर्नुपर्ने
- जिल्लाको उपयुक्त भौगोलिक क्षेत्र चयन गरी दक्ष जनशक्ति उत्पादन गर्नसक्ने शैक्षिक संस्थाको स्थापना गर्नुपर्ने र यसलाई उत्पादनसँग सम्बन्धित गर्नुपर्ने
- विद्यार्थी संख्या र भौगोलिक विकटतामा आधारमा दरबन्दी कायम गरी शिक्षकको कार्यबोझ घटाउने तथा विभिन्न अवसरहरूबाट लाभान्वित गराई मनोबल उच्च बनाउनु पर्ने
- नियमित स्थायी पदपुर्ति एवम् बढुवा सुनिश्चित गरी नियुक्ति, सरुवा, बढुवा र अवसर प्राप्ति निष्पक्ष बनाउनुपर्ने
- शिक्षकले समय सापेक्ष रुपमा योग्यता, दक्षता र कार्यकुशलता अभिबृद्धि गर्ने अवसर पाउनुपर्ने
- विद्यालय सबैप्रकारको राजनैतिक हस्तक्षेपमुक्त हुँदै शान्तिक्षेत्र बन्नुपर्ने
- राजनैतिक दलले होइन दलहरूले शैक्षिक सुधारको जिम्मेवारी र शैक्षिक विकासको स्वामित्व ग्रहण गर्नुपर्ने
- निजी शैक्षिक संस्थाको विकासका लागि जिल्लाको साझा दृष्टिकोण बनाएर नियमन र विकासको नीति अवलम्बन गर्नुपर्ने
- कार्यसम्पादन मूल्याङ्गन प्रणालीलाई विश्वसनीय र वैध बनाउँदै दण्ड र पुरस्कारको नीति अवलम्वन गरिनु पर्ने
- सरोकारवालको विश्वास आर्जन गर्न ठोस कार्यहरू गरेर देखाउनु पर्ने
- जिल्लाको उच्च र प्राविधिक शिक्षाको खाँचो पूरा गर्न सक्ने शैक्षिक संस्थाको स्थापना र विकासका लागि कार्ययोजना बनाई कार्य आरम्भ गर्नपर्ने
- प्रारम्भिक बाल विकास केन्द्रलाई नियमित शिक्षासँग एकात्मक गर्न र निःशुल्क माध्यमिक शिक्षा लागु गर्न योजनाबद्ध प्रयासको थालनी गर्नुपर्ने
- जिल्ला शिक्षा कार्यालय प्रक्रियागत जटिलता र दैनिक प्रशासनिक कामकाजमा मात्र अल्झने अवस्थाको

अन्त्य गरी सिर्जनात्मक काममा लाग्नुपर्ने

- वि.व्य.स. को दक्षता अभिबृद्धि गरी विवाद रहित कार्य सम्पादन क्षमता विकास गर्ने
- निम्नवर्गीय जनताका लागि विभिन्न शैक्षिक कार्यक्रम परिचालन गर्नुपर्ने
- शिक्षालाई लैङ्गिकमैत्री बनाउँदै बालमैत्री सिकाइ वातावरणको विकास गर्नुपर्ने
- विद्यालय भर्नादर र उत्तीर्णदर शतप्रतिशत पुयाउन विशेष कार्यक्रम लागु गर्नुपर्ने
- राष्ट्रिय साक्षरता अभियानदेखि नियमित शिक्षासम्म गुणस्तर कायम गर्नुपर्ने
- स्पष्ट, विश्वसनीय, मापनीय र वैध शैक्षिक तथ्याङ्क तयार गर्नुपर्ने
- जिल्लाको शैक्षिक गुरुयोजना अनुसार आवधिक योजना र वार्षिक कार्ययोजना निर्माण गरी कार्य गर्नुपर्ने
- शैक्षिक समस्या समाधानका लागि जिल्लामा नीतिगत सुधार, संगठनात्मक सुधार, व्यवस्थापकीय सुधार र प्रक्रियागत सुधार गर्दै आर्थिक तथा भौतिक व्यवस्थापन पक्षलाई मजबुत बनाउनु पर्ने

यसरी जिल्लाको अल्प अध्ययनबाट देखिएका शैक्षिक समस्याहरू सरोकारवाला समक्ष राख्ने र ती समस्याहरू सधाधानका लागि उपयुक्त उपाय समेत पस्कने प्रयास भएको छ। शैक्षिक सुधार जिल्लाको टड्कारो आवश्यकता हो। शैक्षिक समस्याहरूको निराकरण अवसार र चुनौती दुवै हो। शैक्षिक विकासको केन्द्रबिन्दु सरकारको नीति, शैक्षिक प्रणाली र पाठ्यक्रम जे भए पनि समस्या समाधान सामाजिक मूल्य मान्यता, चाहना, आवश्यकता र संस्कृतिमा आधारित हुनु पर्दछ। जिल्लाको भू-राजनीतिक बनोट, समावेशीकरण, आर्थिक एवम् सामाजिक परिवर्तन, समयको गतिशीलता, अन्तर्राष्ट्रिय प्रभाव, स्थानीय परिवेश, जनताको र समाज विकासको गतिले शैक्षिक सुधारलाई प्रभावित गरेको हुन्छ। तसर्थ यस लेखमा समस्या समाधानका लागि प्रस्तुत गरिएका उपायहरूलाई व्यवहारमा उतार्न सामुहिक जिम्मेवारी, साझा अठोट र संयुक्त स्वामित्व ग्रहण गर्दै योजनाबद्ध शैक्षिक विकासलाई अगाडि बढाउने इमान्दार प्रयास गर्ने हो भने आगामी केही वर्षमा क्रान्तिकारी परिवर्तन हुने विश्वास गरिएको छ। यसमा उल्लिखित विचारहरू अनुसन्धानमा आधारित नभएर लेखकका नीजी अनुभवमा आधारित हुन तापनि विल्कुलै असान्दर्भिक भने छैनन्। जिल्लाका समस्याहरू काँटछाँट वा घटबढ बनाउन सकिएलान्, समस्या समाधानका उपायहरू थपघट हुन सक्लान् तर परिणाममुखी परिवर्तनको खाँचो पूरा गर्ने कुरामा कसैको विमति रहँदैन। मेरो प्रयास सरोकारवालाहरूको चासो बढाउनु हो। यस क्षेत्रसँग जन्म र कर्मले साइनो गाँसिएकाहरूको हौसला बढाउनु हो। यस जिल्लाको शैक्षिक विकासमा एउटा इँटा थप्ने मेरो चाहना अभिव्यक्त गर्नु हो। धन्यवाद !

## सन्दर्भ सामग्री

गिरी, केदारकुमार, (२०६६), *शिक्षाको पुनसंरचना अवसर र चुनौती* (अप्रकाशित कृति)।

बराल, खगराज, (२०६७). *शिक्षा व्यवस्थापनका नवीन आयाम।* सोपान मासिक।

जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गा, *अभिलेखहरू।*

# युगकवि सिद्धिचरण श्रेष्ठ र उनको काव्यिक अनुभूति

होमप्रसाद ‘गृहस्थी’
सह प्राध्यापक
महेन्द्ररत्न क्याम्पस, ताहाचल

नेपाली भाषामा पहिलो सामाजिक उपन्यास लेख्ने उपन्यासकार विष्णुचरण श्रेष्ठ तथा नीलकुमारी श्रेष्ठका सुपुत्र युगकवि सिद्धिचरण श्रेष्ठको जन्म वि.स. १९६९ साल जेठ ९ गते भएको हो । पिता बिष्णुचरण श्रेष्ठ त्यो बेला ओखलढुङ्गा मालको खरदार भएका हुँदा सिद्धिचरणको जन्म ओखलढुङ्गा बजारमा भएको थियो । ६ वर्षसम्मको बाल्यकाल ओखलढुङ्गामै व्यतीत गरेका श्रेष्ठले पछि काठमाडौँमा रहेको पैत्रिक घरमा आएर बस्न थालेका हुन (शर्मा, २०६७, पृ १) सिद्धिचरण श्रेष्ठले वि. सं. १९७८ देखि वि. सं. १९८९ सम्म दरवार स्कुलमा औपचारिक शिक्षा प्राप्त गरेका थिए । उनको विवाह वि.सं. १९८६ सालमा मिस्त्रीकुमारीसित भएको हो (शर्मा, २०६७१) साहित्य साधनामा संलग्न विष्णुचरणको लालनपालन र सानिध्यतामा हुर्किएका सिद्धिचरण श्रेष्ठ आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी धाराका एक अग्रणी र यशस्वी प्रतिभा हुन पुगे । (त्रिपाठी, २०४५, पृ १) सिद्धिचरण श्रेष्ठको पहिलो कविता सन्ध्या हो, यो उनले कक्षा ५ मा पढ्दै गर्दा वि.सं. १९८४ सालमा लेखेका थिए । वि.सं. २०२१ सालमा ‘कोपिला कविता सङ्ग्रहमा प्रकाशित भएको यो कविता लेखनका दृष्टिले मात्र पहिलो हो । प्रकाशनका दृष्टिले वि.सं. १९९० सालको महा भूकम्पबाट प्रेरित भएर लेखिएको भुइँचालो कविता पहिलो हो । यो कविता तत्कालीन गोरखापत्रमा प्रकाशित भएको छ (त्रिपाठी, २०४५, पृ १) सिद्धिचरण श्रेष्ठलाई व्यापक रुपमा परिचित गराउने कविता प्रकाशनको माध्यम चाहि शारदा पत्रिका नै हो । यसै पत्रिकाको प्रथम अङ्गमा वि. सं. १९९१ चैतमा प्रकाशित प्रातः कालीन किरण बाट उनको कवित्व प्रतिको सार्वजनिकीकरणको वास्तविक क्रम थालिएको हो (त्रिपाठी, २०४५, पृ २) उक्त कविताका केही अंश उदाहरणका लागि यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

> किरण स्वर्णमयी वसुधा अहो !
> प्रकृतिको रसवेग अहो ! अहो !
> सुख यहाँ यतिको किन छर्दछौ
> छ कसलाई रिझाउन आज लौ?
> किरण नृत्य छन् तन सुन्दर
> समय नूतन भावछ नूतन
> म पनि नूतन जीवन भारले
> ढलमलिकन नाच्नु पर्यो कि के ? (श्रेष्ठ, २०४५, पृ ७)

यस कवितामा रातको कालिमालाई बिदा गरेर झुल्किएको प्रातः कालीन किरणले धर्तीलाई सुवर्णमय बनाएकाले यो प्राकृतिक सौन्दर्यको रसस्वादन पाएर चराचुरुङ्गीदेखि सबै प्राणीहरू हर्ष र उमङ्गमा डुबेको देखेर कवि आफूलाई पनि ढलमलिएर नाचौं कि भन्दै हर्ष उल्लासका साथ भावनात्मक उमङ्ग व्यक्त गर्छन ।

सिद्धिचरण श्रेष्ठलाई चर्चित गराउने अर्को कविता हो ओखलढुङ्गा यो कविता वि. सं. १९९२ सालमा प्रकाशित भएको छ। स्वच्छन्द रुपबाट प्रकृतिको चित्रण गरेर लेखिएको यस कविताले राष्ट्र र राष्ट्रियताको प्रखर अभिव्यक्ति प्रकट गरेको पाईन्छ । जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी भन्ने उक्तिलाई सार्थक पार्दै कवि श्रेष्ठले जन्मथलो ओखलढुङ्गाको मार्मिक किसिमले वर्णन गरेका छन्। यस सन्दर्भमा डा. तारानाथ शर्मा भन्छन सिद्धिचरण श्रेष्ठलाई चर्चाको विषय बनाउने लयात्मक कृति हो मेरो प्यारो ओखलढुङ्गा । काठमाडौंको राणाकालीन पर्यावरणमा गुम्सिनुपर्दा आफूले बाल्यकाल बिताएको शान्त ओखलढुङ्गालाई सम्झिएर एकछिन भए पनि मुक्तिको सास फेर्न खोज्ने रोमान्सेली पलायनवाद नै यस कृतिको प्रेरक तत्व हो (शर्मा, २०५६, पृ ९५) देशप्रेम र प्रकृति चित्रणका दृष्टिले उत्कृष्ट रुपमा यस कवितालाई लिन सकिन्छ। यसमा कवि सिद्धिचरण श्रेष्ठको भित्री आत्मा बोलेको छ। चारचार हरफका आठ श्लोकमा विभाजित गरिएको यस कविताका हरेक श्लोकका अन्त्यमा मेरो प्यारो ओखलढुङ्गाको पुनरावृत्ति भएको छ। कविताको प्रारम्भमा नै कवि भन्छन-

> तिम्रै सुन्दर हरियालीमा
> तिम्रै शीतल वक्षस्थलमा
> यो कविको शैशवकाल बित्यो
> हाँस्यो खेल्यो वनकुञ्ज घुम्यो
> मेरो प्यारो ओखलाढुङ्गा। (श्रेष्ठ, २०४५, पृ ९)

सानो छँ दा आफूले बाल्यकाल बिताएको ओखलढुङ्गालाई सम्झिएर काठमाडौं बसेका सिद्धिचरण श्रेष्ठले संस्मरणात्मक रुपमा लेखेको यो कविता निकै मार्मिक छ। धुवाँ, धूलो र कोलाहलको चपेटाबाट मुक्त पाखापखेराको हरियालीयुक्त, चरा चुरुङ्गीहरूको मनमोहक आवाजले गुञ्जिएको शीतल र शान्त ओखलढुङ्गामा हाँसखेल गरेर वनपाखा चाहार्दै हर्ष उल्लासका साथ बाल्यकाल बिताएको कुरा सम्झिएर कविका मन र मुटुभरी ओखलढुङ्गाको प्रेम उम्लिएर आउँछ, कवि श्रेष्ठ त्यही कुरा ओखलढुङ्गा कवितामा व्यक्त गर्छन । नेपाली कवितामा रोमान्टिक धारालाई अगाडि बढाउन सक्रिय उनी यस कवितामा जीवन र प्रकृतिको महिमा गाउँछन् । रङ्गीचङ्गी शहरको कृत्रिम वातावरणबाट वाक्क भएका कवि सिद्धिचरण प्रकृतिको स्वच्छन्दतामा रमाउन खोज्छन्। उनलाई शहरको वैभव भन्दा गाउँको उन्मुक्तता नै रमणीय लाग्छ। वन, पाखा, छाँगा, छहरा, रुख, लहरा, पात पतिङ्गर लगायत हरिया रुखका डालीमामा लुकेर कोइलीले गाएको सुमधुर स्वरको स्मरण गर्दै त्यस ठाउँमा आफ्नो उपस्थिति खडकिएको महसुस कविलाई भएको छ। बाटोमा पर्ने तामाकोशी, सुनकोशी, रोशी जस्ता नदीहरूको पनि उनले उल्लेख गरेका छन् । अन्त्यमा कविले जीवनभर कहिल्यै नबिर्सने जन्मभूमि ओखलढुङ्गालाई छाडेर कृत्रिम रमझमले भरिएको काठमाडौं शहरमा नियतिले पुऱ्यायो तापनि ओखलढुङ्गाकै आकृति हृदयभरी लेखिएको हुनाले खेद भने मानेका छैनन्। जन्मभूमि ओखलढुङ्गाको माया, मोह र स्मरणमा चुर्लुम्म डुबेर लेखिएको यस कवितामा कविको शास्वत अनुभूति व्यक्त भएको छ। राष्ट्र र राष्ट्रियता प्रति अगाध प्रेम पोखिएको यस कवितामा स्वच्छन्द रोचक र मनमोहक तरिकाले स्वतस्फूर्त रुपबाट व्यक्तिएको प्राकृतिक सान्दयका कलात्मक अभिव्यक्ति पाइन्छ।

वि.सं. १९९० देखि वि.सं. १९९७ सम्मको अवधिमा सिद्धिचरण श्रेष्ठका कविताहरू प्रचुर मात्रामा प्रकाशित भएका पाइन्छन् । यो समयमा उनको कविता लेखनको बाढी नै आएको देखिन्छ । आधुनिक नेपाली कविताको

स्वच्छन्दतावादी प्रगतिवादी धाराका अग्रणी लेखकका रुपमा चर्चित उनी यो युगीन वातावरणबाट निकै क्रुद्ध बनेका छन् । राणाशाहीबाट पिल्सिएका जनताको अवस्था देखेर उकुस मुकुस भएका सिद्धिचरणले अन्यायको विरोधमा उद्यत गराउने चम्क युवक, वर्ण, विश्व व्यथा जस्ता क्रान्तिकारी कविताहरू पनि लेखे जसले गर्दा उनले सर्वस्वहरण सहित वि.सं. १९९७ साल देखि वि.सं. २००२ साल सम्म ५ वर्ष जेल जीवन बिताउनु पयो । राणाशाही विरुद्धको युद्ध लडेर देशलाई स्वतन्त्र बनाउने अभिलाशा बोकेका उनले युवाहरूलाई समेत घचघचाएका छन् । यस सन्दर्भमा लेखिएको उनको वि.सं.१९९५ सालको चम्क युवक चम्क अन्तर्गतको यो कवितांशलाई हेरौं -

अघिसर अघिसर साहस जोड
काँतर पनली प्राण नछोड
पाइन बलको अब देखाऊ
वैरीलाई मार भगाऊ
चम्क युवक ! अब चम्क न चम्क
छाती फुकाई लम्क न लम्क । (श्रेष्ठ, २०४५, पृ ५९)

यो कविताले मानिसका हृदयमा जोश उमार्छ, मन्द किसिमले चलिरहेको रगत उम्लिएर आउँछ । जीवन कच्चा छ, मानिस मरणशील भएकाले एकदिन पक्कै मर्नु पर्छ तर देश र जनताका लागि बाधक रहेका वैरीलाई सखाप पार्न सकियो भने लाखौं ‘वर्ष बाच्नु भन्दा दुईघडी मात्रै बाँचियो भने पनि त्यो जीवन अमर हुन्छ । त्यसकारण युवाहरू हो चम्क न चम्क तिमीहरू नै शक्तिशाली छौ, तिमीहरू कै आशा र भरोसामा देशका पीडित जनताहरू निर्भर छन्, भन्ने किसिमका कुराहरू यस कवितामा कवि श्रेष्ठले व्यक्त गरेका छन् । सिद्धिचरण श्रेष्ठले पुत्र वियोगको छटपटीमा लेखेको विश्वव्यथा (विं.सं. १९९६) को शारदा पत्रिकाको विभिन्न अङ्गहरूमा छापिएको छ । विश्वव्यथा कविताको सातौ भागको एक अंश यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन आउछ ।

काला काला जड़ी दाहा ईर्ष्याका तीखा दाहा
निल्न मलाई खोज्छन् यहाँ लौ लौ लौ हा हा हा हा
भाग सबै जन दुर मबाट या सबमिलि मार मलाई
नत्र कुनै दिन भैरव बन्दै नाच्छु म नरमुण्ड लगाई । (श्रेष्ठ २०४५, पृ ३४२)

यस किसिमको विद्रोहात्मक कविता लेखेर अन्यायका विरोधमा लागेका युवा ( युवतीहरूलाई बल पुर्याउने सिद्धिचरण श्रेष्ठलाई त्यस समयको राज्य सरकारले आँखाको तारो बनायो । अझ उनको कवित्व चेत त्यो समय सशक्त बन्दै गएको थियो । शाणाहरूको विरोधमा लेखिएको त्यस कवितामा युगौदेखि मानिसहरू आँखाबाट नदी बगाएर बाँचिरहेका छन् । ज्यानको कुनै ग्यारेन्टी छैन, साँझ बिहान जुन समयमा पनि शिरमा खुकुरी वर्षिन सक्छ । यस्तो अवस्थामा राणाशाहीको दमनलाई शिरोधार्य गर्दै अरु मानिस भै ज्युँदै मरेर के बाच्नु मबाट सबैजना मर या मलाइ नै मार्छौं भने पनि मार नत्र भने कुनै दिन नरमुण्ड लगाएर भैरव बन्दै म नाच्ने छु भन्ने कुरा कवि श्रेष्ठले विश्वव्यथा को सातौं भागमा व्यक्त गरेका छन् । त्यसैगरी उक्त कविताको आठौं भागको अन्तिम दुई हरफमा कवि यसो भन्छन् –

आज नखाऔँ नसुतौँ आओ सब मिली हडताल मचाऔं
कसरी चल्ला विधिको सृष्टि लौ त्यसको पाइन हेरौं । (श्रेष्ठ, २०४५, पृ ३४३)

यो पङ्क्तिले त झन राणाहरूलाई चुनौती नै दिएको छ। यसबाट उनीहरूको पतन हुने निश्चित छ भन्ने कुरा कवि श्रेष्ठले त्यसै समयमा बताइसकेको देखिन्छ। सिद्धिचरण श्रेष्ठ स्वयम्को भनाइ छ कविताहरू युग र समयले पुराना हुदैनन्, तिनीहरू जहिले पनि ताजा र नयाँ नै हुन्छन्। (श्रेष्ठ, २०६३ : ग) वास्तवमा कविहरूको दूरदृष्टि शास्वत हुन्छ, उनीहरू पछि हुने सम्भावित कुरालाई अगाडि नै अभिव्यक्त गर्न सक्छन्। विश्वव्यथा कविताले मानव वीरहरूलाई कोट्याएको कुरा डा. नारायण शर्माले गरेका छन्। उनका नेपाली हुँ कठिन गिरीमा चढ्नलाई सिपालु (१९९५) कविता अझ उत्कृष्ट छ। (शर्मा,२०५६, पृ ९५)। यस कविताले सिद्धिचरण श्रेष्ठको अगम्य साहस व्यक्त गरेको छ। नेपालीहरूको गौरव गाथालाई उच्च पार्ने हिम्मत बढाएको छ। उक्त कविताको एक श्लोक उदाहरणका लागि हेरौं -

नेपाली हुँ कठिन गिरिमा चढ्नलाई सिपालु
वैरी नै होस तर छु बहुतै दीनमाथी दयालु
तातो रातो रगत रिपुको प्युनलाई तयार
मेरो मेरो प्रिय खुकुरी यो हेर भै होसियार। (श्रेष्ठ, २०४५, पृ ५४)

यस कवितामा पनि कवि श्रेष्ठले अन्याय र अत्याचारको विरोध गरेका छन्। सबैको रक्षा गर्ने सुशिक्षा र आखिरी समयसम्म अरुको हीत गर्ने खालको दीक्षा प्राप्त गरेर अत्याचारीहरूको मृत्यु पर्यन्त विरोध गर्ने प्रतिबद्धता यसमा व्यक्त भएको पाइन्छ। शत्रुहरूले विभिन्न यातना दिन खोजेर बाटो रोके पनि आत्मा अमर भएकोले कहिल्यै दया नगरेर त्यसको माथनै ताकेको कुरा कवि श्रेष्ठ बताउछन्। उनका विचारमा यो शरीर मरणशील भएकोले एक बाजी मर्नै पर्छ, त्यसकारण शत्रुका अगाडि घुँडा टेकेर भाग्नु हुदैन तर दीन दुःखी छ भने वैरी नै भए पनि दया गर्नु पर्छ। आइलाग्ने प्रति जाइलाग्ने हामी नेपालीहरूको स्वभाव हो। हाम्रो प्यारो खुकुरी नै विजयका लागि पर्याप्त छ। त्यसकारण हामीलाई कसैले नहेप भन्ने खालको कुराहरू यस कवितामा व्यक्त भएका छन्। त्यसैगरी सिद्धिचरण श्रेष्ठद्वारा लिखित मेरो प्रतिबिम्ब कविताले पाटी र नेताहरूको दुश्चरित्रलाई उजागर गरेको छ। चार हरफका श्लोकहरुमा लेखिएको यस कविताका हरेक श्लोकको अन्त्यमाको त्यो पथमा आईरहेको ? हरफ थपिएको छ र त्यसको पूनरावृत्ति भएको छ। कवि प्रश्न गर्छन् केही हारे भै केही बिर्से भै कुकुर जस्तै लुरुलुरु हिड्ने वीर र त्यहाँ बोकेको दुब्लो बालबालिकाहरूको खेलौना जस्तो को त्यो पथमा आइरहेको ? यस सन्दर्भमा कविको कवितालाई नै अगाडि सारौं

सत्य नचिन्ने झूट अँगाल्ने
गिर्दै तल तल म उठें भन्ने
वातावरण नै दूषित पार्ने
वर पर हेरी देख्न नसक्ने
को त्यो पथमा आइरहेको ? (श्रेष्ठ, २००५, पृ ९७ )

समाजमा विस्तारै विकृति आउन थालेको देखेर कवि श्रेष्ठको मनमा खुल्दुली चल्छ। सही कुरालाई नचिनेर झूटो कुराको पछिलाग्ने तथा अवनति तर्फ लाग्दै गर्दा पनि उन्नति सम्झने, अरुको प्रगतिमा डाहा गर्ने र वाताबरणलाई नै खल्बल्याउने स्वभाव प्रति लक्ष्य गरेर कविले यस कवितामा त्यस खालको व्यक्तिको निन्दा गरेका छन। त्यस्ता मानिसलाई उनले आकृति भए पनि रुप नभएका बोले पनि त्यसको अर्थ नरहने र मानिस भए पनि आत्म नभएको ठानेका छन्।

आज जातीय भेदभावको कुरा चलिरहेको छ। जातीय भेदभाव अन्त्य हुनुपर्छ भन्ने कुरालाई लिएर नेताहरू कुर्लिरहेका छन् तर सिद्धिचरण श्रेष्ठले पहिले नै यो आवाज निकाली सकेका हुन् । वि.सं. २०१२ सालमा प्रकाशित अछुत कविताको एक श्लोक हेरौं

के ल्यायौ यो आफ्नै भाइ बहिनीकन पनि नछुवाई
भो फर्काऊ तिम्रो पूजा यस्तो चाहिन्न मलाई।
कसरी मेरो पूजा गर्छौ गरि घृणा
आफ्नैलाई कसरी मेरो मन्दिर पस्छौ थुनेर ढोका अरुलाई। (श्रेष्ठ, २०४५, पृ १९७)

शहरका कैयौं मानिसहरू मोजमस्ती गरिरहेका छन्। तर त्यसै शहरको एक छेउमा रहेको पाटीमा गरिब व्यक्ति खान नपाएर रोइरहेको छ । भित्र गाडीएका गहिरा आँखाबाट आँसु बहाउदै भोकले छटपटाएर उसले आफ्नो दर्द व्यक्त गरिरहेको छ। उसको सञ्चित भएको त्यो कठोर भन्दा अझ कठोर क्षणमा अभिव्यक्त भएका दुःखदायी आवाजहरू कैयौं मानिसका कान कानमा चाहार्दै आकाशमा दौडी रहेछन्। पहाडबाट झरेका छहराभै उसका आँसु झरेका छन। त्यो भाग्यहारा अभागी भीक माग्दा माग्दै थाकी सकेको छ तैपनि उसलाई दया गरेर एक मुठी खान दिने मानिस छैनन्। कविलाई यस किसिमका गरिब व्यक्तिका माध्यमबाट युगको बेथिति उम्लिरहे जस्तो लाग्छ। करुण किसिमका उसका भनाईहरू जति अभिव्यक्त भए पनि कसैबाट सहायता नपाएर निराश भएको अवस्थामा दर्दपूर्ण उसका आवाजहरू कतैबाट पनि रोकिनु हुन्न भन्दै गरिब दुखीलाई वास्ता नगर्ने तर मुर्ति पूजा गर्न हिड्ने व्यक्तिहरू प्रति श्रेष्ठको असहमति रहेको छ। धर्ती माताको पक्ष पातलाई पनि उनले सङ्केत गरेका छन् । कतै आवश्यकता भन्दा बढी दिने र कतै आवश्यकताकै पुर्ति नगरिदिने धर्तीमातालाई कविले अपमान र घृणाका साथ हुर्किएको त्यो गरिब व्यक्तिलाई सहयोग गर्ने सल्लाह दिएका छन्। यसरी नेपालीहरूको मात्र होइन विश्वकै गरिब व्यक्तिहरू प्रतिको वास्तविकता चित्रण गरेर लेखिएको यो कविता मार्मिक खालको छ।

महान व्यक्तिहरू कहिल्यै पनि आफूलाई ठूलो ठान्दैनन्। आफूले जति राम्रा काम गरेपनि तुच्छ नै सम्झन्छन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाले नै अन्त्यमा आखिर श्रीकृष्ण रहेछ एक न भक्तिभो ज्ञान नभो बिबेक भनेर आफ्नो जीवन भरका सम्पूर्ण कार्यहरू तुच्छ ठानेका थिए। युगकवि सद्धिचरण श्रेष्ठले पनि वि.सं. २०४० सालको आत्म विलौना कवितामा पश्चाताप मान्दै आफू बिग्रेको र सबैतिर भताभुङ्ग भएको गुनासो व्यक्त गरेका छन्। कवितांशलाई नै हेरौ

म भत्के हा बिग्रे
सबतिर भताभुङ्ग हुन गो
उडी कालो पिरो विषमय धुवाँ टम्म भरियो
को हुँ को हुँ को सुझबुझ
सबै लुप्त हुन गो हरे गोता खाएँ
अब त कहनै मुश्किल भयो। (श्रेष्ठ, २०६३, पृ १)

यो कविताले बाटो बिराएर आफ्नो स्वार्थमा लागेको व्यक्तिहरूलाई वास्तविकता बोध गराएर सुधारात्मक दिशातिर लाग्ने सन्देश दिएको छ । यसैलाई खण्डकाव्यका रूपमा वि.सं. २०३६ सालमा युगकवि सिद्धिचरण प्रतिष्ठानले

प्रकाशित गरेको छ । आफू को हुँ भन्ने कुरा भुलेर हामीहरू विषयमा लम्पट भएर गिर्दै गएका छौं । जसरी माछो मासुको लोभमा परेर बल्छीमा फस्छ त्यसैगरी हामी पनि आफ्नो कर्तव्यलाई भुलेर लोभमा फसेका छौं । मानव जीवन पाउनु धन्य हो त्यसैले मानव भएर बाँचौ भन्ने किसिमको भावना यस कवितामा व्यक्त भएको पाइन्छ । नेपाल कवितामा कवि श्रेष्ठले देश प्रेमको महत्वपूर्ण अभिव्यक्ति व्यक्त गरेका छन् । यो कविता २०३९ सालको हो । ३४ श्लोकमा विभाजित भएको यस कवितामा मार्मिक किसिमबाट प्रकृति चित्रणका साथ स्वच्छन्द रूपले आफ्नो देश र जनता प्रति उर्लिएको प्रेम युगकवि सिद्धिचरण श्रेष्ठले पोखेका छन् । उक्त कविताको एक श्लोक यहाँ प्रस्तुत छ -

> क्यारुँ म यो देश निमित्त क्यारूँ !
> नाचूँकि गाऊँ कि गला मिलाऊँ !
> सहर्ष काटी शिर नै चढाऊँ !
> या श्वास जम्मै यसमै मिलाऊँ ! (श्रेष्ठ, २०४५, पृ ३१४)

देश प्रेममा चुर्लुम्म डुवेका कवि देशको विकासका निम्ति उद्दत छन् । उनमा आफ्नो राष्ट्र प्रतिको अगाध प्रेम उर्लिएर आएको छ । आफू बाँचेको धर्तीलाई सुन्दर पार्ने सन्दर्भमा के गरौं न कसो गरौँ जस्तो भएको छ । देश र जनताका लागि मरिमेट्ने भावनाबाट ओतप्रोत भएका कवि श्रेष्ठ नेपाल आमाको मुहार हँसाउन चाहन्छन् । आफ्नो प्राणभन्दा पनि उनका निम्ति आफ्नो देश प्यारो छ । यही अनुभूतिले सिंगारिएको यो कवितामा कविको अन्तरात्मा मुखरित भएको छ ।

सिद्धिचरण श्रेष्ठका हालसम्म ५०० जति फुटकर कविताहरू प्रकाशित भएको बुझिएको छ । दुई दर्जन जति नेपाली भाषामा लेखिएका पुस्तकहरू छन् । एक दर्जन नेवारी भाषामा लेखिएका पुस्तकहरू प्रकाशित छन् । त्यसैगरी अंग्रेजी भाषामा लेखिएका SiddhiCharan Vers Selected Poems Siddhi Charans Memories of Jail दुई पुस्तकहरूमा प्रकाशित छ । प्रायः स्वच्छन्द रुपबाट कवि श्रेष्ठले आफ्नो विचारहरूलाई प्रगतिवादी दृष्टिकोणले व्यक्त गरेका छन् । घटराज भट्टराईले पनि वि.सं. १९९१ पछि सिद्धिचरण श्रेष्ठ जस्ता प्रतिभाशाली कविहरूले स्वच्छन्दतावादी काव्यधारा अगाडि बढाउन थालेको कुरा गरेका छन् ।

समालोचक कृष्णचन्द्र सिंह प्रधान को भनाइ छ कवि सिद्धिचरणको सहजता उनको आफ्नै वैशिष्ठय हो (प्रधान २०४९) गणेश बहादुर प्रसाईं लेख्छन् प्रगतिवादी कविताको रुपमा उनको जुन अग्रगम्य स्थान छ त्यसलाई स्वच्छन्दतावादी काव्य धाराका अन्य कविले हाँक दिन सकेको पाइदैन, त्यसैले उनी एउटा विशिष्ट युगका श्रष्टा कवि हुन (प्रसाइँ, २०६३, पृ ६) युग कवि सिद्धिचरण श्रेष्ठ स्वर्णसताब्दी वर्ष २०६८/०६९ का सन्दर्भमा महाकवि मोदनाथ प्रश्रितको भनाइ छ यथार्थवादी भावभूमि र प्रगतिवादी चिन्तनको प्रतिष्ठापनमा पनि उहाँको विशिष्ठ योगदान रहेको छ । यसरी नेपाली कविता विधामा उहाँ युगकविको रुपमा प्रस्तुत हुनुभएको छ । देशको आधुनिक र राष्ट्रिय जीवनको पुनर्निर्माणमा उहाँले काव्य साधनाको माध्यमद्वारा युगान्तकारी भूमिकाको निर्वाह गर्नु भयो । त्यस्तै नेपालका लागि राष्ट्रिय एकता र राष्ट्रिय भावनाको संरक्षण र संवर्द्धनमा युगकवि सिद्धिचरण श्रेष्ठको योगदान हामी सम्पूर्ण नेपालीका लागि चिरस्मरणीय रहेको छ (प्रश्रित, २०६८/०६९) डा. तारानाथ शर्मा लेख्छन कवि सिद्धिचरण श्रेष्ठको राष्ट्रप्रेम प्रति म औधि आकर्षित थिए र अभ छु । मेरा पिताकै हाराहारीका युगकविका आफ्नै मुखबाट क्रान्तिकारी प्रेरक उद्गारहरू र राष्ट्रियताका ज्वलन्त उदाहरण युक्त कविताहरू सुन्न पाएर म सधैं धन्य हुन्थें (शर्मा, २०६७, पृ १३) राष्ट्रकवि माधव प्रसाद घिमिरेले पनि सिद्धिचरण श्रेष्ठलाई मनपर्ने कविको लहरमा राखेका छन् । उनको भनाइ छ

नेपालमा लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ, कालिदास, वाल्मीकी र व्यास, वंगालीका रविन्द्रनाथ, फारसीका निजामी, लेवनानका खलिजियान, अंग्रेजका ओर्सद सबैभन्दा मनपर्ने कवि हुन । युगकवि सिद्धिचरण श्रेष्ठ जीवित छँदा मेरो कविता सुनेर अत्यन्त हर्षित हुनुहुन्थ्यो, कविता बुझ्नेमा उहाँ पहिलो नँबरको कवि भने पनि हुन्छ (घिमिरे, २०६७, पृ ११)

राष्ट्रकवि माधवप्रसाद घिमिरेको भनाइबाट सिद्धिचरण श्रेष्ठ कवि मात्र होइनन् कवितालाई बुझ्न सक्ने विद्वान् पनि थिए। कवि हुदैमा कविताको मर्म बुझ्न सकिन्छ भन्ने छैन। संस्कृतमा भनिएको छ कविर्करोति काव्यानि रस जानाति पण्डित अर्थात् पग त जनाए वास्तविक अर्थ (पण्डित) विद्वान्ले मात्र जान्दछ । युगकवि सिद्धिचरण श्रेष्ठ मूलभूत रुपमा स्वच्छदतावादी प्रगतिवादी कवि भए पनि उनले प्रकृतिको सजीव चित्रण गरेका छन्। वि.सं. २००२ सालमा जेलबाट छुटे पछि उनी क्रमशः सामाजिक यथार्थवाद तिर ढल्किन थालेको अनुभव गर्न थालिएको थियो। वि.सं. २००८ सालदेखि त उनले त्यही मार्गमा लाग्ने घोषणा समेत गरेको प्रमाण फेला परेको छ (प्रसाइँ, २०५९) जेहोस् सिद्धिचरण श्रेष्ठ आधुनिक नेपाली कविताको परम्परामा युग पुरुषका रुपमा प्रस्तुत भएका हुँदा त्यसै तथ्यलाई ध्यानमा राखी नेपाली जनमानसले स्वतःस्फूर्त रुपमा उनलाई युगकविको उपाधिद्धारा सम्मान गरेका हुन्। सिद्धिचरण श्रेष्ठले गोरखापत्र, शारदा, कविता जस्ता पत्र-पत्रिकाको सम्पादन पनि गरेका थिए। वि.सं. २०१४ सालमा खुलेको रोयल नेपाल एकेडेमीका आजीवन सदस्य, त्रिभुवन पुरस्कार (२०२७) पृथ्वी प्रज्ञा पुरस्कार (२०४६) वेदनिधि पुरस्कार (२०४६) सम्म प्राप्त गरे तापनि उनले जुन किसिमबाट राष्ट्र र राष्ट्रियताप्रति आफूलाई समर्पित गरेर नेपालकै गौरब बढाउने काम गरे त्यसको कदर गरेर राष्ट्रिय स्तरबाट मान, सम्मान, पद, पुरस्कार दिन अ कञ्जुस्याँइ भएको हो कि भन्ने कुरा हामी सबैले महसुस गर्नै पर्छ। विधिको विधान कसैले टारेर टर्दैन उनलाई दैवले वि.सं. २०४९ जेठ २२ गते लग्यो तापनि उनका असङ्ख्य कृतिहरूले उनलाई सधैँ जीवित राख्नेछन्।

**सन्दर्भ सामग्री**


सिद्धि, (२०६३), *आत्म बिलौना*, युगकवि सिद्धिचरण प्रतिष्ठान

सिद्धिचरण श्रेष्ठ, (आ.सं २०६३), *उर्वशी*, साझा प्रकाशन

त्रिपाठी, बासुदेव, & अरु, (सम्पा), (२०४८), *नेपाली कविता (भाग २)* । साझा प्रकाशन

मोदनाथ प्रश्रित, (२०६८/०६९), *युगकवि सिद्धिचरण श्रेष्ठ स्वर्ग शताव्दी बर्ष*

भट्टराई, घटराज, (२०५५), *नेपाली साहित्यको ऐतिहासिक रुपरेखा*, सृष्टि प्रकाशन

सिद्धिचरण श्रेष्ठ, (२०४९), *मंगलमान,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

शर्मा, तारानाथ, (२०५६), *नेपाली साहित्यको इतिहास* (चौ.सं.), अक्षर प्रकाशन, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

शर्मा, मोहनराज, (२०५५), समकालीन समालोचना सिद्धान्त र प्रयोग, *नव एकीकृत सांस्कृतिक केन्द्र जयबागेश्वरी*, साझा प्रकाशन

श्रेष्ठ, सिद्धिचरण, (२०४५), *सिद्धिचरणका प्रतिनिधि कविताहरु* । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

स्मृति, मेरिना (सम्पा), (२०६७)

# कोदो खेति प्रविधि

मातृका प्रकाश डागीँ
सहायक कृषि प्रशिक्षक
ग्रा.यु.सि.मा.बि, लिखु ६, ओखलढुगां

## साराशं

नेपाल, एक कृषि प्रधान देश हो, जहाँ अन्न, तरकारी, फलफूल, र जडिबुटी जस्ता विभिन्न खाद्यपदार्थ पाइन्छ । यद्यपि, चामल, मकै र गहुँले स्थानीय आहारमा प्रभुत्व जमाएको छ । सीमित कृषि उत्पादनका कारण आयातमा निर्भरता बढ्दा खाद्य र पोषण सुरक्षा चुनौतीपूर्ण हुँदै गएको छ । पारंपरिक बालीहरू, विशेष गरी स्वदेशी जातिहरू, उच्च उत्पादन दिने जातिहरूको प्रभुत्वका कारण घट्दै छन् । यस्ता एक बाली हो, कोदो, जसको पोषण मूल्य उच्च भए तापनि त्यसलाई कम मूल्याङ्कन गरिएको छ । कोदो प्राचीन अफ्रिकाबाट ५,००० वर्ष अघि उत्पन्न भएको हो र ४,००० वर्ष अघि नेपालमा फैलिएको थियो । यो नेपालका पहाडी र तराई क्षेत्रहरूमा मुख्यत: लगाइन्छ । कोदो खेती खाद्य सुरक्षा सुनिश्चित गर्न विशेष योगदान पुर्याउँछ, विशेष गरी पानीको अभाव हुने क्षेत्रहरूमा । यसले उच्च पोषण मूल्य प्रदान गर्दछ, जसमा फलाम, क्याल्सियम र फाइबर समावेश छन् र यो रगतको कमी (अनीमिया) सँग लड्न र हड्डीहरूको स्वास्थ्यको लागि महत्त्वपूर्ण छ । यो बालीको विभिन्न मौसम र माटोका प्रकारसँगको अनुकूलता नेपालमा दिगो कृषि प्रणालीको लागि अत्यावश्यक बनाउँछ ।

## परिचय

कृषि प्रधान देश नेपाल विभिन्न खाध्धान्न, तरकारी, फलफूल, जडिबुटी आदि खानयोग्य वनस्पतिहरुको प्रचुर विविधताले धनी छ । प्रचुर विविधता बाबजुद हाम्रो खानामा धान, मकै र गहुँको नै प्रभुत्व रहेको छ । सीमित कृषि उत्पादन, कृषि मागलाई परिपूर्ति गर्नकालागि आयातमा भर पर्नु पर्ने भएकाले दिनानुदिन खाद्य तथा पोषण सुरक्षाको चुनौति बढ्दै गइरहेको छ । साथै, विभिन्न उन्नत खेती प्रविधि तथा धान, मकै, गहुँ वालीको प्रभुत्वताले गर्दा स्थानीय तथा रैथाने जातको विविधता एवम् परम्परागत वालीहरू हेलामा परी लोप हुने अवस्थामा पुगिरहेका छन् । धानलाई धनीको खाना भनेर गलत अर्थ्याइएको र कोदो जस्ता पोषण रैथानेलाई गरिबीको प्रतीक बुझिने चलनले गर्दा यसको महत्व तथा गुण अपहेलित अवस्थामा पुगेको छ । प्रमुख आहार वालीहरूको हेलामा पर्ने मध्येको एक अत्यन्तै महत्वपूर्ण वाली हो कोदो । वैज्ञानिक भाषामा कोदो (millet) वर्ग मा कोदो, जुनेलो, चिनो, कागुनो, साँवा आदि अन्नहरू पर्दछन् ।

## कोदोको इतिहास तथा फैलावट

इतिहासलाई फर्केर हेर्ने हो भने नेपालमा कोदो खेतीको इतिहास प्राचीनकाल सम्ममा पुग्दछ । त्यति पुरानो वालीको रुपमा रहेता पनि कोदो भने नेपालमा उत्पत्ति भएको भने चाहिँ होइन । यसको उत्पत्ति ५००० वर्ष इसापूर्वमा पूर्वी अफ्रिकाको इथियोपिया देशमा भएको मानिन्छ । र मानवको सभ्यताको विकाससँगै त्यहाँबाट फैलिँदै ४००० वर्ष अगाडि भारतहुँदै नेपाल भित्रिएको मानिन्छ । विशेष गरेर पूर्वी तथा दक्षिण अफ्रिका, उत्तर तथा मध्य युरोप, दक्षिण

पश्चिम तथा उत्तर पश्चिम पेसिफिक, जापान, अष्ट्रेलिया, भारत, इण्डो-चिन, मलेसिया, भुटान, पाकिस्तान र नेपालको सुख्खाग्रस्त क्षेत्रमा कोदोको खेती गरेको पाइन्छ साथै उत्तर आयरल्याण्ड जस्तो चिसो क्षेत्रमा पनि गर्मी मौसममा यसको खेती गरिन्छ। विश्वको करिब ५५ देशमा यसको खेती गरिएको छ।

## नेपालमा कोदोको स्थिति

नेपालमा उत्पादनमा हुने प्रमुख खाद्यान्न बालीहरुमध्ये धान, मकै र गहुँ पछिको चौथो महत्वपूर्ण वालीको रुपमा कोदो रहेको छ। आ.व २०७८/७९ को तथ्याङ्कअनुसार नेपालमा कुल २६७०७१ हेक्टर जमिनमा कोदो खेती गरिन्छ र वार्षिक कुल उत्पादन ३३९४६२ मेट्रिक टन हुने गरेको छ, जसको उत्पादकत्व १.२७ मे.ट. रहेको छ। नेपालको तराईदेखि (५९ मिटर) देखि उच्च पहाडी (३१०० मिटर) क्षेत्रसम्म कोदोको खेती सफलता पूर्वक खेती गर्न सकिन्छ। नेपालको सबैजसो जिल्लाहरुमा कोदोको खेती गरिँदै आएको छ, जसमा खोटाङ, सिन्धुपाल्चोक, बाग्लुङ, स्याङ्जा, कास्की, ओखलढुङ्गा, गोरखा र सिन्धुलीमा यसको धेरै खेती गरीन्छ।नेपालको २ हिमाली जिल्ला मनाङ र मुस्ताङ र तराईका ४ जिल्ला, कपिलवस्तु, बाँके, बर्दिया र कञ्चनपुरमा भने यसको खेती अत्यन्तै न्यून मात्रामा गरिन्छ। विश्वमा कुल १५ प्रजाति मध्ये , Eleusine coracana, E. indica र E. aegyptica गरी ३ प्रजातिका कोदो नेपालमा पाईन्छ। क्षेत्र र उत्पादनको हिसाबले कोदो हुम्ला र मुगुको प्रमुख वालीको रुपमा रहेको छ भने जुम्ला, खोटाङ र सिन्धुपाल्चोकको दोस्रो प्रमुख वालीको रुपमा रहेको छ। साथै गण्डकी प्रदेशमा अवस्थित बाग्लुङ्ग जिल्ला भने नेपालकै सबैभन्दा बढि कोदो उत्पादन क्षेत्र र उत्पादन भएको जिल्ला हो।नेपालकै सबैभन्दा बढी उत्पादकत्व भने कोशी प्रदेश का ३ जिल्ला क्रमशः उदयपुर, पाँचथर र ओखलढुङ्गामा रहेका छ, जहाँ उत्पादकत्व भने १.९७ मे.ट/हे छ। देशकै औषत उत्पादकत्वमा भने कोशी प्रदेशनै अगाडि रहेको छ, जसको उत्पादकत्व भने १.३५ मे.ट/हे रहेको छ।

## नेपालका विभिन्न स्थानहरुमा पाईने कोदोका रैथाने जातहरु

मुड्के, नङ्कटुवा, भालु नाला, क्रेई, कान्छि कोदो, कालो कोदो, रातो कोदो, जङ्गली, तितिले, कालो कोदो, लुरे, डल्ले, पाँदुरे, सेतो कोदो, बगरे, झुम्के, नङ्कटुवा, मुड्कि, पहेँलो, भुर्सी, चौरी, करन्ति, डल्ले, नाला, बाघजुँगे, ओखले-१, अर्चौले, झ्यापे, उर्चो, कालोभुँडे, रामजाली, भचुवा, सेतो उर्चो, कालो डल्ले, सेतो सम्धि कोदो, झाम्रे, कालो ज्यापे, सेतो ज्यापे, दुधे कोदो, ठुलो कोदो, सेतो कोदो, झलरे, काली, लोखरे, मुड्के, पाँगदुर, असौगे, नङ्कटुवा, झप्रे, डल्ले, बार्बातिल

## कोदोका फाईदाहरु

- यसमा प्रचुर मात्रामा फलाम पाईने हुँदा विशेष महिलाहरुमा देखिने रक्तअल्पताको (Anaemia) समस्यालाई न्युनीकरण गर्दछ
- प्रचुर मात्रामा क्यालसियम पाईने भएकाले हाड तथा दाँतको विकास एवम् तन्दुरुस्तिमा मदत गर्दछ
- रेसाको प्रशस्त मात्राले गर्दा पेट सफा राख्दछ जसले गर्दा आन्द्राको क्यान्सर हुनबाट जोगाउँदछ

## कोदोमा पाईने खाद्धतत्व तथा पोषण तत्व

खाद्धतत्व र पोषणको आधारमा अन्य अन्न वालीको तुलनामा कोदोलाई श्रेष्ठ मान्न सकिन्छ।

| बाली | प्रति सय ग्राम काँचो दानामा पाईने पौष्टिक तत्व ग्राममा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रोटिन | चिल्लो पदार्थ | कार्बोहाइड्रेट | रेसा | क्याल्सियम | फस्फोरस | फलाम |
| कोदो | ७.३ | १.३ | ७२ | ३.६ | ३४४ | २८३ | ३.९ |
| धान | ६.८ | ०.५ | ७८.२ | १.० | ३३ | १६० | १.८ |
| गहुँ | ११.८ | १.५ | ७१.२ | २.० | ३० | ३०६ | ३.५ |

## कोदोको वानस्पतिक विवरण

कोदो घाँसे परिवारमा पर्ने ठाडो एक-वर्षीय बाली हो। यो ६० देखि २०० सेन्टीमिटरसम्म अग्लो हुन्छ। यसको डाँठ गोलाकार, भुइँडाँठ झुसे, फिँजिएको र काण्ड खदिलो हुन्छ। विरुवाको जरा भारी संख्यामा स्थायी र रेसादार हुन्छ, जसले माटोबाट सजिलैसँग आफ्नो वृद्धि विकासको लागी आवश्यक मात्रामा चिस्यान-खाद्यतत्व सोश्दछ। यहि विशेषताले गर्दा कोदोले बढी सुक्खा सहन सक्दछ। पातहरू साँघुरो, पंक्तिमय पाराले मिलेको हुन्छ। पातको बीचमा करङजस्तो डाँठ, लिगुल (पातको दापको भित्री भागमा रहेको झिल्लीदार त्वचा) र रेसायुक्त किनार हुन्छ। यो स्वयंसेचित वाली हो।आँख्लाको अन्त्य डाँठमा औंलाजस्तो बालाको गुबो (चारदेखि आठवटा) बनाउँदछ। यसै फूलडाँठको बाहिरी भागमा खापमाथि खाप परेर पत्रदल वा फुलगुच्छहरू निस्कन्छन् र हरेक फूलगुच्छले ४-५ फूल बोकेको हुन्छ। फूलडाँठमा पूर्ण रूपले फूल फुल्न ६-८ दिन लाग्छ। औँला जस्ता बाला र पाके पछि मुठ्ठि जस्तो देखिने भएकाले यसलाई अङ्ग्रेजिमा Finger millet भनिन्छ।

## हावापानी

नेपालको तराई देखि ३१०० मिटरसम्मको बारी, भिराला पाखाहरुमा वर्खेवालीको रुपमा यसको खेति गरिएको पाइन्छ। सामान्यतया उपोष्ण हावापानी भएको, ११-२७° से. रहने, वार्षिक वर्षा ७५-१०० मि.मि. हुने क्षेत्र कोदो खेतिका लागी उपयुक्त मानिन्छ। बोट वृद्धिका लागी यसलाई बढी तापक्रम आवश्यक पर्दछ। औसत अधिकतम तापक्रम २७° से. र न्यूनतम तापक्रम १८° से. वालीको वृद्धिविकासकोलागी सबैभन्दा उपयुक्त मानिन्छ। दाना परिपक्व र पाक्ने वखतमा न्यून पानी र न्यून आर्द्रता हुने अवस्था उत्तम हुन्छ। यसले सुख्खा सहजैसँग सहन सक्ने भएकाले गर्दा विशेष गरेर सिमांकृत जग्गा, पानीको पहुँच राम्रोसँग नभएको क्षेत्रमा यसको खेती गरिन्छ। धेरै पानी पर्ने अर्थात पानी जम्ने समस्या भएको क्षेत्रमा रोगको सङ्क्रमण अत्यधिक हुनेभएकाले निकासको प्रबन्ध गर्नुपर्दछ।

## माटो

कोदोको खेती जुनसुकै माटोमा गर्न सकिने भएतापनि यसकालागी भने हल्का-बलौटे र पानी नजम्ने पाँगो-दोमट उत्तम हुन्छ। रातो माटोमा फलामको मात्रा बढी हुने भएकाले यस्ता प्रकारको माटोमा यसको खेती बढी फस्टाउँदछ र दानामा फलामको मात्रा पनि हुँदछ। खँदिलो कालो र कम मलिलो माटोमा भने यो त्यति सप्रिदैंन। सुख्खा सहजै सहन सक्ने यस वालीले लामो समयसम्म पानी जमेको अवस्था पनि सहन सक्दछ (रोगकिराको प्रकोप भने देखिन्छ।

माटोको pH मापन ५-८.२ यसको खेतीको लागी उपयुक्त हुन्छ। अरु वालीको तुलनामा यसको क्षार्यपना (Salinity) सहन् गर्न सक्ने क्षमता बढी हुन्छ। पानी जमेको सहन सक्ने भएतापनि निकासको प्रबन्ध राम्रो हुनपर्दछ।

### उन्नत जात र वीउ

कुनै पनि वालीको उव्जनि र गुणस्तर राम्रो हुनका लागी वीउको गुणस्तरले महत्वपूर्ण भूमिका खेल्दछ। तसर्थ कोदो खेती गर्दा पनि गुणस्तर वीउ चयन गर्नुपर्दछ। त्यससाथै, कस्ता किसिमका वीउलाई कस्ता क्षेत्रमा लगाउने भन्ने बारे पनि उतिनै महत्व हुन्छ। तसर्थ, नेपालमा नेपाल कृषि अनुसन्धान परिषद् (NARC) ले विकास एवम् अनुसन्धान-परिक्षण गरी विभिन्न क्षेत्रका लागी सिफारिस गरेको उन्नत वीउका जातहरु ओख्ले-१, डल्ले-१, काभ्रे कोदो-१, काभ्रे कोदो-२, शैलुङे कोदो-१, रातो कोदो रहेका छन्।

### वाली-चक्र र मिश्रित खेती

वाली लगाईने भौगोलिक अवस्था, खेती प्रणाली, सामाजिक अवस्था आदिले कोदो खेतीको वाली चक्रमा अन्तर ल्याउँदछ। वाली लगाईने क्षेत्र अनुसार कोदोलाई एकल, मिश्रित, घुसुवा वा अन्तरवालीको रुपमा खेती गरिन्छ। प्रचलित वाली चक्रहरु निम्न रहेका छन्: चाँडो पाक्ने कोदो – धान, चाँडो पाक्ने मकै – कोदो – गहुँ, मकै – कोदो – तेलवाली, कोदो/मकै – गहुँ वा तेलवाली, कोदो/मकै – बाँझो, कोदो-गहुँ + तेलवाली, भटमास+कोदो – गहुँ वा जौँ, कोदो – जौँ –फापर/लट्टे, कोदो-आलु–गहुँ (दुई वर्षे चक्र), आदि।

कोदो वालीसँग अन्य बालीहरू जस्तै मकै, कागुनो, चिनो, दलहन, तेलहन बालीहरू मिश्रित वा अन्तरवालीको रुपमा लगाउन सकिन्छ। केहि प्रमुख मिश्रित वा अन्तरवालीहरु निम्न बमोजिम रहेको छ जस्ले गर्दा उब्जनिलाई बढाउन सकिन्छः

१. कोदो – भट्मास (१:१ लाइनमा)

२. कोदो – भट्मास (१:९ को अनुपातमा वीउ मिश्रण)

३. कोदो – मस्याङ्ग (१:८ को अनुपातमा वीउ मिश्रण)

४. कोदो – रहर (१०:३ को वीउ प्रयोग गरी प्रत्येक २ पंक्ति रहर पछि ५ पंक्ति कोदो रोप्ने)

### व्याड राख्ने र रोप्ने समय

व्याड राख्ने र रोप्ने समय भुगोल, हावापानी, मौसम अनुसार फरक पर्दछ। व्याड राख्दा २० से.मी. उच्च बनाई २-३ से.मी. गहिराईमा वीउ छर्नुपर्दछ। ३०-३५ दिनको वेर्ना रोप्नका लागी उपयुक्त हुन्छ। मध्यपहाडी क्षेत्रमा असारको पहिलो हप्तामा लगाईएको कोदोले राम्रो उब्जनि दिने र त्यसभन्दा अगाडि रोपिएको कोदोको नल धेरै हुने एएक अनुसन्धानले जनाएको छ। भौगोलिक अवस्थाको आधारमा निम्न समयमा बेर्ना रोप्न सकिन्छः उच्च पहाडः जेष्ठ – अषाढ, मध्यपहाडः अषाढ – श्रावण, तराई र भित्रीमधेशः श्रावण – भाद्र दोस्रो हप्तासम्म

### जमिनको तयारी

विशेषगरी नेपालको पहाडी क्षेत्रमा कोदो वालीलाई मकैमा घुसुवावालीको रुपमा लगाईन्छ। र यसका लागी बारीभित्र कोदालिले माटो पल्टाएर झारपात सफा गरेपछि कोदोको बेर्ना रोप्ने चलन छ। पाखो बारी अर्थात अन्य वाली

नफस्टाउने टार-बारीहरुमा भने यसको एकल खेती गरिन्छ । एकल खेती प्रयासमा भने १-२ पटक राम्रो सँग गहिरो जोतेर, डल्ला फुटाएर, झारपात हटाई, सम्याएर जमिनको तयारी गर्नुपर्दछ । कोदोका लागी अन्य वाली जस्तो धेरै मसिनो माटो बनाउन पर्दैन तर छरुवा खेती गर्ने हो भने सहज अङ्कुरणकालागी मसिनो र बुर्बुराउँदो बनाउँदा उपयुक्त हुन्छ। पानी जम्ने समस्या भएको जमिनमा भने राम्रो निकासको व्यवस्था गर्नुपर्ने हुन्छ । अन्तिम खनजोत गर्नुपुर्व, १०-१५ डोको प्रति रोपनिका दरले राम्रोसँग पाकेको गोठेमल वा कम्पोष्ट मल समान रुपले जमिनमा रहने गरी जमिन तयारी गर्ने ।

## मलखाद

अन्य वालीझैँ कोदोको वृद्धि विकासका लागि मलखाद आवश्यकता पर्दछ। मलखाद स्वयं वालीका खाना नभएर यसमा रहेका खनिज तत्वहरु चाहिँ यसको खानाको रुप हो । माटोमा रहेको पानीमा घोलिएर रहेका यस्ता तत्वहरु वालीले सोस्ने गर्दछ र आफ्नो वृद्धि विकासलाई चाहिने जति सोस्दछ । कोदोका लागी मलखादको मात्रा परिक्षण पिछे नै अन्तर देखिएको छ । कोदोका लागी मलखादको मात्रा विशेष गरेर कोदोको जात, माटोको प्रकार र वाली लगाउने तरिकामा भर पर्दछ । नार्कअन्तर्गतको पहाडी वाली अनुसन्धान कार्यक्रम अनुसार कोदोका लागि प्रति रोपनी २.२५ कि.ग्रा. नाईट्रोजन, १.५ कि.ग्रा. फस्फोरस, १ कि.ग्रा. पोटास र ०.५ टन प्राङगारिक मल प्रयोग गर्न सुझाव दिएको छ। यसरी मल हाल्दा नाईट्रोजन मलको आधा भाग, फस्फोरस, पोटास र प्राङगारिक मलको पूर्ण भाग जमिनको अन्तिम तयारी गर्दा हाल्नुपर्दछ। बाँकी रहेको आधा भाग नाईट्रोजन मल भने पहिलो गोडाइको बेला हाल्नुपर्दछ ।

मलखाद परीक्षणको नतिजा अनुसार प्रतिहेक्टर ८० कि.ग्रा. नाईट्रोजनको प्रयोग गर्दा उत्पादनमा ६% ले वृद्धि भएको पाइएको छ । नेपालको को खेती प्रणाली हेर्ने हो भने मकै लगाउँदा वखतमा प्राङगारिक मलको प्रयोग गरिने र  कोदो लगाउँदा मल नहाल्ने चलन छ, जसले गर्दा कोदोले मकैसँग खाध्धतत्व वा अन्यका लागि प्रतिस्पर्धा गर्न नसकेर उत्पादनमा ह्रास आएको देख्न सकिन्छ ।

## वीउदर

माटोको किसिम, प्राङगारिक पदार्थको अवस्था, खाद्यतत्व को मात्रा, वीउको किसिम र गुणस्तर, वाली लगाउने तरिका आदिले वीउदरलाई असर गर्दछ। कोदो खेती बेर्ना रोपेर वा छरुवा दुवै तरीकाबाट गर्न सकिन्छ । व्याड राख्ने हो भने २००-४०० ग्राम वीउ प्रति रोपनिका दरले राख्नुपर्दछ । छरुवा तरिकाले खेती गर्दा ५००-९०० ग्राम प्रति रोपनिका दरले वीउको प्रयोग गर्नुपर्दछ ।

## बेर्नाको घनत्व

कुनै पनि क्षेत्रमा बेर्नाको कति घनत्व हुने भन्ने कुरा त्यास क्षेत्रको मौषम, भौगोलिक अवस्था, खेती प्रणाली आदि कुराहरुमा भर पर्दछ । सामान्यरुपमा कति घना बेर्ना राख्ने भन्ने कुरा किसान स्वयंले नै विचार गर्नुपर्दछ । विभिन्न अनुसन्धान परिक्षण अनुसार मकैसँगको मिश्रित वालीको रुपमा कोदो लगाउने हो भने प्रति हेक्टर १०-१५ लाखसम्म बोट कायम गर्दा राम्रो उत्पादन दिने बताईएको छ । त्यस्तै पहाडी वाली अनुसन्धान केन्द्र काभ्रेले गरेको अनुसन्धान अनुसार प्रतिवर्गमिटर १०० बोट कायम राख्नु उचित हुने देखाएको छ ।

## रोप्ने तरीका

कोदो वालीलाई एकल, मिश्रित, घुसुवा वालीको रुपमा लगाईन्छ । व्याड राखेर बेर्ना तयार गर्ने एक विधि छ भने छरुवा अर्को विधि हो ।

## सोझै वीउ छर्ने

यस विधिमा छरुवा वा लाईनमा रोप्न सकिन्छ । छरुवा विधि सजिलो र छिटो भएतापनि वीउको वितरण समान नहुने र साथै समान गहिरोमा नपर्ने भएकाले चराचुरुङगीको आहारा पनि हुने र कतै बाक्लो त कतै पातलो हुने समस्या हुन्छ । साथै वीउको खपत पनि अन्य विधिको तुलनामा धैरै नै हुन्छ ।

लाईनमा रोप्ने विधि अपनाउने हो भने लाईन-लाईनको दुरि २०-२५ से.मी. र वीउ करिब २-३ से.मी. गहिरोमा पर्ने गरी राखी मसिनो माटोले छोपिदिनु पर्छ । उम्रिसकेपश्चात करिब १०-१५ से.मी. को अग्लो भईसकेपछि बाक्लो भएको स्थानबाट होसियार पूर्वक छाँटेर बोट-बोटको दुरी ८-१० से.मी. हुने गरी पतलो बनाउनुपर्छ । यस विधि बाट भने वीउ दर अत्यन्तै कम लाग्ने, समान गहिराईमा रोप्न सकिने र पछि गोडमेल एवम् व्यवस्थापन गर्न पनि सजिलो हुने गर्दछ ।

## बेर्ना रोप्ने विधि

यस विधिबाट विशेष मनसुन ढिला सुरु हुँदा वा रोप्न ढिला हुँदाको वखतमा अपनाईने तरिका हो । छरुवा विधिको तुलनामा उत्पादन बढि हुनु यसको प्रमुख विशेषता हो । यसका लागी वैशाख को मध्य देखी जेष्ठको अन्तिमसम्म व्याड राख्नु उपयुक्त हुन्छ । तराई वा भित्रिमधेशमा २५-३० दिनको बेर्ना र पहाडी क्षेत्रकालागी ३५-४० दिनका बेर्ना सार्नु उपयुक्त हुन्छ । बेर्ना उखेल्नुपूर्व हल्का सिँचाई दिँदा सजिलैसँग उखेलिन्छ र जरा चुडिने समस्या न्यून हुन्छ । कुटोको सहायताले बेर्ना उखेल्नुपर्दछ । रोपाईँपूर्व जमिनलाई सिँचाई गर्दा उत्तम हुन्छ ।

बेर्ना सार्ने कार्यवर्षातको वखतमा पानी परिरहेको बेला गर्नु राम्रो हुन्छ । बेर्ना रोप्दा लाईन-लाईन को दुरी २०-२५ से.मी., बोट-बोटको दुरी ८-१० से.मी. र गहिराई २-३ से.मी. मा प्रशस्त चिस्यान भएको माटोमा रोप्नुपर्दछ । वर्षा नभएको खण्डमा बेर्ना सारेको ३ दिनपछि सिँचाई दिनु आवश्यक पर्दछ र सारेको विरुवा स्थापित नहुन्जेल आवश्यकता अनुरुप सिँचाईको प्रबन्ध गर्नु उपयुक्त हुन्छ ।

## सिँचाइ

सुख्खा सहन सक्ने र वर्खे वालीको रुपमा कोदो खेती गरिने भएकाले यस वालीलाई सिँचाइको त्यति आवश्यकता पर्दैन । तर लामो समयसम्म खडेरी पर्दा वा ध्वजाहरु सुख्खा भएर चिरिएको खण्डमा जराहरुको वृद्धि नहुने तसर्थ उत्पादनमा ह्रास आउँदछ ।

सरा गँजाउने वा गाँज हाल्ने र फूल फूल्ने समय यस वालीको सिँचाइकोलागी संवेदनशिल अवस्था हो र यी दुई अवस्थामा मात्रै पनि सिँचाइको प्रबन्ध गर्ने हो भने उत्पादन बढाउन सकिन्छ । साथै पानिले खाद्यतत्वलाई घुलनशिल बनाउँछ र विरुवाले सजिलैसँग सोष्न सक्दछ। वालीमा पानी भने जम्न दिनु हुँदैन । यसका लागी राम्रो निकासको व्यवस्था गर्नुपर्दछ ।

## झारपात व्यवस्थापन

कृषिमा झारपातको समस्या सर्वव्यापि छ। अझ कोदो असिँचित वर्खे वाली भएकाले यसमा झारपातको समस्या भने अत्यधिक रुपमा देखिन्छ। झारपातले रोगकिराको आश्रयको रुपमा काम गर्छ, र साथै मल, जल, ठाउँ, प्रकाशका लागि वालीसँग प्रतिस्पर्धा गर्ने प्रकृति भएकाले यसले मात्रात्मक एवम् गुणात्मक उत्पादनमा असर पुर्याउँदछ। तसर्थ यसको व्यवस्थापन तथा नियन्त्रण गर्नु उचित हुन्छ। वालीको प्रारमभिक अवस्थामा (पहिलो ६० दिनको) विरुवा अत्यन्तै संवेदनशिल रहने भएकाले समयमै झार नियन्त्रण अपरिहार्य छ।

झारपात व्यवस्थापन गर्ने सरल उपाय भनेकै गोडमेल हो। रोपेको २५-३० दिनमा पहिलो गोडमेल गर्नुपर्दछ र आवश्यकता अनुसार पछि गोडमेल गर्नुपर्छ। वाली विज्ञान महाशाखा खुमलटारमा गरिएको परीक्षणको नतिजाले ब्युटाक्लोर१.५ लिटर प्रतिहेक्टरका दरले छर्कँदा झारपात नियन्त्रण असरदार देखिएको छ।

## वाली काट्ने र झार्ने

स्थान र जात अनुसार रोपेको वा छरेको ४-५ महिनामा कोदो वाली काट्नका लागी तयार हुन्छ। कोदोका औँलाहरु खुम्रिएर खैरो रङ्गको भएको खण्डमा उक्त फसल चिप्ने वा काट्ने बेला भयो भन्ने बुझिन्छ। नेपालमा कोदो दुई तरिकाले काट्ने चलन छ। कतै हँसियाको प्रयोग गरेर बाला मात्रै काटिन्छ भने कतै कोदोको नल सहित पुरै बोट काट्ने प्रचलन रहेको छ।

जुन तरिकाबाट काटे पनि बाला वा बाला सहितको बोटलाई ३-४ दिन सम्म सुक्न दिईन्छ र त्यस पछि लाठिले चुटेर वा गोरुले दाइँ गरेर वा जुटको बोरामा माडेर दाना झार्ने गारिन्छ। यसरी दाना झार्दा दानामा चोटपटक लाग्ने, चर्कने, फुट्ने आदि हानि हुन सक्दछ। र यस्ता समस्यालाई कम गर्नका निमित्त Finger-millet Thresher Machine प्रयोगमा आईसकेको छ। नेपालको सन्दर्भमा भने न्यून मात्रामा खेती गरिने भएकाले यस्ता मेसिनहरु प्रयोगमा आएका छैनन् तर छिमेकी मुलुक भारतमा भने यसको प्रयोग गरिन्छ।

## उत्पादन

कोदोको उत्पादनमा वीउको जात, कृषकको अवस्था, वातावरणीय प्रभाव, वाली व्यवस्थापन आदि जस्ता कुराहरुले प्रभाव पार्दछ। नेपालमा कोदोको सरदर उत्पादन १.१ मे.टन प्रतिहेक्टर रहेको छ तर अनुसन्धान तथा परिक्षणको नतिजामा भने हामीलाई सिफारिस गरिएका जातहरुको उत्पादन क्षमता २.५-३.५ मे.ट. प्रति हेकटर रहेको छ। सिफारिस गरिएका प्रविधि तथा वैज्ञानिक व्यवस्थापन विधिलाई आत्मसाथ गर्ने हो भने कोदोको उत्पादन र उत्पादकत्वलाई दोब्बर बढाउन सकिन्छ।

## भण्डारण

चुटेर झारेर सफा गरेको दाना वा वीउलाई २-३ घाम सुकाएर दाँतले टोक्दा कुटुक्क आवाज आउने भएपछि राम्रोसँग भुईबाट कम्तिमा १ मिटर उचाईमा,हावापानी नछिर्ने टिनको भकारी, सुपर ब्याग वा बोरामा राख्ने। भण्डारण घरमा राम्रोसँग हावासंचार हुनुपर्दछ। ओसिलो भने हुनुहूदैन। ओसिलो भएको वा पानी चुहइएको खण्डमा भने ढुशिको संक्रमण हुन्छ। भणडारण बिनमा बोझो, तितेपाति, चुलेत्रोको ढुटो प्रयोग गरेको खण्डमा भण्डारणमा

आउने पुतलाहरुको प्रकोपले गर्दा हुन सक्ने हानिलाई न्यून गर्न सकिन्छ । वीउको लागि भण्डारण गर्दा चाहिं वीउ राखिएको बिनमा आमिनियम फस्फाइड१२ ग्राम को ट्याव्लेट ४ ट्याब प्रति १ टन वीउका दरले वायुरोधी अवस्थामा भण्डारणमा प्रयोग गर्ने ।

## कोदो खेतीमा देखिने प्रमुख समस्या, तिनका पहिचान तथा व्यवस्थापन

प्रायः कोदो वालीमा त्यति धेरै रोग किराको प्रकोप नभएतापनि मरुवा, फेद डढुवा, पातको थोप्ले जस्ता रोगहरु देखिन्छन् । त्यसैगरी, लाही, डाँठको सेतो गभारो, फड्के, झुसिलकीरा जस्ता कीराहरु देखापर्दछन् ।

## सन्दर्भ सामाग्रीः


कोइराला, डा. केशबबाबु, & सुबेदी, सुशिलराज, (२०६८), कोदो खेती प्रणाली, *हाम्रो सम्पदा राष्ट्रिय मासिक*,

कृषि सूचना तथा प्रशिक्षण केन्द्र, (२०८०), कृषि डायरी, हरिहरभवन, ललितपुर

आले मगर, ललिता, पनेरु, प्रगति बाबु, & पुडासैनी, निरन्जन. (२०७६), रातो कोदो: परिचय तथा खेती-प्रविधि, *स्थानीय बाली परियोजना*

कृषि विकास शाखा, (२०७५), उन्नत खेती प्रविधि तथा स्थानीय वालीको संगालो, घट्मुना, बाजुरा

LI-BIRD, *Constraints and opportunities for promotion of finger millet in Nepal.*

Gairhe, S., Gauchan, D., & Timsina, K. P. (2021). Prospect and potentiality of finger millet in Nepal: Nutritional security and trade perspective. J*ournal of Agriculture and Natural Resources,* 4(2), 63-74.

Luitel, D., et al. (2017), Climate, distribution and cropping pattern of finger millet in Nepal: A review. *International Journal of Agriculture and Environment Research, 3*(1), 1-10.

Prabhakar, R., et al. (2017), Improved production technologies for finger millet. *Project Coordinating Unit, ICAR-AICRP on Small Millets*, GKVK, Bengaluru.

# आउनुहोस् झोलमलबारे केहि जानकारी बटुलौँ

बिनोद राज पाण्डे
कृषि प्रशिक्षक
ग्रा.यु.सि.मा.बि, लिखु ६, ओखलढुगां

## परिचय

सामान्यतयाः विभिन्न किसिमका अमिलो, तितो, टर्रो स्वाद भएका बोटबिरुवाहरू जस्तै बकाइनो, निम, तितेपाती, असुरो, बोझो, सुर्ती, केतुके, वनमारा, लहरे तरकारीका पातहरू तथा गाईभैँसीको पिसाब, गोबर प्रयोग गरी बनाइएको मल एवं विषादीलाई झोलमल भनिन्छ।

## झोलमलका फाइदाहरू

- झोलमल स्थानीय स्तरमा उपलब्ध हुने गोबर, पिसाब र वनस्पतिहरूको प्रयोग गरी सहजै रुपमा बनाउन सकिन्छ।
- झोलमलमा प्रयोग भएका सामग्रीमा बिरुवाको लागि आवश्यक युरिया, क्रेटानाइन, फिनोल एमिनो एसिड, जिबेरेलिन, क्याल्सियम जस्ता पोषक तत्व पाइने र यी सामग्रीहरू फाइदाजनक भएकाले यसले माटोको उर्वराशक्ति बढाउन र बालीको उत्पादन वृद्धि गर्न मद्दत पुर्याउँदछ।
- झोलमल उत्पादन गर्न थोरै लगानी भए पुग्छ। यसका लागि बजारबाट प्लास्टिक ड्रम र EMs (Effective Micro-organisms) मात्र खरिद गरे पुग्छ।
- कीरा र रोग बाट बचाउन मद्दत पुर्याउँदछ।
- स्वस्थ र वातावरण मा कुनै पनि असर नगर्ने भएकाले सुरक्षित मानिन्छ।
- माटोको भौतिक र रासायनिक संरचना सुधार गर्छ।

## झोलमलका प्रकारहरू

### झोलमल-१

झोलमल १ ले बिरुवालाई आवश्यक पर्ने खाद्यतत्त्व दिने काम गर्दछ र यसको प्रयोग हामीले वाली वा बिरुवा लगाउनु भन्दा पहिले र बाली लगाई सकेपछि प्रयोग गर्न सकिन्छ।

**आवश्यक सामग्री**

क) ५० लिटर को ड्रम

ख) १६ लिटर गाईको मूत्र

ग) १६ लिटर पानी

घ) १७ किलो  ताजा गोबर मल

ङ) १ लिटर EMs झोल (यो बजार मा सजिलै पाइन्छ र यसको काम चाँडो कुहाउने हो

**बनाउने तरिका**

१. झोलमल बनाउने स्थानमा ड्रमको ३ भागको १ भाग खाल्डाभित्र पर्ने गरी ड्रमलाई खाल्डोमा राख्ने।

२. माथि भनिएका आवश्यक सामग्रीहरू ड्रममा राखी त्यसलाई राम्रोसँग चलाएर लेदो बनाउने र त्यसरी बनाएको मिश्रणमा १ लिटर ई. एम. झोल मिसाएर राम्रोसँग चलाउने।

३. उक्त ड्रममा हावा नछिर्ने गरी बन्द गरेर राख्ने।

४. ढाकेर राखिएको मिश्रणलाई करिब ३-३ दिनको फरकमा लट्ठीको सहायताले चलाइराख्नुपर्दछ जसले गर्दा मिश्रण छिटो कुहिएर १५ दिनमै झोलमल १ तयार हुन्छ।

**प्रयोग गर्ने तरिका**

- झोलमल १ लाई जग्गा तयार गर्ने बेलामा सिधै माटोमा मिलाएर अथवा बिरुवा रोपिसकेपछि विरुवाको वरिपरी १ भाग झोलमलमा ३ भाग पानी मिसाएर प्रयोग गर्न सकिन्छ।
- प्रतिबिरुवा कम्तीमा पनि १५०-२०० ml  राम्रो सँग भिज्ने गरी प्रयोग गर्नुपर्दछ।

**झोलमल-२**

झोलमल दुई भनेको विशेष गरी हाम्रो बालीमा (काउली, बन्दा, प्याज, लसुन, करेला, फर्सी, जस्ता) लाग्ने विभिन्न खालको रोगहरू जस्तै फेद कुहिने, जरा कुहिने, बिरुवाहरू ओइलाउनेलाई नियन्त्रण गर्न प्रयोग गरिन्छ।

**आवश्यक सामग्रीहरू**

क) २४.५ लिटर गाईको पिसाव

ख) २४.५ लिटर पानी

ग) १ लिटर EM झोल

घ) ५० लिटर को ड्रम

**बनाउने तरिका**

१. झोलमल बनाउने स्थानमा ड्रमको ३ भागको १ भाग खाल्डाभित्र पर्ने गरी ड्रमलाई खाल्डोमा राख्ने।

२. माथि भनिएका आवस्यक सामग्रीहरू ड्रममा राखी त्यसलाई राम्रोसँग चलाउने र त्यसरी बनाएको मिश्रणमा १ लिटर ई. एम. झोल मिसाएर पुन राम्रोसँग चलाउने।

३. उक्त ड्रममा हावा नछिर्ने गरी बन्द गरेर राख्ने।

४. ढाकेर राखिएको मिश्रणलाई करिब ३-३ दिनको फरकमा लठ्ठीको सहायताले चलाइराख्नुपर्दछ जसले गर्दा मिश्रण छिटो कुहिएर १५ दिनमै झोलमल २ तयार हुन्छ ।

### प्रयोग गर्ने तरिका

झोलमल २ लाई बिरुवा लगाइसकेपछि प्रयोग गर्न सकिन्छ र यदि कलिलो बिरुवा छ भने १ भाग झोलमलमा ६ भाग पानी मिसाएर प्रयोग गर्ने र  वयस्क वा छिपिएको बिरुवा छ भने १ भाग झोलमलमा ३ भाग पानी मिसाएर राम्रो सँग भिज्ने गरी प्रयोग गर्नुपर्दछ ।

### झोलमल-३

झोलमल ३ को मुख्य काम भनेको बोट-विरुवालाई हानि नोक्सानी पुर्याउने विभिन्न प्रकारका कीरा तथा रोग नियन्त्रण गर्न काम गर्दछ र विरुवालाई पोषण तत्व पनि प्रदान गर्दछ ।

### आवश्यक सामग्रीहरू

क) १६ लिटर गाईको मूत्र

ख) १६ लिटर पानी

ग) १ लिटर EM झोल

घ) ५० लिटर को ड्रम

ङ) १७ kg जति हाम्रो गाउँघरमा पाइने स्थानीय वनस्पति हरु जस्तै टरो, पिरो, अमिलो, आदिको प्रयोग गर्ने ।

### बनाउने तरिका

१. झोलमल बनाउने स्थानमा ड्रमको ३ भागको १ भाग खाल्डाभित्र पर्ने गरी ड्रमलाई खाल्डोमा राख्ने ।

२. माथि भनिएका आवस्यक सामग्रीहरू जस्तै वनस्पतिहरुलाई स-साना टुक्रा पारेर ड्रममा राखी त्यसलाई राम्रोसँग चलाउने र त्यसरी बनाएको मिश्रणमा १ लिटर ई. एम. झोल मिसाएर पुन राम्रोसँग चलाउने ।

३. उक्त ड्रममा हावा नछिर्ने गरी बन्द गरेर राख्ने ।

४. ढाकेर राखिएको मिश्रणलाई करिब ३-३ दिनको फरकमा लठ्ठीको सहायताले चलाइराख्नुपर्दछ जसले गर्दा मिश्रण छिटो कुहिएर १५ दिनमै झोलमल २ तयार हुन्छ ।

### प्रयोग गर्ने तरिका

झोलमल ३ लाई सफा कपडाले छान्नु पर्दछ र छानेर आएको एक भाग झोललाई कलिला बिरुवा भए १ भाग झोलमलमा ५ भाग पानीमा मिसाएर प्रयोग गर्ने र  छिप्पिएका विरुवा भए १ भाग झोलमलमा ३ भाग पानी मिसाएर राम्रो सँग भिज्ने गरी प्रयोग गर्ने र कम्तीमा पनि ७-७ दिनको फरक मा प्रयोग गर्दै जाँदा राम्रो हुन्छ ।

### निष्कर्ष

झोलमलले कृषि पर्यावरणीय सन्तुलन कायम राख्न र मानव स्वास्थ्यलाई सुरक्षित राख्न महत्वपूर्ण योगदान पुर्याउँदछ। रासायनिक कीटनाशकहरूको अत्यधिक प्रयोगले माटोको उर्बरता घटाउने, मानव स्वास्थ्यलाई हानि

पुऱ्याउने र जैविक विविधता नष्ट गर्ने खतरा हुन्छ । त्यस्तै खतरालाई मध्यनजर गर्दै झोलमल वातावरण, आर्थिक र स्वास्थ्यको दृष्टिकोणले सुरक्षित विकल्प हो । यसले कृषि उत्पादनलाई दीर्घकालीन रूपमा सुधार गर्ने र स्वस्थ पर्यावरण कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपालको कृषि प्रणालीमा यसको प्रयोग प्रवर्द्धन गर्नु कृषि क्षेत्रको दिगो विकासका लागि अत्यावश्यक छ ।

**सन्दर्भ सामाग्री**

Ghosh, T., & Biswas, M. K. (2018). Evaluation of antibacterial and antifungal activity of cow urine against some seed borne microflora. *International Journal of Current Microbiology and Applied Sciences, 7*(5), 1714-1727.

Joshi, K., Agrawal, N. K., & Bhatt, L. D. (2016). Preparation of Jholmal in RMV pilot sites: Upscaling a local practice. *Himalayan Climate Change Adaptation Programme (HICAP)*. ICIMOD. https://lib.icimod.org/record/32370

Khatioda, B., Ghimire, M., Pokhrel, B., Kafle, S., Adhikari, R., Adhikari, S., Chaulagain, V., & Wasti, S. (2018). Local technologies for increasing soil nutrients. *Agriculture for Food*. https://www.forestaction.org/

Poudel, D., & Thakuri, S. *Jholmol: Biofertilizer and biopesticide*.

# सार्वजनिक शिक्षाको सुधारमा स्थानीय सरकारको भूमिका

अस्मिता थापा
उपाध्यक्ष
लिखु गाउपालिका, यसम, ओखलढुगां

आफ्नो जन्मथलोमात्र नभएर ओखलढुङ्गा र रामेछापको विशेषगरी लिखुक्षेत्रको शैक्षिक विकासको धरोहर ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको सन्दर्भमा लेख्न मजस्तो नयाँ पुस्ताको र त्यसमाथि पनि सो विद्यालयमा अध्ययन गर्न नपाएको विद्यार्थीले सक्ने कुरा भएन।

अग्रजहरूको आग्रह केही लेख्नुपर्छ भन्ने आएकाले आफूले स्थानीय सरकारमा निर्वाचित भएको करिव ३ वर्षका अनुभव र तितामिठा घटनाक्रमहरूको आधारमा सामुदायिक शिक्षाको विकासमा स्थानीय तहको भूमिका के हुनसक्छ भन्नेबारे घोत्लिएँ। स्थानीय तहको निर्वाचनमा प्रत्यक्षरूपमा होमिनुभन्दा अघि विद्यार्थी राजनीतिको केन्द्रीय तहमै क्रियाशील भएका नाताले शिक्षा क्षेत्रका कतिपय समस्याहरूको बारेमा त जानकार थिएँ। तर अहिले कार्यकारी ठाउँमा आएर हेर्दा हामीले चाहेको, सोचेको र आन्दोलन गरेको जस्तो सजिलो गाउँघरको शिक्षा सुधार गर्न सहज भने रहेनछ।

देशका अधिकांश स्थानीय तहको प्राथमिकता आजका दिनमा शिक्षा हो कि पूर्वाधार विकास ? यो प्रश्नको जवाफ आमरूपमा सबै ठाउँबाट एउटै आउँछ। स्थानीय सरकारलाई पूर्वाधारको विकास, विस्तार, मर्मत यस्तै कामको ठेकेदार बनाइएको छ। शिक्षाको विकासमा लाग्छु भन्ने जनप्रतिनिधिले त्यो समय नै पाउँदैन। शिक्षा र स्वास्थ्य जस्ता आधारभूत मौलिक अधिकारको क्षेत्रमा राज्यको सम्पूर्ण लगानी र निःशुल्क हुने भनिएको हो। तर पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्ने पवित्र उद्देश्य र भावना हुँदा हुँदै पनि केही विकसित सहरी क्षेत्रबाहेकका स्थानीय सरकारसँग साधन स्रोत र सीप केही पनि छैन।

शैक्षिक सुधारका लागि भन्दै सरकार फेरिएपिच्छे शिक्षा नीति र नियमावली पुनरावलोकन प्रयास भइरहन्छन्, शिक्षालाई समयानुकूल बनाउने भन्दै १०-१० वर्षमा पाठ्यक्रम पनि फेरिन्छन्, राहत, अस्थायी, स्थायी लगायत शिक्षक नियुक्ति व्यवस्था पनि छ, शिक्षा मन्त्रालय, शिक्षा विभाग र प्रत्येक जिल्लामा शिक्षा कार्यालय तथा प्रत्येक क्षेत्रमा शिक्षा समन्वय इकाई पनि खडा गरिएका छन्। विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षक तालिम र राम्रा भौतिक संरचना आदि हुँदाहुँदै पनि हाम्रो सार्वजनिक शिक्षाको गुणस्तर किन सुधार हुन सकेन ? गुणस्तरका लागि मात्र नभइ आधारभूत शिक्षाकै लागि गाउँगाउँबाट बालबालिकाहरू केन्द्रीय राजधानी र सहरबजार पस्ने प्रवृत्ति हाम्रा लागि लज्जाजनक विषय हो।

यतिसम्मकी हाम्रा सार्वजनिक विद्यालयमा पढाउने शिक्षक शिक्षिकाले आफूले पढाएकोमा विश्वास नभएर त होला,आफू यता जागिर खाने छोराछोरी उता शहरमा निजी विद्यालयमा भर्ना गर्ने प्रचलन नै बनिसकेको छ। ११ कक्षामा भर्ना हुन कलेज खोज्दै भौतारिइरहेका विद्यार्थीलाई आफ्नै गाउँठाउँका विद्यालयमै १२ कक्षासम्म गुणस्तरीय शिक्षा पाउने गरी शिक्षा नीति कार्यान्वयनमा संघीय सरकारले तत्काल जोड दिनुपर्छ। स्थानीय तहलाई अधिकार र साधन स्रोत नदिने,अनि सार्वजनिक शिक्षा र शिक्षण क्षेत्रको सुधारको जिम्मेवार बनाउने प्रवृतिले हामीलाई गाँजेको छ।

काठमाडौं महानगरजस्ता केही स्थानीय सरकारसँग अथाह श्रोत साधन र राजश्व संकलन हुने भएकाले उनीहरुले सार्वजनिक शिक्षाको सुधारका लागि पूर्वाधार विकासदेखि शिक्षण सिकाइ, तालिम र विद्यार्थीको क्षमता वृद्धिजस्ता कार्यक्रममा लगानी गर्न सक्छन् र परिणाम पनि निस्किन्छ । तर दूरदराजका स्थानीय सरकार जसको आफ्नै राजश्वको श्रोत छैन र केन्द्र सरकारको अनुदानको भरमा चल्छन्, तिनीहरुले चाहेर पनि ठूलै परिवर्तन सम्भव छैन । यसको अर्थ साधन श्रोत छैन भनेर अहिलेकै अवस्थामा रहनुपर्छ भन्ने चाहिँ होइन ।

स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक वा प्राचार्य, शिक्षक र अभिभावक तथा स्थानीय अगुवाहरुको संयुक्त प्रयासबाट केही न केही सुधार गर्न भने सम्भव छ । किनकी आजका मितिमा भौतिक पूर्वाधार सार्वजनिक शिक्षण संस्थाहरुमा कमजोर छैन । शिक्षक शिक्षिकाहरु शिक्षक सेवा आयोग पास गरेर आएका सक्षमहरु नै छन् भने हाम्रा विद्यार्थी किन कमजोर भए ? हाम्रो सार्वजनिक शिक्षा किन कमजोर छ त ? यसबारेमा हामी बसेर छलफल गर्न सकिन्छ ।

विद्यालयमा राजनीतिले शिक्षाको गुणस्तर बिग्रियो भन्ने भाष्य पनि अब पूरानो भइसकेको छ । बिगतमा के भयो भन्नेतिर नजाने हो भने आज शिक्षकहरु कुनै पनि राजनीतिक दलका कमिटीमा छैनन् । आफ्ना पेशागत संघ-संगठनमा आबद्ध हुनेबाहेक अधिकांश शिक्षकहरु राजनीतिमा प्रत्यक्ष संलग्न छैनन् । त्यसैले राजनीतिले शिक्षा बिगार्छ भन्ने भाष्यबाट पनि हामी भ्रममुक्त हुन जरुरी छ ।

शिक्षा विकाससम्बन्धी राष्ट्रिय नीति निर्माण गर्ने सरकारकै लगानीमा सञ्चालित शिक्षण संस्थाहरूको शैक्षिक गुणस्तरप्रति अभिभावकको विश्वास घट्नु भनेको हामी सबैका लागि चुनौति बनेको छ । जनप्रतिनिधिले सार्वजनिक विद्यालयमा सन्तान पढाउनैपर्छ भन्ने कतिपय लहर पनि नचलेको होइन,त्योमात्र समाधान हो त ? यसबारेमा पनि बहस गरौं ।

छात्रालाइ छात्रवृत्ति र सेनेटरी प्याड वितरण पनि शिक्षामा निरन्तरता दिने र गुणस्तर बढाउने उपायको पनि राम्रो अभ्यास गरौं । भर्ना अभियानका बेला प्रधानमन्त्री, मन्त्री, सांसद, प्रदेश प्रमुख तथा जनप्रतिनिधिहरूबाट अभिभावकत्व ग्रहण गर्दै पोशाक, शैक्षिक सामग्रीसहित शुल्क व्यवस्था गरिदिनाले अभिभावकविहीन तथा विपन्न कतिपय बालबालिकालाई पढ्ने अवसर पछिल्लो समय मिलिरहेको छ । यसलाई मौसमी नभएर संस्थागत बनाउदै लैजानुपर्छ ।

संघीय शिक्षा व्यवस्थामा अब देशभरका नगर तथा गाउँपालिकाहरूले शिक्षा नियमावली कार्यान्वयन गरी शिक्षामा व्यापक सुधार कार्यक्रम अघि सार्नेबारे नगरपालिका संघ र गाउँपालिका महासंघहरुबीच पनि छलफल चलिरहेको छ । सार्वजनिक शिक्षाको सुधारमा जनप्रतिनिधिको भन्दा बढी भूमिका विद्यालय व्यवस्थापन समिति र समितिको भन्दा बढी भूमिका प्राचार्य, प्रधानाध्यापक, शिक्षक र अभिभावककै हुन्छ भन्ने यथार्थ चाहिँ हामीले मनन गर्नैपर्छ ।

शिक्षामा लगानी विना कुनैपनि स्थानीय तहले आफ्नो शक्ति र सामर्थ्यको विकास गर्न सक्दैनन् । सामर्थ्य विना समृद्धिको सपना पनि साकार पार्न कठिन हुन्छ । स्थानीय तहले आफ्नो प्रतिबद्धता, जिम्मेवारी र दायित्व कसरी लिन खोजेको छ त भन्ने विषयको अभिव्यक्ति उसले बनाउने ऐन, नियम, कार्यक्रम, निर्देशिका, श्रोत परिचालनबाट अभिव्यक्त हुन्छ । यसमा स्थानीय सरकारलाई शिक्षा क्षेत्रका जानकार तथा विद्यालयका शिक्षक तथा अभिभावकहरुले पनि सल्लाह, सुझाव र रचनात्मक आलोचनामार्फत सघाउनुपर्छ ।

शिक्षाको हकलाई आत्मसात् गरी बालबालिकामाथि लगानी गर्नका निमित्त स्थानीय तहले शिक्षाको विकासका लागि केही गर्ने प्रयास पनि भइरहेको छ। आफ्नो क्षेत्राधिकारभित्र रहेको स्थानीय तहमा विद्यमान विद्यालय र यसको अवस्था तथा विद्यार्थीको पहिचान गरी विभिन्न समूहमा वर्गीकरण गरी नयाँ ढंगले शिक्षाको गुणस्तर विकास गर्न सकिन्छ।

केही गरौँ भन्ने उत्साह भएका जनप्रतिनिधिहरूका लागि थोरै मात्र भए पनि सशक्तिकरणको खाँचो देखिन्छ। विद्यालयमा गएर के गर्ने ? के कुरा गर्ने ? के भन्ने जस्ता विषयमा पनि जनप्रतिनिधिहरूमा अलमल हुन सक्छ। हिजो आफ्ना लागि भोट माग्दै हिँडेका शिक्षकहरूलाई काम गरेनौ भन्न पनि अप्ठ्यारो भएको हुन सक्छ। राजनीतिक सन्दर्भमा, चुनावी मैदानमा के के भयो भन्दा पनि अब गर्ने काम के हुन् भन्नेमा ध्यान दिनै पर्छ।

शिक्षाको अधिकार भनेको स्कुल जान पाउनु र दिनभर स्कुलमा बस्नु मात्र होइन। शिक्षाको अधिकार भनेको विद्यालयमा केही कुरा सिक्न पाउनु र सिक्नु हो। बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु स्थानीय सरकारको प्राथमिकता हुनुपर्छ। केही उदाहरणलाई छोड्ने हो भने नयाँ विद्यालय खोल्नुपर्ने आवश्यकता ज्यादै न्यून छ, त्यसैले भएका विद्यालयमा सिकाइ सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्छ।

स्थानीय सरकारका पदाधिकारीहरूले आफ्नो क्षेत्रका विद्यालयको नियमित अनुगमन गर्ने, शिक्षकहरूलाई प्रोत्साहित गर्ने, सिकाइ सुनिश्चित गर्न के समस्या छन् अन्तक्रिया छलफल गर्ने, अभिभावकका तर्फबाट, स्थानीय सरकारका तर्फबाट जनप्रतिनिधिले विद्यालयका लागि के योगदान गर्न सक्छन् भन्नेतर्फ ध्यान दिनु आवश्यक छ। जनप्रतिनिधिहरू आफुलाई केही त गरौँ भन्ने भावना विकास गर्नेपर्छ। हाम्रा विद्यालय सुधार गरिदिने हामीले नै हो भन्ने अभियानको थालनी गर्नुपर्छ।

स्थानीय सरकारमा चुनिएका जनप्रतिनिधि आफैंमा सर्वज्ञानी हुँदैनन्। चिनिया कथाको पात्र चुकेल्याङजस्तै आफैंमात्र जान्ने र सबै काम आफैं फत्ते गर्न सक्छु भन्ने पनि आज कोही छैनन्। सबै पढेलेखेका पनि छैनन्। तर उद्देश्य चाहिँ सार्वजनिक शिक्षाको विकास हुनुपर्छ भन्ने राखेकै छन्। यो अवस्थामा एकले अर्कोलाई सघाउँदै, बुझाउँदै र झक्झक्याउँदै एउटा विद्यालय वा शिक्षण संस्थालाई एक आर्थिक वर्षमा सुधार गर्ने लक्ष्य राखेर गरियो भने एकाध वर्षमा हाम्रा गाउँघरका विद्यालयको सार्वजनिक शिक्षा साँच्चिकै सुध्रिएर प्रतिस्पर्धी अवस्थामा पुग्न सक्छ कि ?

# कानुन र शिक्षा

शंकर सुवेदी
बरिष्ठ अधिवक्ता
सर्वोच्च अदालत, रामशाहपथ

कानुनलाई प्रायः मानिसले जटिल अबोधगम्य दुविधायुक्त र वृहत् रुपमा बुझ्ने गर्छन् । तर कानून सरल बोधगम्य सुस्पष्ट र सामान्य विषय हो । व्यक्ति र समाजको सामान्य नियम नै कानुन हो । त्यो व्यक्तिको सामान्य समझभन्दा टाढाको विषय नै होइन । एउटा सर्व सामान्य व्यक्तिको सुझबुझ र समझ नै धेरै व्यक्ति को सुझबुझ र समझसँग मिल्छ। धेरै व्यक्तिको सुझबुझ र समझले नै कानुनको रूप लिने हो । कुन कुरा ठीक हो, कुन बेठीक हो भनी छुट्टयाउने क्षमता प्रत्येक व्यक्तिमा हुन्छ । सामूहिक विवेकले तय गरेको नियम आचरण र तयार गरेको बन्दोबस्त नै वास्तवमा कानुन हो। यो समाजले बन्दोवस्त गरेको नियम हो ।

कानुनको परिभाषा, उत्पत्ति र विकास सम्बन्धमा विधिशास्त्रीहरूमा विवाद छ । कसैले कानुनलाई ईश्वरको आदेश हो भन्छन्, कसैले यो इतिहासले विकास गरेको आचरण र अभ्यास हो भन्छन् । कसैले कानुनको उत्पत्ति विकास र मृत्यु समाज सँगसँगै हुन्छ भनी समाजसँग अलग गर्न नसक्ने विषयको रुपमा परिभाषित गर्छन् । कोही कानुन भनेको संप्रभुको आदेश हो भन्छन् भने कसैकसैले न्यायाधीशको फैसला नै कानून हो भन्दछन् । जे भने पनि कानून समाजको बृहत्तर हितको लागि हो । प्रोफेसर कृष्ण ऐयर भन्नु हुन्छ" Ultimate goal of law is Justice" कानुनको अन्तिम उद्देश्य वा ध्येय न्याय नै हो । न्याय समाजको अभिष्ट हो। संविधान देशको मूल कानून हो । संविधान अन्तर्गत ऐनहरू हुन्छन् । ऐन अन्तर्गत नियमावली, नियम, विनियम हुन्छन् । नियमको अधीनमा निर्णय आदेश आदि हुन्छन् । संविधान ऐन, नियम, विनियम परिपत्र र आदेश निर्णय आपसमा बाझिन गएमा यसै कमले मान्यता पाउँछ ।

कानून प्रणाली राजनैतिक व्यवस्था, संस्कृति, प्रथा प्रचलन, सामाजिक मूल्य र मान्यतामा आधारित हुन्छ । सोही आधारमा विश्वका कानून प्रणालीहरू पनि फरकफरक प्रचलनमा छन् । नेपालको कानुन प्रणाली मूलतः हिन्दु धर्म संस्कृतिमा आधारित छ । सामाजिक मूल्य र मान्यता प्रतिकुलका कानूनी प्रणाली कायम रहन सक्दैनन् । समाजले मान्यता नदिएका कानुनहरू विस्थापित हुन्छन् । यस अर्थमा नेपालको कानुन प्रणाली हिन्दु धर्ममा आधारित न्याय, विवेक, प्रथा, प्रचलन, सामाजिक नैतिकतामा आधारित छ ।

हरेक व्यक्तिले प्रत्येक पाइलामा कानुनको पालना गर्नुपर्छ । कानुनको अनभिज्ञता क्षम्य हुँदैन (Ignorance of law is no excuse) भन्ने विश्वव्यापी मान्यता छ । त्यसैले सबैले कानुनको ज्ञान राख्नु अनिवार्य छ । कानुन तोड्ने सबैले आफूलाई कानुन थाहा थिएन भनेर उम्कन खोज्छ । कानुन जानेको छ वा छैन भन्ने कुरा जाँच गर्न कुनै प्रविधिको विकास भएको छैन । त्यसैले कानुनी शिक्षा अनिवार्य विषय हो । समाजमा व्यक्तिगत, सामाजिक र राष्ट्रिय स्वार्थहरू एक आपसमा टकरावमा हुन्छन् । ती तीनवटै स्वार्थलाई कानुनले परीक्षण गरिरहेको हुन्छ र सन्तुलन कायम गरिरहेको हुन्छ । सामाजिक ऐक्यवद्धता (Social Solidarity) सामाजिक सद्भाव (Social Harmony) कायम गरिरहेको हुन्छ र सन्तुलन कायम गरिरहेको हुन्छ । कानुनले समाजमा बास गरेको हुन्छ । कहिले कानुन अगाडि हुन्छ, कहिले समाज अगाडि हुन्छ तर यी दुवै धेरै टाढा रहने सक्दैनन् । समाज बिनाको कानून र कानून विनाको समाजको औचित्य

पुष्टि हुनै सक्दैन । त्यसैले समाजका प्रत्येक सदस्यले नेपालमा उच्च शिक्षा तहमा कानुन शिक्षा आर्जन गर्न पाइन्छ । कानुनको अज्ञानता क्षम्य नहुने भएकोले कानुन जान्नु, कानुनी शिक्षा प्राप्त गर्नु पनि त्यत्तिकै जरुरी छ । कम्तिमा सबै कानुन र कानुन प्रणालीको जानकारी संम्भव नभए पनि आफूसँग सम्बन्धित कानुनी शिक्षा प्रत्येक व्यक्तिले आर्जन गर्ने पर्दछ । कानुन सम्बन्धी ज्ञान दिन उच्च माध्यमिक तहबाटै कानून सम्बन्धी आधारभूत कुरा पाठ्यक्रममा राखिनु अनिवार्य देखिन्छ । शिक्षा क्षेत्रका नीति निर्माण तहका पदाधिकारीहरूको यस विषयमा ध्यान जान जरुरी छ । औपचारिक वा अनौपचारिक शिक्षाको माध्यमबाट कानुनी शिक्षा सबैमा पुर्याउनु आवश्यक छ । शैक्षिक प्रतिष्ठानहरूको यस काममा महत्वपूर्ण भूमिका रहन्छ ।

# स्वस्थ जीवनको लागि शिक्षा

ज्ञानबहादुर बस्नेत
निर्देशक
कोशी प्रदेश जनस्वास्थ्य कार्यालय, धनकुटा

शिक्षा नै जीवनको ज्योति हो, जसले अन्धकारमय जीवनलाई उज्यालोतिर लैजान्छ। जन्मेदेखि नै मानिसले शिक्षा शुरु गरको हुन्छ अनौपचारिक रुपमा होस या औपचारिक। शिक्षाको सुरुवात घरैबाट हुन्छ र घरमा आमा शिक्षित छन् भने परिवार सबै शिक्षित हुन्छन्। जबसम्म मानिसले पढाइ लेखाइ शुरु गर्दैन उसले जीवनलाई कुन बाटोमा लैजाने भन्ने कुराको निर्णय गर्न सक्दैन। शिक्षामा लगानीले सुनौलो बिहानी ल्याउने कुरा सर्वसम्मत भएको छ। शिक्षाको ज्योतिले सोचाइ र अनुभूतिमा प्रशस्त फरक पारेको हुन्छ। शिक्षा दिने वातावरण राम्रो अनि शिक्षक र विद्यार्थीको सम्बन्ध सुमधुर भएमा मात्र विद्यार्थीले राम्रो सीप सिक्नसक्छ। त्यसरी सिकेको शिक्षा व्यवहारिक भई सकारात्मक सोचतिर उन्मुख हुन्छ र राष्ट्रले विकासको ढोका खोल्दछ।

स्वस्थ हुन शिक्षाको कति महत्व छ भन्ने कुरामा अमेरिकामा भएको एक अध्ययनले के देखाएको छ भने स्कुलको शिक्षा पूरा गरेको भन्दा कलेज पढ्न थाल्ने मानिसहरू ५ वर्ष वढी बाँचेका छन्। त्यस्तै अर्को अध्ययनले देखाएको कुरामा ४ वर्ष थप अध्ययन गर्ने मानिसहरूमा मधुमेह १.३ प्रतिशत, मुटु रोग २.२ प्रतिशत, भारी वजन ५ प्रतिशत र धुम्रपानको लत १२ प्रतिशतले घटेको पाइएको छ। त्यसै गरी जति आमा शिक्षित हुन्छन त्यतिनै स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढी भई आमा तथा बच्चा सुरक्षित हुने र शिशु मृत्युदर घटेको पाइएको छ, जसले गर्दा सहस्राब्दी विकास लक्षको शिशु मृत्युदर घटाउने चौथो लक्ष्य पूरा गर्न टेवा मिलेको देखिन्छ त्यसैले शिक्षा र स्वास्थ्य एक अर्काका परिपुरक हुन। शिक्षा विना स्वस्थ रहन भने स्वस्थ जीवन विना शिक्षा लिन पनि असम्भव छ।

स्वास्थ्य नै धन हो यो मूल नाराका साथ विश्व अघि बढी रहेको सन्दर्भमा मानिसको जीवनयापनको शैलीमा व्यापक परिवर्तन ल्याएको पाइएको छ। रोग नलाग्नु नै स्वास्थ्य हो भन्ने मात्र विचारलाई त्यागी स्वस्थ जीवन जिउनको लागि समाजमा भई रहेका रहन सहन आनी-बानीमा पनि प्रशस्त परिवर्तन हुन आवश्यक छ। केवल रोग नहुँदैमा स्वास्थ्यको अवस्था ठीक हुन्छ भन्ने नसोची शारीरिक, मानसिक र सामाजिक रुपमा समेत निपूर्ण हुनु नै स्वास्थ्य हो भनी विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्यको परिभाषा गरेको छ। हुन त समय अनुसार स्वास्थ्य, जीवन र जगत्का विषयमा नयाँनयाँ परिभाषा नआएका होईनन जे जसो भए पनि स्वस्थ भई बाँच्न पाउनु हामी सबैको नैसर्गिक अधिकार भएको कुरा नकार्न मिल्दैन। विश्व तापमान वृद्धि, विश्व व्यापीकरण तथा विश्वको सामरिक होडवाजीको कारण हामी सामु स्वास्थ्यका धेरै समस्याहरू देखा परिरहेका छन। त्यसको बावजुद् पनि स्वस्थ जीवनयापन गर्ने परिपाटीको विकासको लागि विभिन्न संघ संगठन लागि रहेको अवस्था छ। केही समय अघिसम्म सरुवा रोगको कारणवाट विश्वमा धेरै मानिसहरू हताहत भएका प्रशस्तै प्रमाणहरूछन तर आज आएर ठीक उल्टो सरुवा रोग भन्दा पनि नसर्ने खालका समस्या जस्तै रक्तचाप, मधुमेह, क्यान्सर, मृगौला, मुटु सम्वन्धी रोग, अन्धोपना, मोटोपना तथा सडक दूर्घटनाको शिकार जस्ता समस्यावाट हामी आक्रन्त छौं।

खानपान बानी व्यहोराको कारणवाट हुन सक्ने समस्या नै अहिले विश्वमा स्वास्थ्यमा देखा परेको चुनौतिको रुपमा आईरहेको छ। जस्तो खाना त्यस्तै सोचाइ को विकास हुन्छ भन्ने भनाइ अनुसार अस्वस्थकर तथा तामसी भोजनबाट देखा पर्ने समस्याले स्वास्थ्यमा गम्भीर असर परी रहेको सन्दर्भमा भोजनको आवश्यकता र महत्व बुझ्नु जरुरी भएको

छ। जिउनुको अर्थ जीवन बिताउनु या उमेर ढल्काउनुमात्र नभई स्वस्थताको अनुभूति पनि हो । स्वस्थ हुनु गुणस्तरीय जीवनसँग गासिएको विषय हो । स्वास्थ्यमा गुणस्तरियता नाप्नलाई भव्य शहर, भव्य महल र अपार व्यक्तित्वको खाँचोभन्दा पनि गाउँमै किन नरहोस्, झुप्रोमै बसेर जीवन यापन किन नगरोस् यदि स्वस्थ र स्वच्छ वातावरणमा बसी धारणा परिवर्तनमा सकारात्मक ज्ञान र सीपको विकास हुन्छ भने त्यो स्वस्थ जीवन हो ।

स्वस्थ जीवन, उत्कृष्ठ विचार स्वस्थ भई जिउनको लागि निम्नानुसार कार्यहरूगर्नु पर्दछ :

- सन्तुलित खाना (कार्बोहाईड्रेट, प्रोटिन, भिटामिन र खनिजयुक्त) को प्रयोग गरौं
- चिल्लो, बढी नुन भएको, तारेको, डढेको, बासी, सडेगलेको खाना नखाऔं
- दैनिक शारीरिक व्यायाम गरौं
- प्रशस्त सफा पानीको प्रयोग गरौं
- नियमित सरसफाई गरौं
- नियमित स्वास्थ्य जाँच गरौं
- सकारात्मक सोचको विकास गरौं

जबसम्म हामी स्वस्थ रहने बानी व्यहोराको विकास गर्दैनौं तवसम्म स्वस्थ जीवनको परिकल्पना गर्न पनि गाह्रो हुन्छ । स्वस्थ रहनको लागि गर्भवती महिला र गर्भमा रहेको भ्रुणको स्वास्थ्यमा ख्याल राख्नुपर्छ । आमा स्वस्थ भएमा बच्चा पनि स्वस्थ हुने र स्वस्थ बच्चाबाट मात्र देशको विकास हुने कुरालाई मध्य नजर राख्दै बच्चा जन्मेदेखि १८ वर्ष सम्मको उमेरमा दिमागको विकास हुने भएकोले खानपान र स्वस्थ वातावरणको खाँचो औल्याईएको छ, जस्को लागि अनौपचारिक तथा औपचारिक शिक्षाको जरुरी छ । शिक्षानै स्वस्थ भई वाँच्नलाई ज्ञान, धारणाको विकास गराउने पूर्वाधार हो। जब मानिस शिक्षित हुन्छ स्वस्थ भई रहने पद्धतिको विकास गर्न अभ्यस्त हुन्छ फलस्वरुप मानिस स्वस्थ भई देशको सर्वाङ्गिण विकास गर्न अघि बढछ ।

श्री ग्रामोदय युगकवि उच्च माध्यमिक विद्यालय गाम्नाइटारले आफनो ५०औं वार्षिकोत्सव मनाउदै गरेको महान् अवसरमा शिक्षित जनशक्ति उत्पादन गर्न पुर्याएको सहयोगको सह्राना गर्दै आगामी दिनमा घरघरमा शिक्षाको ज्योति पुरयाई सबैको ओठमा मुस्कान छर्न सफल बनोस् यही हार्दिक शुभकामना ।

# शिक्षण पेशा र चुनौती

**गोकर्णप्रसाद लम्साल**
उप-प्राध्यापक
ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

प्राचीन गुरुकुलीन शिक्षा परम्परामा गुरु ब्रम्हा, गुरु विष्णु, गुरु देव महेश्वर भनेर शिक्षकहरूलाई सम्बोधन गरिन्थ्यो । अर्थात, गुरु भनेको ब्रम्हा (विष्णु सबैको रूप हो भन्ने धारणा त्यति बेला रहेको थियो। जुन बेलाका शिक्षा प्रणालीमा व्याकरण, आध्यात्मिक चिन्तन, धार्मिक अनुष्ठान, तथा शास्त्रज्ञान शिक्षाको प्रमुख विषय हुन्थ्यो भने शिक्षक सर्वज्ञानी सम्पूर्णता र गुरुदैवत हुन्थे । आजको जस्तो औपचारिक शैक्षिक पद्धतिको विकास नभईसकेको तात्कालीन अवस्थामा शिष्यहरू गुरुको आश्रम/कुटिमा जाने र आफ्नो गुरुबाट प्रदान गरिएका ज्ञान ग्रहण गर्दै बदलामा गुरुको सेवा सत्कार गर्ने तथा घरायसी कामकाजमा सहयोग गरिदिने प्रचलन थियो। त्यति बेलाको शिक्षा प्रणालीमा बाबु र छोरा तथा भगवान र भक्तको जस्तो सम्बन्ध गुरु र शिष्य बीच रहन्थ्यो ।

संस्कृत शिक्षा तथा बौद्ध शिक्षा प्रणालीबाट विकसित हुँदै लिच्छवीकालीन र मल्लकालीन शैक्षिक गतिविधिलाई पार गरी नेपाल एकीकरण पश्चात् शिक्षा, शिक्षक र शिक्षण पेशाप्रति फरक दृष्टिकोण र आधुनिक चिन्तनहरू देखा पर्न थाले । अर्थात् ईश्वरको प्रतिमुर्ति भनिएको शिक्षकलाई विद्यार्थीहरूको असल सहयोगी मित्रको रुपमा लिन थालियो भने सर्वतोमुखी भनेर चिनिएका सबै शिक्षकहरू केवल सहजकर्ताको रुपमा सम्बोधित भएका छन् । साथै, आधुनिक सिकाइ सिद्धान्तले पनि शिक्षकहरूलाई एउटा असल मित्र, पथ प्रदर्शक, प्रेरणाको स्रोतको रुपमा परिभाषित गर्न थालेको छ । प्राचीन समयमा गुरु र शिष्यको सम्बन्ध बाबु र छोराको जस्तो हुनु र छोरालाई बाबुलाई पुज्ने परम्पराको कारण शिक्षकहरू ईश्वर समान हुन्थे । त्यति मात्र होइन सबैलाई असल बोटोमा डोऱ्याउने, ज्ञानको ज्योति छरेर मनको अन्धकारलाई हटाउने, भेदभाव नगर्ने तथा मूर्खलाई पनि विद्वान् बनाउने क्षमता शिक्षकमा हुनुले उनीहरूलाई ईश्वरीय प्रतिच्छायाको रुपमा व्याख्या गरिएको हो । प्राचीन समयमा शिक्षक सम्बन्धी यस्तो धारणा रहे तापनि वास्तवमा शिक्षक ईश्वर होईन, शिक्षक केवल असल मानवीय गुणले भरिएको समाज सचेतक तथा ज्ञानको स्रोत मात्र हो ।

प्राचीन शिक्षा प्रणालीको तुलनामा आधुनिक शिक्षा पणालीमा शिक्षकहरूको भूमिका, दायित्व र कर्तव्यमा खासै फरक नभए तापनि शिक्षकहलाई हेर्ने दृष्टिकोणमा भने भिन्नता आउन थालेको छ । शिक्षक ज्ञानको स्रोत हो, समाज रुपान्तरणको संवाहक हो। समग्र राष्ट्रनिर्माण गर्ने राष्ट्रनिर्माता हो । सामान्य अर्थमा औपचारिक कक्षाकोठामा पाठ्यक्रमको सीमाभित्र रही निश्चित समयाबधिमा निश्चित उद्देश्य पूरा गर्ने गराउने उद्देश्यले अध्ययन अध्यापन गर्ने गराउने व्यक्तिलाई शिक्षक भनिए तापनि विस्तीर्ण अर्थमा जुनसुकै र स्थानमा जुनसुकै ज्ञान प्रदान गर्ने मार्ग दर्शन गर्ने, सीप सिकाउने र शिक्षा दिएर सत्मार्गमा हिँड्न सिकाउने व्यक्ति नै शिक्षक हो । यस अर्थमा प्रत्येक मानिसले शिक्षक हुन सक्ने हैसियत लिएको हुन्छ ।

पाठ्यक्रमको औपचारिक क्षेत्र भित्र प्रवेश गर्दा आफूले जानेबुझेको र आर्जन गरेको ज्ञान सीपलाई विद्यार्थी माझ प्रस्तुत गर्दै बौंसम्म एउटै तह र विषयमा शिक्षण गर्ने शिक्षकको ज्ञानको भण्डार कति व्यापक होला? आफूले पढाएका विद्यार्थीहरू आफूभन्दा धेरै माथिल्लो स्तरमा पुगेको देखेर सधैं एउटै अवस्था र स्थानमा रहेका शिक्षकहरूलाई

कुवाको भ्यागुतो भनिए तापनि ती सबै व्यक्तिहरूलाई त्यो अवस्थामा पुऱ्याउने आधार तथा हरेक ज्ञान र विषयको स्रोत शिक्षक स्वयं भएकोले यस अर्थमा शिक्षक समुन्द्रको माछा हो, जसले संसार देखेको छ र ज्ञानको गहिराई नापेको छ अनि धेरै झञ्झटको सामना गरेको छ ।

समाजमा ठूला व्यक्तिहरूको नाम लिनुपर्दा सबैले डाक्टर, ईञ्जिनिएर, पाईलट जस्ता विभिन्न नामहरू उच्चारण गरेको पाईन्छ । तर ती व्यक्तिहरू उत्पादन गर्ने शिक्षक अथवा तिनलाई पढाउने गुरुहरूको नाम सायदै आउँदैन । शिक्षक किन यति सस्तो भयो ? हामी विचारमा सङ्कीर्ण छौं, चिन्तनमा गरिव छौं र हाम्रो सोचाइ सानो छ । त्यसैले शिक्षक के हो, भनेर यसको वास्तविक परिभाषा दिन सकिरहेका छैनौं । शिक्षकलाई ठूलो पानीजहाजको कप्तानसँग तुलना गरिन्छ, जसले विद्यार्थीहरूलाई सही गन्तव्यमा लगेर विश्रान्ति दिन्छ । शिक्षक पानीको मुहान हो, जो आफू शुद्ध हुँदा सबै समाज स्वस्थ बन्दछ भने आफू अशुद्ध भईदिदा पूरै समाज रुग्ण हुन पुग्दछ । शिक्षक एउटा मैनबत्ती हो आफू जलेर पनि अरुलाई ज्ञानरुपी उज्यालो दिन्छ यस अर्थमा शिक्षक साँच्चै ज्ञानको स्रोत हो, विद्यार्थीको भविष्य निर्माता हो, समाजको हरेक विषय क्षेत्रको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने हतियार हो, समाज रुपान्तरणको वाहक हो। शिक्षक पेशा आफैमा गम्भीर संवेदनशील र चुनौतिपूर्ण पेशा हो। अन्य पेशाको तुलनामा यो पृथक स्वभावको हुनुको साथै यसको लागि विशेष कला र शीप चाहिने हुनाले पनि ज्ञान आर्जन गरेका सबै व्यक्ति हरुले यो पेशामा लागि परेर एउटा असल आदर्श शिक्षकको हैसियतले आफूलाई उभ्याउन सक्दैनन् । किनकि जान्नु र जानेको कुरा पढाउनुमा धेरै भिन्नता छ। ‘जान्नु भन्दा आफू अनुकुल हुनेगरी विषयगत ज्ञान र सीप आर्जन गर्ने भन्ने बुझिन्छ भने पढाउनु भन्दा विविध क्षमता, स्तर र पृष्ठभूमिका विद्यार्थीहरूलाई समायोजन गर्दै उनीहरू अनुकूल हुनेगरी ज्ञान सीप प्रदान गर्नु, अभिनय गर्नु वा भूमिका प्रदर्शन गर्नु भन्ने अर्थ लाग्दछ । त्यसकारण शिक्षक बन्न सजिलो छ तर आदर्श शिक्षक बन्न गाह्रो छ। यसको लागि शिक्षक व्यक्तिगत, सामाजिक, शैक्षिक जस्ता तीनै गुणले सुसज्जित तथा क्षमतावान्, नैतिकवान्, विषयगत ज्ञान भएको, सीप सिकाउन सक्ने, विषयको प्रकृति अनुरुप पद्धति, विधि र प्रविधिको प्रयोग गर्नसक्ने, तत्काल निर्णय लिन सक्ने, नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने, पेशाप्रति सकारात्मक धारणा भएको हुनुपर्दछ । तर नेपालको परिप्रेक्ष्यमा सक्षम र क्षमतावान् व्यक्तिहरू सकेसम्म अन्य पेशा र क्षेत्रमा लाग्ने र केही नलागेपछि चाहिं शिक्षण पेशलाई सामान्य पेशाको रुपमा लिएर शिक्षक बन्न आउने गरेकोले पाए अन्त नपाए गोपालेको जन्त भन्ने नेपाली उखान अहिले नेपालको शिक्षाप्रणालीमा देखा परेको छ । यस्तो अवस्था सृजना हुनुका प्रमुख कारणहरू राज्यको शिक्षाप्रतिको नीति, समाजले शिक्षकलाई हेर्ने दृष्टिकोण, व्यक्तिको सङ्कुचित सोचाइ र शिक्षण पेशाप्रतिको गम्भीरता र चुनौतिलाई मनन् गर्न नसक्नु हो। यतिमात्र होईन अस्थीर राजनीतिक प्रणाली, विद्यालय राजनीतिको कीडाथलो बन्दै जानु, विद्यालयको सम्पूर्ण स्वायत्तता र अधिकार समुदायमा हस्तान्तरण गरिनु, वि.व्य.स.को छनोटदेखि शिक्षक छनोट सम्म सोझै राजनैतिक पूर्वाग्रह र हस्तक्षेप हुनु, अन्य क्षेत्रका कर्मचारी सरह सेवा सुविधा नहुनु जस्ता विविध समस्याहरूले गुणस्तरीय शिक्षा र शिक्षण पेशाप्रति गम्भीर प्रश्न चिन्ह खडा भएको छ। तसर्थ शैक्षिक क्षेत्रमा देखिएका यी विभिन्न समस्याहरूलाई सम्बोधन गर्दै जबसम्म राज्यले शिक्षाको सन्दर्भमा स्पष्ट र प्रभावकारी शिक्षा नीति अवलम्वन गर्दैन तवसम्म शिक्षण पेशाप्रतिको समस्या समाधान हुन सक्दैन। शिक्षण पेशा मागी खाने भाँडो होइन, नत यो ठगी गर्ने पेशा नै हो । सीप सिकाएर, पसिना बगाएर, बौंसम्म कसरत गरेर मानिसलाई मानिस बनाउने र आफूलाई शिक्षक हुँ भनेर गर्व गर्नसक्ने सम्मानित पेशा हो ।

कुनै पनि व्यापार व्यवसाय र पेशाका आ-आफ्नै खालका चुनौती र समस्याहरू हुने गर्दछ । त्यसमा पनि शिक्षण पेशा जस्तो संवेदनशील र गम्भीर पेशामा त्यस्ता कठिनाइहरू बढी देखिने गर्दछ । यसलाई आदर्शमय, भव्य र सीपमूलक

तथा प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने सवालमा धेरै चुनौतिहरूको सामना शिक्षकहरूले गर्नु परेको छ। सामान्यतः नेपालको परिप्रेक्ष्यमा एउटा आदर्श शिक्षकले आफ्नो कार्य सम्पादन गर्ने क्रममा देखे भोगेका चुनौतिहरूलाई निम्नानुसार हेर्न सकिन्छ ।

१) पर्याप्त भौतिक तथा शैक्षिक सामग्री नभएको विद्यालयमा एउटै कक्षामा ७०/८० जना विद्यार्थी राखेर विषयगत ज्ञान प्रदान गरी सीप सिकाउनु पर्ने,

२) कहिल्यै पाठ्यक्रम विद्यालयमा नपुग्ने, शैक्षिक । सत्रको मध्य सम्ममा विद्यार्थीहरूले पाठ्यपुस्तक फेला नपारेका ग्रामीण भेगका विद्यालयहरूमा तालिम लिन नपाएको अवस्थामा मनगढन्ते सीप र विधिको प्रयोग गर्दै विना पाठ्यक्रम/पाठ्यपुस्तक शिक्षण गर्नुपर्ने,

३) प्रत्येक शिक्षकले कक्षाकोठामा दक्ष प्राविधिक र सहयोगी मित्रको रुपमा कार्यभूमिका निर्वाह गर्नुपर्ने,

४) विविध क्षमता, स्तर, योग्यता र भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूलाई समायोजन गर्दै व्यक्तिको वैयक्तिक विभिन्नता अनुसार शिक्षण गर्नुपर्ने

५) विभिन्न उमेर समूहका विद्यार्थीहरूको शारीरिक, मानसिक, बौद्धिक विकासक्रम तथा विकासात्मक अवस्थाको मनोवैज्ञानिक अध्ययन गर्दै उनीहरूको ईच्छा, रहर, चाहना र आवश्यकता अनुसार शिक्षण गर्नुपर्ने

६) बदलिंदो परिस्थिति, रुपान्तरित समाज र प्रविधिको क्षेत्रमा भएको विकास तथा परिवर्तनलाई मध्य नजर गर्दै समाज र समयको माग अनुरुप शिक्षण गर्नुपर्ने

७) पाठ्यक्रममा उल्लेख गरिएका विभिन्न सैद्धान्तिक अवधारणाहरूलाई व्यावहारिक रुपमा कक्षाकोठमा अभिनय गर्नुपर्ने

८) हरेक क्षण तयारी अवस्थामा रहनुपर्ने, सँधै आदर्श बन्नुपर्ने तथा कहिल्यै अल्छी र गल्ती नगरी कार्य सम्पादन गर्नुपर्ने

९) राज्यको हरेक अङ्ग र निकायको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने

१०) शिक्षक, विद्यार्थी, अभिभावक र राज्यको लापरबाहीको कारण अमर्यादित बन्दै गईरहेको कमजोर मूल्याङ्कन प्रणालीलाई सुदृढ गराउनु पर्ने

११) विद्यालयमा बढ्दै गईरहेको राजनैतिक प्रभावलाई पूर्ण रुपमा नियन्त्रण गरी विद्यालयलाई शान्ति क्षेत्र बनाई प्रभावकारी शिक्षण गर्नुपर्ने

१२) विद्यालय शिक्षाबाट बञ्चित भएका विद्यालय जाने उमेर समूहका विद्यार्थीहरूलाई विद्यालयको ढोकासम्म पुर्याउनु पर्ने

१३) भर्ना भएर बीचमै कक्षा छाड्ने विद्यार्थीहरूलाई विद्यालय शिक्षाको अन्त्यसम्म डोऱ्याउनु पर्ने

# AI के हो र AI को प्रयोग र शिक्षण सिकाइ

जागेश्वर भट्टराई
बिद्यालय ब्यबस्थापन समिति, सदस्य
ग्रा. यु. सि. मा. बि, लिखु, ओखलढुगां

कृत्रिम बुद्धिमत्ता भनेको यस्तो प्रविधि हो जसले कम्प्युटर, मेसिन, र सफ्टवेयरलाई मानिसले जस्तै सोच्न, निर्णय गर्न, र समस्या समाधान गर्न सक्षम बनाउँछ। यसको उद्देश्य मानिसले गर्ने जटिल कामहरू स्वचालित रूपमा गर्न सक्ने सिस्टम विकास गर्नु हो।

**AI का मुख्य विशेषताहरू:**

1. मेसिन लर्निङ (Machine Learning): डाटा प्रयोग गरेर मेसिनलाई सिकाउने प्रविधि हो, जसले अनुभवको आधारमा सुधार गर्ने क्षमता दिन्छ।
2. डिप लर्निङ (Deep Learning): न्यूरल नेटवर्क प्रयोग गरी जटिल समस्याहरू समाधान गर्ने प्रविधि हो।
3. नेचुरल ल्याङ्ग्वेज प्रोसेसिङ (NLP): भाषालाई बुझ्ने र उत्पन्न गर्ने क्षमता हो, जस्तै च्याटबोट्स र अनुवाद सफ्टवेयर।
4. कम्प्युटर भिजन (Computer Vision): तस्बिर र भिडियो बुझ्ने र विश्लेषण गर्ने प्रविधि हो।
5. रोबोटिक्स (Robotics): शारीरिक र बौद्धिक काम गर्न सक्षम रोबोट विकासमा केन्द्रित छ।

**AI कहाँ प्रयोग हुन्छ ?**

**१. स्वास्थ्य क्षेत्रमा:** रोग पत्ता लगाउन र उपचारमा सहयोग गर्न।

**२. शिक्षामा:** स्मार्ट ट्यूटर प्रणाली।

**३. उद्योगमा:** स्वचालित उत्पादन प्रक्रिया।

**४. यातायातमा:** सेल्फ-ड्राइभिङ गाडीहरू।

**५. दैनिक जीवनमा:** भर्चुअल असिस्टेन्ट, जस्तै सिरी र एलेक्सा।

**AI का फाइदा:**

- समय र लागत बचत।
- जटिल समस्याहरू चाँडो समाधान गर्न सक्ने।
- मानिसको गल्तीहरू कम गर्ने।

**चुनौतीहरू:**

- गोपनीयता र डेटा सुरक्षाको समस्या।

- रोजगारीमा असर।
- नैतिक र सामाजिक प्रभावहरू।
- AI विज्ञान र प्रविधिको तीव्र विकासको उदाहरण हो, जसले हाम्रो जीवनलाई सरल, प्रभावकारी, र उन्नत बनाउने प्रयास गरिरहेको छ।

## AI को प्रयोग र शिक्षण सिकाइ

AI (कृत्रिम बुद्धिमत्ता) को प्रयोगले शिक्षण र सिकाइलाई प्रभावकारी, व्यक्तिगत, र नवीन बनाउन सहयोग गर्न सक्छ। यो प्रविधिले शिक्षक, विद्यार्थी, र विद्यालयलाई विभिन्न प्रकारका सुविधा र समाधान प्रदान गर्दछ। यहाँ AI को प्रयोग गरेर शिक्षण र सिकाइ कसरी गर्न सकिन्छ भन्ने बारेमा केही उपायहरू प्रस्तुत गरिएको छ:

**व्यक्तिगत शिक्षण (Personalized Learning)**
**सिकाइको गति अनुकूलन:**

AI प्रणालीहरूले विद्यार्थीको सिकाइ क्षमता र रुचिलाई मूल्यांकन गरी पाठ सामग्रीलाई अनुकूलित गर्न सक्छन्। यसले प्रत्येक विद्यार्थीलाई आफ्नो आवश्यकताअनुसार पढ्न सहयोग गर्दछ।

उदाहरण: खान एकेडेमी र डुएलिंगो जस्ता प्लेटफर्महरूले व्यक्तिगत शिक्षण प्रदान गर्छन्।

**सीप आधारित पाठ्यक्रम:**

AI ले विद्यार्थीको बल र कमजोरी पहिचान गरी उनीहरूको लागि उपयुक्त पाठ्यक्रम तयार गर्न सक्छ।

**सहायक उपकरण र च्याटबोटहरू**
**च्याटबोट ट्यूटर:**

AI आधारित च्याटबोटहरूले विद्यार्थीको प्रश्नको तत्काल उत्तर दिन सक्छन्, जुन २४/७ उपलब्ध हुन्छ। उदाहरण: ChatGPT जस्तो प्रणालीले होमवर्क सहयोग गर्न वा जिज्ञासाको उत्तर दिन सक्छ।

**भाषा अनुवाद:**

विभिन्न भाषाका विद्यार्थीहरूलाई सहज सिकाइको लागि AI ले पाठ्य सामग्रीलाई तुरुन्त अनुवाद गर्न सक्छ।

**शिक्षकको सहयोग**

**पाठ योजना बनाउने:** AI ले शिक्षकलाई पाठ योजना तयार गर्न, उपयुक्त स्रोतहरू सिफारिस गर्न, र शिक्षण रणनीतिहरू विकास गर्न सहयोग पुर्‍याउँछ।

**मूल्यांकन र प्रतिक्रिया:** AI प्रणालीहरूले विद्यार्थीको परीक्षा वा परियोजनाको छिटो र न्यायपूर्ण मूल्यांकन गर्न सक्छ। यसले शिक्षकलाई समय बचत मात्र गर्दैन, विश्लेषणात्मक रिपोर्ट पनि दिन्छ।

### भर्चुअल रियालिटी (VR) र सिमुलेशन

**अनुभवजन्य सिकाइ:** AI-powered VR ले विद्यार्थीलाई वास्तविक जीवन जस्तै अनुभव दिने गरी शिक्षण गर्न सहयोग पुऱ्याउँछ। उदाहरण: विज्ञानका प्रयोगहरू, ऐतिहासिक घटनाहरूको पुनर्निर्माण, वा चिकित्सा प्रशिक्षण।

### समावेशी शिक्षा (Inclusive Education)

**विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि सहयोग:** AI ले अडियो, भिजुअल, र टेक्स्ट-टू-स्पीच जस्ता प्रविधिहरूको माध्यमबाट विशेष आवश्यकता भएका विद्यार्थीहरूको शिक्षामा सहयोग पुऱ्याउँछ।

### डेटा विश्लेषण र ट्र्याकिङ

प्रगतिशील अनुगमन: AI ले विद्यार्थीहरूको प्रदर्शन विश्लेषण गरेर शिक्षक र अभिभावकलाई नियमित रिपोर्ट प्रदान गर्न सक्छ। उदाहरण: एड्टेक प्लेटफर्महरू मार्फत विद्यार्थीको बल र कमजोरी पत्ता लगाउने।

### खेल-आधारित सिकाइ (Gamified Learning)

**मनोरञ्जनात्मक सिकाइ:** AI ले खेलको माध्यमबाट सिकाइलाई रमाइलो र प्रभावकारी बनाउन सक्छ। उदाहरण: गणित सिकाउनका लागि खेल-आधारित एप्सको प्रयोग।

### प्रेरणा र समर्थन प्रणाली

**सिकाइको अभिरुचि जगाउने:** AI ले प्रोत्साहनका लागि विद्यार्थीहरूलाई अनुकूल प्रतिक्रिया र प्रशंसा दिन सक्छ।

**मानसिक स्वास्थ्य निगरानी:** विद्यार्थीको भावनात्मक स्थिति पहिचान गरी AI ले सकारात्मक मनोबलका लागि समर्थन प्रदान गर्न सक्छ।

## निष्कर्ष

AI को प्रयोगले शिक्षण र सिकाइलाई बढी व्यक्तिगत, सहयोगी, र प्रविधिमैत्री बनाउँछ। यद्यपि, यसको प्रयोग गर्दा शिक्षक र विद्यार्थीहरूलाई प्रविधिको सही उपयोग गर्ने ज्ञान र नैतिकता सिकाउनु महत्त्वपूर्ण छ। शिक्षकको भूमिका AI प्रयोग गर्दा पनि अपरिहार्य रहन्छ, किनभने प्रविधिले मानव संवेदना र नैतिक निर्णयलाई प्रतिस्थापन गर्न सक्दैन।

# शिक्षाको गुणस्तर सुधारमा विद्यालय व्यवस्थापन समिति

निल कमल भट्टराई
पूर्व अध्यक्ष विद्यालय व्यवस्थापन समिति
ग्रामोदय मा.वि.

शिक्षा विकासको पूर्वाधार हो। देशको लागि चाहिने जनशक्ति तयारीको आधार हो। शिक्षा, साधन र साध्यको दुबै हो। गुणस्तरयुक्त शिक्षाले नै गुणस्तरीय जनशक्ति तयार गर्दछ। शिक्षामा गुणस्तर भएन भन्ने कुरा सर्वत्र उठेकोछ। शिक्षाको गुणस्तरमा सुधारका लागि सरोकार पक्षहरू निरन्तर लागिरहेको बताउँछन्। सरकार पनि शिक्षाको गुणस्तर सुधारको कुरा गरेर कहिल्यै थाक्दैन। शिक्षामा भने सुधार हुन सकेको छैन। कक्षा एकमा भर्ना भएका ११लाख बालबालिकामध्ये करिब ४ लाख विद्यार्थी मात्र कक्षा १२ को बोर्ड परीक्षा सहभागी हुन्छन्। तीमध्ये करिब ५३ प्रतिशत उच्च शिक्षा पढ्नको लागि योग्य हुन्छन्। सरकार विद्यालयको पढाइमा सुधार गर्ने तर्फभन्दा परीक्षा प्रणालीमा खुकुलो गर्दै उत्तीर्ण प्रतिशतलाई बढाउँदैछ।अनि शिक्षामा गुणस्तर छ भन्दै ढोल पिट्न थाल्छ। पढाएर होइन तानेर उत्तीर्ण गराएका विद्यार्थीबाट देशले कस्तो अपेक्षा राख्ने ? प्रश्न यही हो। उत्तर पनि यहिँ छ" उचालेको कुकुरले मिर्ग मार्दैन"। विदेश पठाउने प्रमाणपत्र वितरणमा सरकार लागेको देखिन्छ। बाह्रबर्षसम्म निरन्तर अध्यापन गरेर लिएको प्रमाण-पत्रको कुनै मुल्य हुन्न। न त विद्यार्थीले गरिखाने सीप सिकेकोछ। विद्यार्थीमा भएको यो शैक्षिक क्षतिको पूर्ति गर्न सरकार असक्षम भएकोछ। सरकारमा न जवाफदेहिता छ, न सरकार जनताप्रति उत्तरदायी नै छ।

शिक्षा गुणस्तरीय हुन सकेन भन्ने बिषय सर्वकालीन भएकोछ। यो सरकारको मागिखाने भाँडो बनेकोछ। नेताको भाषण गर्ने बिषय। दलका धोषण- पत्रमा शिक्षाको गुणस्तरका सम्बन्धमा आकर्षक शब्दका बुट्टाहरू भर्ने ठाउँ बनेकोछ। संविधानमा गुणस्तरीय शिक्षा बालबालिकाको मौलिक हकको रूपमा रहेकोछ। मौलिक हकको कार्यान्वयन समेत चुनौतीको विषय बनेकोछ। शिक्षामा गुणस्तर कायम गर्न, सरकार, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन, शिक्षक र विद्यार्थीसमेत लागि परेको सुन्न पाइन्छ। तर यसको नतिजा यसै बर्षको एस.ई.ई परीक्षा र कक्षा १२ बोर्ड परीक्षाको नतिजाले देखाई सकेकोछ। शिक्षामा सुधार भन्ने कुरा "छेपाराको कथा" जस्तो भएकोछ।

गुणस्तरीय शिक्षा कस्तो हुन्छ र यसका सूचकहरू के के हुन् ? यसका कुनै खास सूचकहरू नै छैनन्। कुनै विद्यार्थीले परीक्षामा A+ ल्यायो भन्दैमा उसले गुणस्तरीय शिक्षा पायो भन्न सकिँदैन। घोकेको कुरा ओकल्दैमा गुणस्तरीय शिक्षा पायो भन्न सकिँदैन। शिक्षा कति गुणस्तरीय छ भन्नेकुरा उसको व्यावहारिक सीपबाट थाहा पाउन सकिन्छ। संस्कारविहीन शिक्षा गुणस्तरीय शिक्षा हुन सक्दैन।

शिक्षामा गुणस्तर कायम गर्नु बहुआयामिक बिषय हो। विद्यार्थीको रुचि, शिक्षकको लगाव, अभिभावकको खबरदारी, विद्यालय व्यवस्थापन समितिको रेखदेख, स्थानीय, प्रदेश र संघीय सरकारको उत्तरदायित्व र व्यावसायिक एवं प्राविधिक पाठ्यक्रम शिक्षामा गुणस्तर कायम गर्ने आधार हुन्। शिक्षामा गुणस्तर कायम गर्न विद्यालय व्यवस्थापन समितिको भूमिकाका बारेमा लेख केन्द्रित रहनेछ।

## विद्यालय व्यवस्थापन समिति गठनको कानुनी आधार:

शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ मा सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने कानुनी व्यवस्था छ । उपदफा ६ मा विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारको उल्लेख गरेकोछ । शिक्षा ऐनमा उल्लेख भएबाहेक शिक्षा नियमावलीको नियम २५ मा विद्यालय व्यवस्थापन समितिको थप काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण, व्यवस्थापन गर्ने जिम्मा पाएको छ । शिक्षाको समग्र सुधारमा विद्यालय व्यवस्थापन समितिको कानुनत: गहन जिम्मेवारी रहेकोछ । सही व्यक्ति सही स्थानमा नहुँदा अधिकारको दुरूपयोग हुने गरेकोछ। विद्यालय राजनीति गर्ने थलो बन्दै गएकोछ । योग्यता र क्षमता गौण बनेकोछ। विद्यालय व्यवस्थापन समिति पार्टीका कार्यकर्ता भर्ती गर्ने चौतारो बनेकोछ ।

विद्यालय व्यवस्थापन समितिको औचित्यता: नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकको रूपमा राखेकोछ । निशुल्क गुणस्तरीय शिक्षा पाउने हक बालबालिकामा रहेकोछ । यसको शिग्घ्र कार्यान्वयन गर्नु तिनै तहका सरकारको जिम्मेवारी हो । विद्यालय व्यवस्थापन समिति शिक्षा ऐनद्वारा गठन हुने व्यवस्था छ । अर्कोतर्फ धैरै स्थानीय तहले आफ्नै शिक्षा ऐन जारी गरी जनप्रतिनिधी नै विद्यालय व्वस्थापन समितिको स्वतः अध्यक्ष हुने व्यवस्था गरेकाछन् । यी दुईमध्ये कुन प्रक्रिया ठिक र बेठिक भन्ने विषयमा तर्क वितर्क गर्न सकिएला तर मुख्य समस्या भनेको सही व्यक्ति सही ठाउँमा पुग्न नसक्नु हो । आज शिक्षा विधेयकमाथि शिक्षा तथा स्वास्थ्य समितिमा छलफल हुँदा विद्यालय व्यवस्थापन समितिको औचित्यमाथि बहस सुरू भएकोछ । विद्यालय व्यवस्थापन समिति विद्यालयको विकासमा अभिभावक, विद्यार्थी र तीनवटै सरकार बीच सम्बन्ध सेतुको रूपमा रहन नसकेको, पार्टीले कार्यकर्ता व्यवस्थापन गर्ने ठाउँ बनाएको, शिक्षा नै नबुझेको व्यक्ति विद्यालय व्यवस्थापन समितिमा अआउने गरेको आरोप छ । यसमा सत्यता पनि छ । हुनतःसबै विद्यालय व्यवस्थापन समितिलाई एउटै डालोमा राखेर हेर्नु पनि अन्याय हुन्छ । विद्यालय व्यवस्थापन समिति विद्यालयमा हुनुपर्छ तर यसको गठन प्रक्रियामा भने सुधार गर्नुपर्ने देखिन्छ ।

# सा. आइतबारे देवी देखी युगकवि सिद्धिचरण बहुमुखी क्याम्पससम्म

नेत्र प्रसाद भट्टराई
एकीकृत समाजवादी के.स.

जहाँनियाँ राणा शासनको अन्त्यको निम्ति आवाज बुलन्द हुँदै गर्दा बेलायती साम्राज्यको विरुद्धमा महात्मा गान्धीको अगुवाईमा भारत छोड आन्दोलनबाट सन् १९४७ मा भारत स्वतन्त्र भएपछि १९४९ मा चीन समेत चाङकाईसेक शासनबाट मुक्त भयो। विश्वमा सामाजिक चेतना सँगै शिक्षाको ज्योति उग्रियो। नेपालमा चेतनाको विकास सँगै भानुभक्तको रामायण, माधवराज जोशीले प्रकाशन गरेको सत्यार्म प्रकाशन, देहरादुनबाट प्रकाशित गोर्खा संसार, तरुण गोर्खा नामक पत्रिकाको प्रकाशन भयो। १९५८ वैशाख २४ मा गोरखापत्र साप्ताहिक शुरु भए पछि थप चेतनाको विकास भयो शिक्षण संस्थाहरू खोल्न थालियो, हाम्रो देशमा कृष्णलालको मकै खेती भन्ने पुस्तक नै प्रकाशनको रुपमा प्रकाशित भयो। काठमाण्डौंको तीनधारा पाठशाला, अगुवा, चन्द्र कलेज, दरवार हाईस्कुल जस्ता शिक्षण संस्थामा हुने खाने र शक्तिमा हुनेले मात्र पढ्न पाउने व्यवस्था अनुसार प्रारम्भ भए, २००४ सालमा आइपुग्दा तीनधारा पाठशालामा संस्कृत विषय र अन्य शिक्षाको अध्ययन सबैको अधिकार हो भन्ने नारा सहित धर्ना र जुलुशबाट प्रभाव परी २००७ सालको जहानिया राणा शासनको अन्य पछि यस भेगमा लेती प्रा.वि., हिमगङ्गा मा.वि., साँघुटार हुँदै नेपालको मनमोहक चर्चित पकली झर्ना नजिक, सफा सुन्दर लिखु खोलाको ५-६ कि.मि. दक्षिण गौरीवन जस्तो जडिबुटी र ठुलो जङ्गली भू-भाग छोएको चुली, पोखरी, थाडाँडा, मैताकुन्ताको पवित्र पाउँमा रहेको गाम्नाङ्गटार छिमेकी जिल्ला रामेछापको तत्कालीन अवस्थाको १५ गा.वि.स.बाट सिधानजर पुग्ने सुन्दर र सु-सजित वस्तीमा आइतबारे देवी प्रा.वि. साउने खाल्टेको नामबाट २०२० चैत्र १ गते मनोरथ पोखरेल, तुलसी प्रसाद भट्टराई, लाल प्रसाद भट्टराई, यादव प्रसाद भट्टराई, जय कृष्ण भट्टराई, नारायण खड्का समेतको अगुवाई र आम जनताको सहयोगमा स्थापना भएको आफ्नो प्रारम्भिक काल, भौतिक पूर्वाधारको अभाव, विद्यालयको नाममा उपयुक्त स्थानमा जग्गा उपलब्ध नहुनु, वौद्धिक जनशक्ति शिक्षकको अभाव झेल्दै कहिले, साउने कहिले खरबारी कहिले वराल्ने बारी कहिले मूलपँधेरो सर्दै पठन पाठन अगाडि बढाउनु पयो। के ही समय पछि हाल श्री ग्रामोदय युगकवी सिद्धिचरण श्रेष्ठ मा.वि. रहेको ठाउँमा धेरै सार्वजनिक जग्गा र केही मीन प्रसाद भट्टराईले निशुल्क जग्गा दिएर विद्यालयको आफ्नो आसन स्थिर भयो। जहाँ आज विद्यालयलाई पुग्ने पर्याप्त जमिन खरिद भएको छ भन्दा अत्युक्ति नहोला।

यसै क्रममा २०३२ पौष ९ मा नि.मा.वि. स्वीकृत भयो, उक्त नि.मा.वि.को पहिलो र दोस्रो व्याज मात्र अन्यन्त्र माध्यमिक विद्यालय अध्ययन गर्न जानु पयो। नि.मा.वि.को स्थायित्वको निमित्त सिङ्गो गाउँ माथिल्लो गाउँबाट पहलमान वस्नेत, चित्र वहादुर वस्नेत, पुनराम श्रेष्ठ, खाल्टेबाट सिङ्गै समुदाय कसैले काठ, कसैबाट ढुंगा, कसैबाट जे सहयोग हुन सक्छ सो सहयोग प्राप्त भयो। बरु भोकमारीले मर्न तयार भए विद्यालय प्रति अगाध माया र स्नेहले यहाँ राम्रो स्थान ग्रहण गर्यो।

फलस्वरुप २०३८ साल माघ १ मा मा.वि. स्वीकृत भयो। शुरुमा लाल प्रसाद, रामचन्द्र भट्टराई विद्यालयको आन्तरीक व्यवस्थापन र शिक्षकको अगुवाई गर्नु भए पनि २०४० मा यस जिल्लाको चर्चित व्यवक्तित्व, सामाजिक अभियन्ता, आमूल परिवर्तनका पक्षधर, समाजसेवी, लोककृष्ण भट्टराई समेत प्र.अ. भई आउनु भयो भने क. देव

शंकर पौडेल, अशोक श्रेष्ठ, ईश्वरी घिमिरे समेत विभिन्न विषयका विषय शिक्षक भएर आउनु भयो । आर्थिक श्रोत व्यवस्थापन गर्न द्यौसी भैलो स्वेच्छीक चन्दा संकलन गरीयो । छिमेकी जिल्लाबाट समेत विद्यार्थी आवत जावत गर्न लिखु खोलाको माटेबेसीमा अस्थाई पुल समेत निर्मण गरेपछी यस भेगमा रहेका अन्य २०५२ को एस एल सि परिक्षामा विद्यालय सँग प्रतिस्पर्धा गर्न सक्न मा.वि. हुन पुग्यो । सतप्रतिशत विद्यार्थीहरु समेत उत्तिण भए । २०५४ सालमा उच्च मा.वि. स्विकृत भयो । तत्कालीन गा.वि.स. अध्यक्ष षणकृष्ण भट्टराई, मनुराम भट्टराई, एकराज दहाल समेतको भूमिका उल्लेख्य रहेको थियो । बाँकी नौ वर्ष उच्च माध्यमिक विद्यालय टिकाउनमा अनेकौ जटिलता सँगै आज उक्त विद्यालय २०७६ । ५ । १३ मा संघिय सरकारबाट घोषित देशभरीको १०० विद्यालय भित्र पर्ने नमूना विद्यालय भएको छ । जो भौतिक सुविधाबाट सुसज्जित विद्यालयको शैक्षिक व्यवस्थापनमा अवल वन्दै छ भने ११ र १२ विज्ञान विषय, कृषि समेतको कक्षा संचालनमा रहेको छ । तथापी दुःखका साथ भन्नु पर्दछ श्रोत, सुविधा र आर्थिक व्यवस्थापन तिर केही अगुवाहरुको नराम्रो दृष्टिकोण हावी हुनाले हाम्रा अवसर निरन्तर ताजा बनाउन अफ्ठ्यारो भएको छ ।

उक्त २०६३।७।१ मा ग्रामोदय युककवि सिद्धिचरण वहुमुखी क्याम्पस स्थापना भएको छ । १७ वर्षको दौडानमा कलेजलाई यहाँ सम्म ल्याउन विशेष योगदान दिने प्रेम वस्नेतको हुनुहुन्छ भने भौतिक पूर्वाधार कलेजको परीक्षा केन्द्र योजना पठाउन पोखरा विश्वविद्यालयको पूर्व उपकुलपति प्रा.खगेन्द्र भट्टराई, स्थानिय तहमा रहेका जन प्रतिनिधिहरु सबैको योगदान प्रशंसा गर्न लायक छ । अब हामीले यस क्याम्पसलाई स्थायित्वको निम्ती यस भेगमा अवस्थित रामेछाप र ओखलढुंगाका बासिन्दाहरुको ध्यान केन्द्रित गराउन प्राविधिक शिक्षाको थालनी गर्नु पर्दछ । रोजगार मुलक वैज्ञानिक र व्यवहारीक शिक्षाको वकालत गर्ने हामीहरु जनताका न्यूनतम् आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा भन्ने नारालाई पुरागर्न यो क्याम्पस एउटा आधार स्तव बन्नु पर्दछ । नजिकै रहेको गौरीबनका समितिहरु सँग परामर्श गरी जडीबुटी संकलन, प्रशोधन, विक्रि वितरणबाट सहयोग लिने, मैताकुन्ता, सिद्धेश्वर जस्ता मठ मन्दिरमा पर्यटकलाई आकर्षक गरी आय आर्जन बढाउने । यहाँका पूर्व विद्यार्थीहरु जो हाल विशिष्ठ श्रेणी। सरकारी सेवामा, संघसंस्थामा रहेका बौद्धिक व्यक्तित्वहरु, विदेशमा रहेका स्थानीय व्यक्तित्वहरु सँग राय सल्लाह र सहयोगको आव्हान गर्ने । पूर्वाधारको विकाशमा ध्यान दिँदै, महिला र पुरुषको छुट्टा-छुट्टै छात्रावासको व्यवस्था गर्ने ।

आधुनिक र व्यवस्थित पुस्तकालयको व्यवस्थापन गरी पुस्तक वितरणलाई व्यवहारीक पारदर्शी बनाउने । सबै जति, भाषा र धर्म तथा संस्कृतिका जन समुदायको आकर्षणको केन्द्र बनाउने काममा क्याम्पसको ध्यान केन्द्रित गर्दै स्थानिय सरकारको शैक्षिक हवको रुपमा ग्रहण गर्नलायक बनाउने । खानेपानी, शौचालयको उचित व्यवस्थापन गर्दै यस कलेजलाई हरित कलेज र यहाँ अध्ययन गर्ने विद्यार्थीहरु अब्बल नलेजका बनाउने । "सबैको लागी शिक्षा" सबै नागरिकलाई आफ्ना बालबच्चालाई यही पढाउन उत्प्रेरीत गर्ने । दक्ष र अनुभवी प्राध्यापकलाई यहाँ आवास समेतको व्यवस्थापन गर्न र वातावरण अनुकुल बनाई पठन पाठन कार्य अगाडि बढाउन तिर हामी सबैको ध्यान केन्द्रित गर्नु पर्दछ । यसको निम्ती अभिभावकहरुको वृहत्त भेला विज्ञहरुको शैक्षिक भेला, अर्थ विदहरुको सुधारको योजना, सहित क्याम्पस व्यवस्थापन समिति, पारदर्शी सक्रिय हुनु पर्दछ । आजका विद्यार्थीहरुले प्राप्त गर्ने शिक्षाको कोशी प्रदेशको चर्चित व्यवसायीक व्यवहारीक शिक्षा दिन सकिन्छ । हाम्रो फेरी एकता पनि खम्बा जस्तै हुनु पर्दछ । यस क्याम्पसमा सहयोग पुऱ्याउने भुव रोक, प्रेम श्रेष्ठ, बाबुराम श्रेष्ठ, गोविन्द पौडेल, लगायत सहयोगी मनहरुको उच्च प्रशंसा गर्नु पर्दछ ।

यसो गर्न सकिएन भने हामी विदेशमा जाने नौ जवान यूवाहरुको उत्पादन केन्द्र मात्र बन्न सक्छौं तसर्थ सहयोगका हातहरु उठाउन कदाचित ठिला नगरौ। हाम्रो निरन्तरताले चुलो चौकोमा काम गर्ने छोरी र बुहारीहरुले उच्च शिक्षाको सुनौलो अवसर प्राप्त गर्नु भएको छ। भने गरिव र अभावको विचमा आर्थिक विततिलाई सामना गर्दै मुलुकको सेवाको विशिष्ट श्रेणी डाक्टर सम्म यहाँको उत्पादनले पाउन सकेको छ। विदेशमा रोजगारीके निम्ति जाने केही जनशक्तिहरु उक्त देशको बौद्धिक व्यक्तिहरुको रुपमा चिनिनु भएको छ। यस क्याम्पसको शिर थप उचो रहेको छ। युगकवि सिद्धिचरण श्रेष्ठको नामबाट स्थापित क्यापस यस युगकै उत्कष्ठ क्याम्पस बनाउन सफलता मिलोस शुभ कामना।

# ग्रामोदय: मेरो अध्ययनअध्यापनको स्मृतिको पानामा

प्रेमबहादुर बस्नेत
संस्थापक क्याम्पस प्रमुख
ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

शिक्षा व्यक्तिको जीवन निर्माणको एक अनिवार्य सर्त हो । आज राष्ट्रलाई चाहिने स्तर, स्वभाव, प्रकृति र परिवेशको गुणस्तरीय शिक्षाको अभाव खड्किएको छ । शिक्षा केवल जागिर प्राप्तिको लागि मात्र नभै देशको समुन्नतिको आधार पनि हो । आजको २१औं शताब्दीको नवीन चुनौतीको घडीले हामीलाई त्यसै दिशातर्फ निर्दिष्ट गर्न खोजेको छ । प्रेमप्रसाद भट्टराईले अङ्ग्रेजी र दधिराम गौतमले व्यक्तिको रूचि र आवश्यकता, समयको माग तथा समाजको अपेक्षा अनुरूप राज्यले शिक्षा नीतिको अध्यापन गराउन आउनु भयो । अति मिलनसार बोधनाथ सरसँग विद्यार्थीहरू डराउँदैनथे । सबै सरहरूले हामीलाई गरेको माया मेरो मानसपटलबाट बाहिरिन सक्तैन । उति बेलाका मानिसहरू धेरै हस्सी मजाक गर्दथे जस्तो लाग्दछ । हुन पनि त्यस समयमा मनोरञ्जनका साधनहरू जस्तैः रेडियो, टेलिभिजन, सिनेमा, टेलिफोन, कम्प्युटर - इन्टरनेट आदि प्राप्त थिएनन् । तर हाँस्ने र हसाउँने आफ्नै आफ्नै निमार्ण गरी विद्यार्थी, अभिभावक र शिक्षकको हितमा किसिमका तरिकाहरू थिए ।

शिक्षालाई समर्पित गराउँनु पर्दछ । सबै वर्ग जाति, लिङ्ग र स्तरका सबै बालबालिकाले पूर्वप्राथमिक तहदेखि उच्च शिक्षासम्म गुणस्तरीय शिक्षा पाउनु पर्दछ । शिक्षा केवल कोरा नारा र सिद्धान्तका लागि मात्र होइन, मावन समुन्नतीको द्योतक बन्नुपर्दछ । घरआँगन र बारीको कान्ला नाघ्न थाल्दा नथाल्दै श्री ग्राम ज्योति प्रा. वि. मा पुगेको म वि.सं. २०३२ सालमा कक्षा ४ मा श्री ग्रामोदय नि.मा.वि.को दलिनमा टेक्न पुगें । त्यसबेला सिन्की चउरमा ढुङ्गा माटोले बनेको ढुङ्गे छाना भएको ५ कोठे भवन थियो । त्यसमा पनि विद्यालयको मैदान निकै सानो थियो । त्यसबेला भौतिक सुविधा राम्रो थिएन त्यति मात्रै होइन शौचालय र खानेपानीको पनि सुविधा थिएन । हामी पिउने पानी पालो गरेरै मूल पँधेराबाट माटोको घैँटोमा ल्याएर कक्षामा राख्थ्यौँ । त्यसमध्ये पनि नि.मा.वि.को पहिलो समूह हामी नै थियौँ । हामी कक्षा ५ पढ्ने क्रममा यसै जिल्लाका फूर्तिमान गुरूङ्ग र ऋषिराम गौतम सर आउनुभयो । कक्षा ६ मा पढ्न थालेपछि लालप्रसाद भट्टराईले नेपाली, दुई चारवटा तत्कालीनघटनाहरू बल गरे पनि स्मृतिबाट हट्दै हटेका छैनन् । हामीलाई बोधनाथ सरले वूढी भन्ने खेल खेलाउनु हुन्थ्यो । वूढीले छोएर भित्र बसेको बेलामा घेराबाट बाहिर ल्याएर साथीहरूले पिटेको अहिले पनि झलझली याद आउँछ । गणित विषय गाह्रो लागेको कारण हामी कहिले काही बेलुका रामचन्द्र सरको घरमा सिक्न जान्थ्यौं र बहाँले गुरुआमालाई भन्नु हुन्थ्यो केटाहरू आए भातमा पानी थप्नु है कति सहृदयता र आत्मीयता थियो गुरुको त्यो भनाइमा वहाँहरूको व्यवहारबाट हामीहरू गदग हुन्थ्यौं । हिउँद महिनामा हामी डन्डीबिय खेल्दथ्यौं । त्यसबेला बियोले मेरो आँखामाथि लाग रगत आयो तर हामी विद्यालय आयौं । ऋषिराम सरले यता आइज भनेर गालामा एक चड्कन लगाए खेलिस डन्डी बियो भनेर कालोझार माडेर लगाइदि भयो किनकि त्यतिबेला अस्पताल थिएन । विद्यालयव फर्निचरको लागि मेरो घर छेउमा लालमान तामाङ ओखर निःशुल्क दिएको थिए । २ जना मिलेर टाउकाम बोकेर एउटा तक्ती ल्याउँने गर्दथ्यौं । ५ बटा तक्त ल्याए पछि लालप्रसाद गुरुले एउटा कापी पुरस्कनु, हुर्थ्या, हर्षले हामी गद्गद् हुन्थ्यौं । हाम्रा संस्कृत पढाउने गुरुले परीक्षामा नम्बर थोरै भयो भन्दा तिमीहरूलाई कति चाहियो भनेर थप गरि दिनुहुन्थ्यो । साथीहरू खुब रमाउँथ्यौं ।

विद्यार्थीहरूको चौतर्फी विकासको लागि उनिहरूलाई ४ सदनमा विभाजन गरिएको थियो जस्मा म लाली गुराँस सदनको क्याप्टेन थिएँ भने सागरमाथा सदनको ढोग बहादुर रोका, डाँफे सदनको अशोक कुमार कार्की र सिम्रीक सदनको क्याप्टेन नेत्रप्रसाद भट्टराई थिए। विडम्बना भन्नु पर्छ हाम्रो कक्षामा छात्राहरू थिएनन्। हामी कक्षा ७ को अञ्चल स्तरीय परीक्षा पास गरे पछि ग्रामोदयमा कक्षा ८ नभएकोले लालप्रसाद गुरूले हामीलाई रामेछाप जिल्लाको हिमगङ्गा मा.वि.मा लगेर भर्ना गरिदिनुभयो। त्यहाँ पनि हाम्रा अग्रजहरू, हामी र हामी पछिको व्याजले ग्रामोदयका विद्यार्थीहरू भनेर चिनाउन सफल भयौं। तत्पश्चात् केही साथीहरू पढ्न गए भने मैले २०४० सालमा श्री बौद्ध प्रा. वि. बौद्धधाममा अध्यापन गर्न शुरू गरे। एक बर्ष पछि श्री कालिका प्रा.वि. समिचौतारामा प्र.अ. भई काम र्ने अवसर पाएँ। त्यसको केही बर्ष पछि मात्र उच्च शिक्षाको आवश्यकता महसुस गरी काठमाण्डौं तिर स्थान गरें।

वि.सं. २०२० सालमा स्थापित ग्रामोदय प्रा. वि., नि.मा.वि. र मा.वि. हुँदै २०४१ सालबाट प्रवेशिका रीक्षामा समेत सामिल हुन पुग्यो। यसै परिस्थितिमा अध्याँरो बादलले ढाकेको अवस्थामा पनि शिक्षाको बकास गर्न शिक्षाप्रेमी लालप्रसाद भट्टराई र लोककृष्ण नट्टराई लगायत बुद्धिजीवी, समाजसेवी र राजनीतिकर्मीहरूको ठूलो हात रहेको पाइन्छ। वि.सं. २०५४ सालमा ग्रामोदय मा. वि. निरन्तर याँ-नयाँ उन्माद बोकेर अगाडि बढी रहेको क्रममा वगतका दिनहरूका अवरोधजन्य अनेक मोडहरू पार दै नयाँ-नयाँ प्रगति र नवीन उत्साह बोकेर हिड्ने कममा तत्कालिन प्र.अ. एकराज दाहाल, मनुराम ट्टराई, अन्य शिक्षकहरू, समाजसेवी र काठमाण्डौंमा समाजसेवी र काठमाण्डौंमा बसोबास गर्ने गाम्नाङबासी लोककृष्ण भट्टराई लगायत अन्य साथीहरूको अगुवाईमा नेपाली साहित्यको स्वच्छन्दतावादी कविता धाराको सिंचित गर्ने युगकवि सिद्धिचरण श्रेष्ठको उच्च सम्मान गर्दै यस ग्रामोदय मा.वि.ले युगकवि सिद्धिचरण उ.मा.वि. को नाम राखेर ०+२ खोल्न सफल भयो। म त्यतिबेला एम्.एड्. पास गरी सकेको थिए। मलाई ०+२ मा अध्यापन गराउनको निम्ति गाम्नाङ्गटार जानका लागि समाजसेवी लोककृष्ण भट्टराईद्वारा आग्रह भयो भने आत्मीय दाइ भुवन कुमार रोकाले जानु पर्छ भन्नुभयो। म पनि आफ्नो जन्मभूमी फर्कन लालायित भए जस्को कारण २०५४ साल भाद्र १८ गतेबाट मलाई शिक्षक तथा प्राचार्यमा नियुक्ति गरियो। २०५७ बाट ग्रामोदय मा.वि.मा अध्यापन गर्न शुरू गरे। विभिन्न ठाउँहरूबाट आउनुभएका शिक्षकहरू र हामी स्थानीय शिक्षकहरूबाट यस उ.मा.वि.को शैक्षिक लगाएत अन्य गतिविधिहरू अगाडि बढाउदै गयौं।

वि.सं.२०६२/०६३ सालबाट विद्यालयको आर्थिक, भौतिक, र शैक्षिक स्तरमा सुधार गर्ने क्रममा उ.मा.वि.ले १०+२ हुने विद्यालयलाई राहत स्वरूप २ जना शिक्षक बराबरको रकम दिन थाले पछि १०+२ बाट ग्रामोदय मा.वि. र युगकवि सिद्धिचरण उ.मा.वि. मर्ज गरी श्री ग्रामोदय युगकवि सिद्धिचरण उ.मा.वि. नाम राख्न सफल भयौं। मर्च गरे पछि पनि विद्यालयको भौतिक तथा शैक्षिक समुत्थानमा वि.व्य.स., अभिभावक, शिक्षक सबैको सहयोग प्राप्त छ। यसै अवस्थामा ग्रामोदय मा.वि.का तत्कालीन प्र.अ. श्री अम्बिका प्रसाद भट्टराईले अब यस ठाउँमा क्याम्पस खोल्नु पर्छ भन्ने प्रस्ताव राखे पश्चात समाजसेवी लोककृष्ण भट्टराई, अधिवक्ता प्रेम बहादुर श्रेष्ठ, गाम्नाङटार सेवा समाजका अध्यक्ष बाबुराम श्रेष्ठ लगायत काठमाण्डौं रहने शिक्षाप्रेमी साथीहरूको अथक प्रयासबाट र गाम्नाङ्गटारबासी, छिमेकी गा.वि.स., जि.वि.स. सदस्य द्वय मनुराम भट्टराई तथा नेत्रप्रसाद भट्टराईको सहयोगमा यस क्षेत्रले वि.सं. २०६३ सालमा श्री ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस स्थापना गर्न सफल भयौं। कुशल व्यवस्थापन, उन्नत प्रविधि, दक्ष, अनुभवी शिक्षक, शिक्षिका तथा मेहनती विद्यार्थीहरू नै ग्रामोदय समन्नतीका आधारस्तम्भ र गहना नै हुन्। यस अनुरूप २०६३ साल मंसिर १ गतेबाट क्याम्पस प्रशासन संञ्चालन गर्न मलाई क्याम्पस प्रमुखमा नियुक्ति गरियो। सबैको सहयोगबाट आज यी सबै पक्षमा वाञ्छनीय सुधार र परिवर्तन हुदैं आएको छ भने ग्रामोदय १०+२

मा विज्ञान र कृषि विषय सञ्चालन गर्न पनि सफल भएको छ। आज ग्रामोदय १८ औं वर्षमा प्रवेश गरेको छ। १८ वर्ष अघिको मिर्मिरे उज्यालो फिजाउँने उद्देश्यले वि.सं. २०६३ सालमा स्थापित ग्रामोदय क्याम्पस यस जिल्लाको अग्रणी शैक्षिक संस्था भित्र पर्दछ। दशक भन्दा लामो समय व्यतित गर्दै यसले विविध क्षेत्रमा सयौं प्रतिभाहरू पैदा गरी सकेको छ र तिनबाट समाज, समुदाय तथा राष्ट्र विकासमा उल्लेखनीय योगदान पुगेको छ। स्थापना गर्दा केही पीडा भोग्नु परेको भएपनि यो शैक्षिक संस्था दक्ष र उच्च व्यक्तिहरूको योगदानले गौरवान्वित छ।

ती हाम्रा अग्रजहरूले हामीलाई कति काम लाग्ने कुराहरू सिकाएर जानु भएको रहेछ, ती हामीले बुझ्न सकेनछौं, बुझे पनि मनन गर्न सकेनछौं, मनन गरे पनि बिर्सिएछौं। आफूले एउटै शैक्षिक संस्थामा धेरैलाई गुरु बनाएको र धेरैको गुरु भएकोमा गौरव महसुस भएको छ। म अध्यापन गर्न ग्रामोदय आएको पनि २६ बसन्त पार भई सकेछ हिजो आए जस्तो लाग्छ। ती हाम्रा आदरणीय गुरुहरू हाम्रो माझमा हुनुहुन्छ भने कोही आज हाम्रो माझमा हुनुहुन्न तर वहाँहरूको देन रहिरहेको छ। जे होस् ती दिनहरू केवल स्मृतिका पानामा बाँकी छन्। गुरुहरू, साथीहरू सबैलाई तितामिठा यादगार सुनाउँन, पढाउन, हाँस्न, हसाउँन यस स्वर्ण महोसवमा ग्रामोदयका पूर्व विद्यार्थीहरूको एउटा विद्यार्थी संघ खोलौं र अझ प्रभावकारी भूमिका खेल्न सकौं, हामीहरू र हामीहरूलाई पढाउने हाम्रा गुरुहरूलाई र साथीहरूलाई सम्झन सकौं।

हुन त ग्रामोदयका आदरणीय गुरुहरू, जो कति दिवङ्गत हुनु भयो, वहाँहरू प्रति आजको दिनम श्रद्धाञ्जली अर्पण गर्नु र अहिले सम्म जीवित समस् संस्थापक शुभेच्छुक प्रति सद्भाव राख्दै अध्यापन कार्यमा लागि रहनु हुने समस्त शिक्षक शिक्षिकाहर सबैमा आजको दिनले उत्साह जगाई ग्रामोदयक शिक्षक शिक्षिका हुनु र विद्यार्थी हुनु स्वयं गौरवक कुरा हो भन्ने भावना जाग्नु यस ग्रामोदयको गरिमापू इतिहासको द्योतक हो भन्नु अत्युक्ति नहोला। अस शिक्षा दिएर असल नागरिक पैदा गर्दै जाने दिशाति ग्रामोदयको ध्यान निरन्तर रही रहने छ। लङली ग्रामोदय।

# ग्रामोदय - सेवा, पदोन्नति र अपरिहार्यता

पुरुषोतम भट्टराई
शिक्षक
ग्रा.यु.सि.मा.वि., ओखलढुगां

शिक्षा नै मानव विकासको निर्विकल्प साधन भएको महसुस गरी प्राचीन ऋषिमुनिहरूले प्रयोगात्मक रूपमा शुरु गरेको वैदिक ग्रन्थहरूको लिपिबद्धता नै अहिले सहजै अनुमान गर्न सकिन्छ कि वैदिक कालीन रचना वेद पुराण, उपनिषद्, रामायण, गीता जस्ता ग्रन्थसागरहरुमा निर्दिष्ट ज्ञानलाई सामाजिक व्यवहारमा अनुशासित तवरले लागूगर्ने गुरुकुल एवं आश्रम शिक्षाको माध्यम अपनाइँदै ज्ञानको प्रचार र मानवीय आचरण सुधार गर्ने प्रचलन -चलेको ग्रन्थहरूमा वर्णित छ।

मानवीय व्यवहार सभ्य र सुसंस्कृत बनाउँदै समाज परिवर्तनका चरणहरूमा गुरुकुल शिक्षा हाम्रो यस गाम्नाङ्टारमा पनि प्रारम्भ भएको प्रमान स्पष्ट पाइन्छ। भक्तिवैलाश यत्क्षप्रसाद भट्टराई वाट ज्योतिष, रुद्री, चण्डी, वेद तथा सम्पूर्ण कर्मकाण्डका विधिहरू सहितको शिक्षा प्रदान गरिएको एवं शिक्षा प्रेमीहरू मध्ये जयकृष्ण भट्टराई र पं हेमसागर भट्टराईको अगुवाईमा वदी प्रसाद खतिवडा जस्ता विद्वान झिकाई गाउँमा पढ्न चाहने व्यक्तिहरुकालागि सहज शिक्षा वितरण गरेको इतिहास साक्षी छ।

जहानिया राणा शासनको प्रारम्भ तिरैबाट गुरुकुल पद्धति सँगसँगै विद्यालयीय शिक्षाको विकासक्रम पनि मन्दगतिमा शुरु हुँदै गयो, राणाशासनको अन्त्य पश्चात देशमा व्याप्त अस्थिर राजनैतिक अवस्थाका बावजुद पनि शिक्षाको निरन्तर विकास-रोकिएन। वि.सं. २०२० सालमा यस गाम्नाङ्टार गाउँमा पनि तत्कालीन शिक्षाप्रेमी युवाहरू मनोरथ पोखरेल, तुल्सी प्रसाद भट्टराई यादव, प्रसाद लगायत सक्रिय गाउँबासीहरूको सहयोगमा ग्रामोदय रा.प्रा. स्कुल स्थापना भयो जुन विद्यालय हाल यस लिखु खोला क्षेत्रको एवं ओखलढुङ्गा जिल्लाको पश्चिमी क्षेत्रको एक उज्ज्वल नक्षत्र एवं शैक्षिक धरोहरको रुपमा उच्च शिक्षा प्रदान गर्ने क्याम्पसको दज्योनी चिन्ह प्राप्त गर्न सफल भएको छ श्री ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस गाम्नाङ्टार।

ग्रामोदयले आफ्नो स्थापनाको १२ औं' वसन्त पार गरेदेखि वि.सं २०३२ मा नि.मा.वि. को दर्जा १८ वर्षे जवानीमा वि.सं. २०३८ मा मा. वि. को जिम्मेवारी, १४ वर्षे युवावस्थामा उ. मा. वि. को स्वीकृति र वि.सं. २०६३ सालमा ४३ वर्षे प्रौढावस्थामा त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति प्राप्त क्याम्पस तहको सिन्दूर पोते सहितको शैक्षिक लगनगाँठो कस्न सामुल भएको छ। ग्रामीण स्तरमा उच्च शिक्षा सरल र सहज तवरले दिनुपर्छ भन्ने उद्घोषका साथ क्याम्पस स्थापना गर्ने प्रस्ताव राख्ने ग्रामोदय यु.सि.मा.वि.का तत्कालीन प्र.अ. अम्बिका प्रसाद भट्टराई तथा प्रथम क्याम्पस प्रमुख प्रेमवहादुर वस्नेतको भूमिका अद्वीतिय छ भने उक्त कदममा साथ दिने सबै-व्यक्तित्वहरुको भूमिका अविष्मरणीय छ र रहिरहने छ।

ग्रामोदयलाई प्राथमिक तहदेखि क्याम्पस तह सम्मको सिंढी उक्लन एवं पारगर्न सफल वनाउने विभिन्न चरणका शैक्षिक व्यक्तित्व साथै बुद्धिजीवि र शुभचिन्तकहरुको आफ्नो गाऊँ, विद्यालय क्याम्पस प्रतिको ‘‘जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी ‘‘ भन्ने भावना प्रति आभार कसरी प्रकट नगरौं ! उहाँहरूका दीर्घकालीन शैक्षिक सोचले

यसगाउँको शैक्षिक व्यवस्थापनमा "असतोमा सद्‌गमय तमसोमा ज्योतिर्गमय, मृत्योमो अमृतम गमय" - को भावना मुख रित भएको ष्पष्ट देख्न सकिन्छ ।

शुरु शुरुमा छोरी बुहारी क्याम्पसका रुपमा परिचित यो ग्रामोदय क्याम्पसूले गाउँका धेरै छोरी-बुहारी हरुलाई उच्च शिक्षा हासिल गर्ने मदत पुरयायो। देशमा व्याप्त अस्थिर राजनैतिक अवस्थाका कारण यसको विकास वर्तमान अवस्थामा सोचे अनुरूप हुन सकेको छैन किनकी बेरेरोजगारी समस्याका कारण विद्यालय स्तरको पढाइ सक्नासाथ युवा जनशक्ति विदेशिनु, गाउँघरवाट मानिसहरु सुविधा युक्त शहरतिर बसाइ सर्नु क्याम्पस सञ्चालनको पूर्ण जिम्मेबारी सरकारले नलिनु, विद्यार्थीको भर्ना सङ्ख्या घट्‌दै जानुले क्याम्पसको आर्थिक अवस्था भासमा चुर्लुम्म डुब्ने अवस्था त आउने छैन भन्ने शंका वढ्नु स्वभाविकै हो ।

यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको अस्तित्वर शैक्षिक अवस्था सन्तुलनमा राख्न क्याम्पस प्रमुख प्रेमवहादुर-बस्नेतवार स्थापना कालदेखि हालसम्म भए गरेका कार्यहरू-नियाल्दा अविष्मरणीय, सहाहनीय एवं सेवाभावले प्रेरित छन् ।

"सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया : सर्वे भद्राणी पश्यन्तु मा कश्चिद दुख भाग्जन" को शाब्दिक अर्थ र भावनासँग प्रत्यक्ष मेलखाने क्याम्पस प्रशासनको उद्देश्य संमेटिनु जरुरी हुन्छ । लिखुको सुसेली संगै गाउँमा उदाएको शैक्षिक नक्षत्र ग्रामोदय को अस्त नहोस भन्ने भाव सवैया जागृत हुनु आवश्यक छ । आद्योपान्त वृतान्तका शैक्षिक धरोहरहरु प्रति सम्मान प्रकट गर्ने ग्रामोदय' को वारेमा केही शब्द गुनगुनाउँन रहर जाग्यो जसलाई यसरी -पाङ्‌तवद्ध गरेको छु ।

"ज्ञान चत्तु ग्रामोदय गामनाङ्‌टारको शान यो पूर्खाहरूको मनोरथ हाम्रो स्वाभियान हो ।

इतिहासको गाथा हाम्रो वर्तमानको स्पन्दन् तुल्सीजस्तै सुवास दिने जन्मिरहुन् सुनन्छन् ।

प्रकृतिका सुन्दर छटा आनन्द र निर्भय लिखुखोला पुकार गर्छ जय जय ग्रामोदय ।"

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस हाम्रो शैक्षिक स्तम्भहो, यसको सुसज्यालनमा हामी सबै चनाखो र जिम्मेवार बन्नु आवश्यक छ। सूर्यले दिनमा उज्यालो, चन्द्रमाले, रातमा ज्याला प्रदान गरेर सवैलाई समानता र सहजता वाँडेजस्तै यसले शिक्षा क्षेत्रमा अण्वल दोको नामाकरण कायम राखोस । हिजो चल्यो, आज चलिरहेछ, भोली पनि असल सारीका साथ चाल रहने छ ।

'अस्तु'
१७ माघ २०८१
रातको १०:५२ बजे

# जलवायु परिवर्तन र यसका असरहरू

राम कुमार न्यौपाने
उपप्राध्यापक
ग्रा. यु. सि. क्याम्पस

मानव जातिको उत्पत्ति र विकास सँगसँगै वातावरणीय प्रभाव पनि विकसित भएको हुन्छ। जलवायु परिवर्तन नेपालमा मात्र होइन विश्वव्यापी समस्याको रुपमा देखा परेको छ विषय हो। दिन प्रतिदिन पृथ्वीको मौसममा आएको फेरबदलका साथै त्यसले मानव जीवनमा पारेको नकरात्मक असरको विश्वव्यापी रुपमा चर्चा परिचर्चा र त्यसको निराकरणका उपायहरूको खोजतलास गर्न आवश्यक भइसकेको छ। त्यही चर्चाको विषय वा उल्लेखित मुद्दालाई लिएर व्यापक मानिसहरूको बिचमा र विश्वव्यापीरुपमा छलफल र बहस चलाउन थालिएको छ। जलवायु परिवर्तनका नकरात्मक असर सम्बन्धी विषय सम्पूर्ण बौद्धिक जगतका सचेत नागरिकहरूको चासोको विषय बन्नु यसको समाधानको दिशामा अघि बढ्ने पहिलो सोपान हो।

आज मानिसले प्रकृतिको पवित्रताका विरुद्ध वातावरणको स्वच्छताका विरुद्ध भौतिक विकासको अभियान चलाएको छ। मानिसले प्राकृतिक सुन्दरताका विरुद्ध भौतिक विकासको दुश्मनता भित्र्याएको छ। प्रकृतिका नदी, हावा, रूख र हरियाली विकृत भएका छन्। यस विकृतिले प्रकृतिमाथि मात्र सङ्कट आएको होइन, मानिस आफैले आफ्नो जीवन जिउने सहज परिवेशलाई असहज बनाएर अगाडि बढेको देखिएको छ। विश्वका शक्तिशाली राष्ट्रहरूले आधुनिक विज्ञानको प्रयोग गरि प्राकृतिक अवस्था माथि अनावश्यक हस्तक्षेप बढाउँदै लगेकाले दैनिक जीवनमा वातावरणीय समस्या देखिएको छ। आदिम कालदेखिको प्रकृतिको स्थायित्वपन प्रकृतिको अटलपन र प्रकृतिको स्वतन्त्रता एवम् प्रकृतिको हक र अधिकारलाई अपहरण र हनन गरी स्वच्छ सुन्दर प्राकृतिक वातावरणलाई दुषित र प्रदुषित पारी मानिसले आफ्नो जीवनको खतराको बिजारोपण गरिरहेको छ। कलकारखानाको धुँवा र त्यँहाबाट उत्पन्न हुने दुषित पानीले हावा र पानी दुषित भएका छन्। वातावरण प्रदुषित भएको र त्यसले मानिस जगतलाई मात्र नभई जलचर र स्थलचर सबै प्राणीलाई अकाल मृत्युतर्फ डोऱ्याइरहेको छ। मानव जाति लगायत सम्पूर्ण प्राणीको वासस्थान खाद्यआपूर्तिको आधार सुखशान्ति, समृद्धिको आधार समग्रमा जीवनको अन्तिम आधार पृथ्वी ग्रह हो। पृथ्वीको वातावरणीय अनुकूलता र सूर्यबाट प्राप्त हुने ऊर्जाबाट सबै प्राणी र वनस्पतिको जीवन चलेको छ। वातावरणीय फेरबदल र असन्तुलन हुँदा विगतमा लामो समयदेखि धर्तीमा राज गरेका प्राणीहरु लोप भएर गएको इतिहास ताजै छ। अहिलेका प्राणीहरु पनि प्राकृतिक अनुकुलताको सिद्धान्त अनुरुप बाँचिरहेका छन्। भविस्यका दिनमा जलवायु परिवर्तन आउँदा यी प्राणी वा वनस्पतिहरुको प्राकृतिक खाद्यश्रोत गुम्ने र तापक्रम फेरबदल भई जीवन जीउन असहज हुने अवस्था आउँछ। मानिसले ग्रामिण क्षेत्रमा र तराइका घना क्षेत्रमा आफ्नो स्वार्थका लागी वनजङ्गलको अनियन्त्रित फँडानी गरी हरियालीका शिरमा घातक हतियार प्रहार गरेको छ। यसकारन वनजङ्गल ऊजाड बन्दै गएका छन्। वनजङ्गल विनाशबाट हरिया पहाडहरु रोगीझें, रङ्गहीन, वन्यजन्तु सुकुम्वासी र चराचुरुङ्गीहरु शरणार्थी बन्नुपरेको छ।

अहिले पृथ्वी विस्तारै तातिरहेको छ। यसमा प्राकृतिक कारण नभई मानव सिर्जित कारण जिम्मेवार छन्। फल-स्वरुप अतिवृष्टि, अनावृष्टि, भुक्षय, बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपहरुले प्रत्येक वर्ष मानव जातिलाई क्षति पुर्याइएको

छ । यस्ता प्राकृतिक सङ्कटवाट मुक्ति पाउनका लागी जीवन स्वस्थ बनाउन वातावरण स्वच्च राख्नु अपरिहार्य भएको छ । मानिसका आवश्यकता पूरा गर्न औद्योगिक विकासको तिव्रताले ऊद्योगहरुवाट कार्बनडाइअक्साइड, कार्बन मोनोअक्साइड जस्ता ग्याँसहरुले ओजोन तहलाई पत्तल्याँउदै पृथ्वीलाई हरितगृहमा प्रभाव पार्दै लगेको छ । त्यसकारण तापक्रममा निरन्तर वृद्दि भइरहेको छ । यसको परिणाम स्वरूप समुन्द्रको सतहमा तापक्रमको वृद्दि भई तटिय क्षेत्रमा बसोवास गरिरहेका मानिसहरु विस्तापित हुन पुग्छन् । नदीनाला ध्वस्त भई नदी प्रणालीमा निर्भर मानिसहरुलाई असर पुग्न सक्छाचिसो मौसममा हुने वालीनाली र वनस्पति लोप हुने, हिँउ पग्लिएर जलाधार क्षेत्र मासिने समास्या भई यसले वर्तमान त्यति धेरै असर नदेखिए पनि कालन्तरमा गम्भिर समस्या उत्पन्न भई मानव जातिको अस्तित्व नै सकिने संभावना देखा परेको छ ।

जलवायु परिवर्तनको मुख्य कारक तत्व भनेको पृथ्वीलाई तताउने र ओजन तह नष्ट पार्ने हानिकारक ग्याँसहरु नै हुन्।यस्ता ग्याँसहरुको उत्पादन उद्योगधन्दा, कलकारखाना, सवारी साधन आदि कुरावाट हुन्छन् । मुलतः विकसित राष्ट्रहरु र विकासोन्मुख राष्ट्रहरु यसका जिम्मेवार छन् । चिन, अमेरिका जस्ता मुलुकहरुले सबै भन्दा बढि हानिकारक ग्याँस उत्पादन गर्दछन् । जलवायु परिवर्तनलाई नकरात्मक दिशामा जान नदिनु जापान, चिन, अमेरिका जस्ता औद्योगिक देशहरुले सकरात्मक सोचका साथ नीति निर्माण बनाई सोही अनुसार कार्यन्वयन गर्नुपर्छ । प्राकृतिक सन्तुलन कायम राख्न केहि गहकिला कदम चाल्नुका साथै नयाँ ढङ्गबाट नीति निर्माण गर्न जरुरी छ । वातावरणलाई स्वच्छ राख्नका लागि र प्राकृतिक सन्युलन बिग्रन नदिनुका लागि उद्योगधन्दालाई मानव वस्ति भन्दा टाढा राख्नु पर्छर वनजङ्गल लगायत प्राकृतिक सम्पदाको विनाश तत्काल रोक्नुपर्छ । सम्पूर्ण मानवजातिले आ-आफ्नो ठाँउबाट प्रकृतिलाई जोगाउन असल प्रयत्न गर्ने हो भने पृथ्वीलाई भविस्य सम्मको मानवजातिको अस्तित्व रहन सक्दछ । कुनैपनि मुलुकको वातावरणीय सन्तुलनका लागि त्यस मुलुकको कुल भुभागको ४३% भुभाग वनले ढाकेकको हुनुपर्ने मान्यता रहेको छ । वनजङ्गल विनाश कै कारण आज भुक्षयवाट विश्वको माटो बग्दै गई बङ्गालको खाडीमा नयाँ टापु खडा भएको छ । मानव जीवनलाई यस धर्तीमा सरल तरिकाले जीवनयापन गर्न जलवायु परिवर्तनबाट हुने असरलाई नियन्त्रण गर्नुपर्छ । यस अभियानमा विकसित, विकासोन्मुख औद्योगिक राष्ट्रहरु लगायत सरकार, समाज र व्यक्ति सबैको दायित्व रहन्छ ।

# विद्यार्थी

आशिष पौडेल
लिखु गाउँपालिका, ओखलढुङ्गा

विद्यार्थी हामी छौ मिहिनेती सुवासले भरिएका
समेट्छौ ज्ञान लिएर शिक्षा चारैतिर छरिएका
विद्यालय आउँछौ हामी लिनलाई ज्ञान
बन्नुपर्छ हामी साथी सधैँ स्वाभिमान
पाउँछु शिक्षा विद्यालय आएर
खुसी छु म पनि ज्ञान पाएर

लौ है साथी हामीले मेहनत गरी पढौँ
सफलताको शिखरमा पुग्ने प्रयास गरौँ
शिक्षकलाई सोधौ साथी नजानेका कुरा
बूढाबूढी बाआमाको गरी इच्छा पूरा
बालकालिका यो देशका कर्णधार
शिक्षा नै हो विकासको मूल आधार

सोध्ने साथी शिक्षकलाई आएन भनेर
चिनाउ साथी आफूलाई महान बनेर
शिक्षा हाम्रो जीवनमा अमूल्य कुरा
यसले गर्छ हाम्रो आवश्यकता पूरा
पाउँछु शिक्षा विद्यालय आएर
खुसी छु म धेरै ज्ञान पाएर

सफल बनौ सफलताको शिखरमा चढेर
ठूलो मान्छे बन्नुपर्छ हामीले पढेर
शिक्षक आउनुहुन्छ शिक्षा दिन हामीलाई
निरन्तरता दिउँ है साथी आफ्नो पढ्ने कामलाई
बालबालिका यो देशका कर्णधार
शिक्षा नै यो विकासको मूल आधार

शिक्षा लिउ साथी हामीले पढेर लेखेर
प्रशंसा गर्ने गरुन् हामीलाई देखेर
पढौँ साथी हामीले आफ्नै काम भनेर
देखाउ साथीहरूलाई असल बनेर
बालबालिका यो देशका कर्णधार

शिक्षा नै हो विकासको मूल आधार
जिन्दगी बन्छ हाँसी खुसी उपदेश मानेर
फर्कन्छौ पर विद्यालयबाट दुई चार शब्द जानेर
जानुपर्छ स्कुल साथी अशिक्षालाई तोड्न
गाउँघर अन्धविश्वास कुरीतिलाई छोड्न
गाउँघरका अन्धविश्वास कुरीतिलाई छोड्न

# जन्म लिएको अर्थ प्रयोजन

(लोक छन्दमा आधारित गीति कविता)

कमल प्रसाद न्यौपाने
मेचीनगर -१३, चारआली, झापा

मनको कुरा नजरले हैन, ओठले बोल्दछ,
मनमा आस्था, विवेकभित्र ईश्वर बोल्दछ ॥
(१)
माटोको माया भाषाको भावमा जागृति चाहिन्छ,
यो मातृभूमि नेपालको भलाइ उचाइ चुम्नु छ ॥
(२)
बोलेर होइन, सत्कर्म गर्दा विश्वास जितिन्छ,
लोकप्रिय बन्न सेवा र त्याग इमान चाहिन्छ ॥
(३)
मित्रता जस्तो पवित्र नाता देवताको यही बास,
समाजको हित, विकासको काम शान्तिको सन्देश ॥
(४)
प्रकृति भव्य, सुन्दर र शान्त धन्य छ नेपाल,
उचाइ चुम्ने, उमङ्ग बाँड्ने धेरै छन्, हिमाल ॥
(५)
अमूल्य चोला मानव जीवन भावना विशाल,
देशको भाग्य, भविष्यलाई नपारौं, वेहाल ॥
(६)
ज्ञान र सिप अपरम्पार सिकेर सकिन्न,
भागदौड गर्दै कमाएजति लिएर जाइन्न ॥
(७)
नासिन्छ सत्ता, शक्ति र सम्पत्ति तुजुकको काम छैन,
साझा देशभक्ति, राष्ट्रवाद जागोस्, स्वार्थले हुँदैन ॥
(८)
कुर्सीमा बस्ने, जनता लुट्ने देश भो अँध्यारो,
नेतालाई आफ्नै स्वार्थ छ, प्यारो विवेक हरायो ॥
(९)
हो देशभक्ति, शान्तिको सन्देश, दिगोपन फैलियोस्,
सौन्दर्य युक्त यो नयाँ नेपाल भावना बल्झियोस् ॥
(१०)
सत्तामा पुगे खुब मात्तिजाने नपाउँदा आत्तिने,
हुँदैन यस्तो । लैबरी चाला मौका हो सच्चिने ॥
(११)
राजनीति गरौँ, देशका लागि राष्ट्रघात नगरौँ,
जनताको दुःख मर्म बुझेर स्तर उठाऔं ॥
(१२)
नबोकौँ, खोक्रो गफको कुम्लो हन्डर खाइन्छ,
संसारमा जन्म लिएको अर्थ - प्रयोजन चाहिन्छ ॥
(१३)
विश्वासको बाटो आस्थामा खुल्छ, त्रासमा ओइलिन्छ,
माटोको माया मिठो सम्झना झलझल्ती आइदिन्छ ॥
(१४)

# गजल

चन्द्र श्रेष्ठ (सङ्गम)

हेलो सरकार ! अचेल तिम्रो ध्यान कहाँ छ ?
सुशासन र समृद्धिको बिहान् कहाँ छ ?
बाढी आयो घरबास गयो खोजी कस्ले गर्ने ?
हेलो सरकार विकासको मुहान् कहाँ छ ?
बेपत्ता ती नागरिकको खोजी कहिले हुन्छ ?
देखाइदेउन आफन्तलाई चिहान कहाँ छ ?
भ्रष्टचारका काण्डै काण्ड कस्ले कति लुट्यो ?
सुन, हिरा, घर जग्गाको दान कहाँ छ ?
थोरै लिए घुस हुने धेरै लिए के हो ?
नखाएको विष लाग्ने विज्ञान कहाँ छ ?
हेलो सरकार ! अचेल तिम्रो ध्यान कहाँ छ ?

# महँगो सुख

अनिल पौडेल
अधिकृत
नेपाल बिद्युत प्राधिकरण

छोरो बस्छ क्यानडामा
छोरी जापान गाकी
आफू भन्दा रोगी भाछे
आफूसँग भाकी

औषधिका गोली खान्छौँ
भुट्या मकै सरी
दुई जनको एक्लो जीवन
बिताउने के गरी

घर बुढो, बुढो घर, सँगै घर बुढी
गुँड खाली उडेर
ती गए क्षितिज पारी
चारो खाँदा

बचेराको यादले पोल्छ छाती
टोलाएर बित्छ दिन,
छटपटीमा राती
छोराछोरी फोन त गर्छन्

गाहै छ रे उता
आउँछु भन्दा
बाटो लाग्न पाइँदैन रे फुत्त
भाको चिज नि बनाएर सकिँदैन खान

फुस्स गए
आफ्नो कोही छैन घाट लान
दुई खुट्टा तीन हुँदा नि
काम्दै हिँड्नुपर्छ

दुई आँखा चार हुँदा नि
छाम्दै हिँड्नुपर्छ
सिधा हुन्न ढाड
साहै गाह्रो पाइला चाल्न

दुई जनको एक्लो जीवन
गाह्रो भयो पाल्न
कुरेझैँ भो काल
तर उठाउँदैन झट्ट

बाहिरी जगत झल्मल
मन अँध्यारो निश्पट्ट
गला बसे थला बसे सुके ओठ मुख
पर्याप्त छ, केही छैन, महँगो भो सुख ॥

# जिन्दगी !!

लक्ष्मि बस्नेत

आफ्नो बसमा राखी, खुट्टै छुवाउछ जिन्दगीले ।
एकछिन हास्न सयौ चोटि, रुवाउछ जिन्दगीले ॥

दुखलाई त उधारोनी, लिन्न भन्छ मान्छे ।
दुखै घोटी औषधि झै, खुवाउछ जिन्दगीले ॥

हास्ने रहर हुदा हुदै बसन्तको फूल जस्तै ।
बेमौसमी झरिले झै, परेली धुवाउछ जिन्दगीले ॥

माना पाथी भरिभरि, उसकै खटन चल्छ ।
कति खुसी भित्र भित्रै, तुवाउछ जिन्दगीले ॥

रुझेका यी परेलीको, बिस्मात कति हुन्न यहा ।
बरु उसकै आँसुसङ्ग, नुहाउछ जिन्दगीले ॥

# शैक्षिक गुणस्तर सुधारः को कति जिम्मेवार ?

चन्द्र बहादुर श्रेष्ठ
प्रधानाध्यापक
यसम मा.वि., यसम

नेपालमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको विषय लामो समयदेखि निकै चर्चामा छ । गुणस्तर सुधारका लागि स्थानीय तहदेखि केन्द्रसम्म धेरै नै बहस भै रहेका छन् । यसका लागि आ-आफ्नो स्तरबाट नीतिगत तथा कार्यगत योजनाहरू निर्माण गरी कार्यान्वयन पनि गरिएका छन् । तथापि राष्ट्रिय स्तरमा शिक्षाको गुणस्तरका प्रश्न जब उठ्छ, बहस हुन्छ तब शैक्षिक गुणस्तर झन् झन् कमजोर हुँदै गएको भन्ने नै निष्कर्ष आउने गरेको छ । देश सङ्घीय संरचनामा गएपछि माध्यामिक तहसम्म विद्यालय शिक्षाको पूर्ण जिम्मेवारी कानूनी रुपमा नै स्थानीय तहले प्राप्त गर्यो । जसले खस्कँदो विद्यालय शिक्षाको गुणस्तर सुधार तथा माध्यामिक तहसम्मको शिक्षाको शैक्षिक व्यवस्थापनमा स्थानीय तहको अपनत्त्व बढ्न गयो ।

स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सक्ने कानूनी अधिकार प्राप्त भएपनि स्रोत साधनको अपर्याप्तता, स्थानीय दक्ष जनशक्तिको अभाव, शिक्षा क्षेत्रमा कर्मचारी पदपूर्तिको समस्याका साथै गुणस्तर सुधारका कार्यक्रमहरू प्रस्ताव गरिए पनि कार्यान्वयन गर्न बजेटका लागि सङ्घीय सरकारकै भर पर्नुपर्ने बाध्यात्मक अवस्थाका कारण अधिकांश स्थानीय तहमा अपेक्षाकृत उपलब्धि हुन सकेको छैन । शैक्षिक गुणस्तर सुधारका विषयमा प्रश्न उठ्दा विद्यालय शिक्षाको गुणस्तरलाई नै आधार मानी बहस हुने गरेको छ । तर विद्यालय शिक्षाको गुणस्तर सुधारका बहसमा गुणस्तरको न्यूनतम् आधार वा सूचकमा नै समान दृष्टिकोण पाइदैन ।

गुणस्तर सुधारका सम्बन्धमा सरकार, शिक्षाविद्, शिक्षा प्रशासन, समुदाय, अभिभावक, शिक्षक र विद्यार्थीको धारणा नै समान हुन सकेको छैन । सिकाइलाई श्रम र उत्पादनसँग जोड्ने शिक्षाको सट्टा जसरी पनि साक्षरता बढाएर अनुदान भित्र्याउन चाहने सरकार, पश्चिमाहरूको शैक्षिक पद्धतिलाई गुरुमन्त्र स्वीकार गरी हुबहु कार्यान्वयन गराउन सिफारिस गर्ने शिक्षाविद्, जसरि पनि विद्यार्थीले परीक्षामा बढी अङ्क ल्याउनुपर्छ भन्ने मनोविज्ञान भएको शिक्षा प्रशासन, अङ्ग्रेजी भाषालाई सम्पूर्ण गुणस्तरको सूचक मान्ने नेपाली समाज, विद्यालय पठाएपछि आफ्ना बालबालिकाहरूको चौतर्फी विकास विद्यालयबाटै हुनुपर्छ, आफ्नो जिम्मेवारी विद्यालय पठाउनु मात्र हो भन्ने सोच भएका अभिभावक, पाठ्यक्रमलाई कम र पाठ्यपुस्तकलाई बढी महत्त्व दिई विषयवस्तुलाई हुबहु कण्ठ गराएर गुणस्तर सुधार हुन्छ भन्ने धारणा भएका शिक्षक अनि मेहनत कम र उपलब्धि बढी खोज्ने, नपढे पनि पास हुने उपाहरुको खोजी गर्ने र पढाइको भोक नै जाग्न नसकेको अवस्थाका विद्यार्थीहरूको मनोविज्ञानमा शैक्षिक गुणस्तरको तालमेल नै मिल्न सकेको पाइदैन । जसका कारणले विद्यालय शिक्षाको खस्कँदो अवस्थामा को कति जिम्मेवार हुने ? तथापि विद्यालय शिक्षाको गुणस्तरलाई जसरी पनि सुधार गर्नु आजको आवश्यक्ता हो ।

जसका लागि केही जिम्मेवार पक्षले आफ्नो जिम्मेवारी यतिसम्म लिने किः

## सरकार

**मौलिक शिक्षा नीति निर्माण र कार्यान्वयनः-** सिप र श्रमलाई प्रत्यक्षरुपमा उत्पादनसँग जोड्न सक्ने स्पष्ट र व्यबहारिक शिक्षा नीति निर्माण र कार्यान्वयन,

**बजेट व्यवस्थापनः** आवश्यकतामा आधारित बजेट विनियोजन गरी आधारभूत संरचना, सिकाइ सामग्री, शिक्षक तालिम तथा क्षमता अभिबृद्धिका लागि बजेट व्यवस्थापन,

**अनुगमन र मूल्याङ्कनः** अनुगमन प्रकृयालाई व्यवस्थित र नियमित गराई लक्ष्या प्राप्तिमा मार्गदर्शन गर्नु ।

**स्थानीय तहः** स्थानीय आवश्यकतामा आधारित शैक्षिक योजना निर्माण र कार्यान्वयन, स्थानीय स्रोत साधनको उच्चतम् परिचालन तथा न्यायोचित वितरण, - स्थानीय शैक्षिक जनशक्तिको पहिचान र प्रयोग ।

## समाज

**सकरात्मक दृष्टिकोणः** शिक्षा सुधारका विषयहरुमा चासो राखी सामुहिक पहल गर्नु,

**सहयोगी भूमिकाः** विद्यालयलाई आवश्यक आर्थिक तथा भौतिक सहयोग प्रदान गर्नु ।

## अभिभावक

**सकृय सहभागिताः** आफ्ना बालबालिकाहरूको पठनपाठन, गृहकार्य, विद्यालयको गतिबिधि तथा विद्यालय बाहिर पनि आफ्ना बालबालिकाहरूको चासो राख्ने,

**सकारात्मक वातावरणः** घरमा बालबालिकाहरूको सिकाइमा सकरात्मक र प्रेरणादायी वातावरणको निर्माण गर्नु,

**अनुशासन र मूल्यहरुको विकासः** आफ्ना बालबालिकाहरुलाई नैतिकवान, चरित्रवान र अनुशासित बन्न सिकाउनु ।

## शिक्षक

**पेशाप्रति पूर्ण बफदारः** शिक्षण सिकाइलाई कामको रुपमा मात्र नभएर कर्तव्यको रुपमा पालना गर्ने,

**गुणस्तरीय पठनपाठनः** आधुनिक विधि र प्रविधिको प्रयोग गरेर पठनपाठनलाई प्रभावकारी बनाउनु,

**ज्ञानको अद्यावधिकः** आफूमा भएको ज्ञानलाई समयसापेक्ष रुपान्तरित गर्ने, सिकाइमा नवीन बिधी र प्रबिधिको प्रयोग गर्ने,

**विद्यार्थीको समावेशी विकासः** विद्यार्थीको शैक्षिक, नैतिक, समामजिक, मानसिक तथा सम्पूर्ण पक्षको विकास गराउनु ।

## विद्यार्थी

**सिकाइको भोक जगाउनुः** आफ्नो उद्देश्य प्राप्तिका लागि आफ्नो समयलाई सिकाइमा भरपुर सदुपयोग गर्नु,

**लक्ष्यप्रति केन्द्रितः** विद्यालयको कक्षा कोठाको सिकाइमा होस् वा विद्यालय बाहिर जुनसुकै समयमा आफ्नो सिकाइ र अनुभवलाई लक्ष्यप्रति केन्द्रित गर्नु,

**आत्मानुशासन र सकृय सिकाइः** सिकाइमा रुचि, समयको पालना, नियमित कक्षा सहभागिता र नियमित सिकाइ, खोजेर सिक्ने बानिको विकास गर्नु।

अन्त्यमा, विद्यालय शिक्षाको गुणस्तर सुधार साझा जिम्मेवारी हो। शैक्षिक गुणस्तर सुधारको महत्त्वपूर्ण विषयलाई एक पक्षले अर्को पक्षलाई दोष दिँदै आफू पन्छिन खोजेर हैन सम्पूर्ण पक्षले आ-आफ्ना कमजोरीहरु स्वीकार्दै गुणस्तर सुधारको अभियानमा नवीन सोँच र चिन्तन सहित लाग्न सके सुधार सम्भब छ।

# ग्रामोदय क्याम्पस हाम्रो चिन्तन हाम्रो भविष्य

पुष्पराज भट्टराई
शिक्षक
ग्रा. यु. सि. मा. वि., ओखलढुगां

मानिस र उ रहने समाज अनि सामाजिकिकरण, समाज र देशको एक असल, जिम्मेवार, चरित्रवान, गुण युक्त शिक्षा क्षेत्रमा काम गर्न र गराउन सक्ने दक्ष जनशक्ति स्थानिय स्तरमानै उत्पादन गरि स्थानिय शैक्षिक क्षेत्रका आबश्यकता पुरा गर्ने माहान लक्ष लिएर वि.सं. २०६३ सालमा स्विकृत कोशी प्रदेश ओखलढुंगा जिल्ला लिखु गाँउपालिका ६ नं. वार्डमा स्थापित यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस लिखु भेगकै शैक्षिक नेतृत्व लिएको धरोहरका रुपमा रहेको छ।

आधुनिक कालखण्डको प्रजातन्त्र उदय पश्चात देशले निर्दिष्ट गरेका लक्ष र उद्धेश्य प्राप्तिको लागि बिकेन्द्रिकरणको माध्यमबाट शिक्षा प्रदान गर्ने, टोल टोल बाट बस्ति बस्तिबाट शिक्षाको जागरुकता फैलाउने एजेण्डामा तत्कालिन समयमा १०+२ दिएर बसेका अनुभवि पाका शिक्षकलाई योग्यता बृद्धि गर्न होस या शहरिया जिन्दगीमा समायोजन हुने अबसर बन्चित हरेक छोरी र बुहारी हरुलाई उच्च शिक्षाको घामबाट वन्चित नहुन यो क्याम्पस र प्रदत्त सेवा महत्वपूर्ण बुटिको अबसर बन्न सकेको छ।

विद्यमान परिस्थीतिमा यस क्याम्पस प्रबिधिमैत्री कक्षा र रोजगार मुलक कक्षा वन्ने प्रेरणा र लिखु भेगकै दक्ष जनशक्ति उत्पादनमा कोषेढुङ्गा वन्न सक्नेछ भन्ने अभिप्राय हाल हामी सवै चिन्तनशिल यूवाको आबाज वन्न सक्नेछ। परिवार नियोजन कार्यक्रमको अपार सफलता र शहरीया जिन्दगीको मनमोहक व्यबहारको चपेटामा परेको क्याम्पसलाई कसरी उँचो बनाउने भन्ने चिन्तन लाई व्यबहारमा सुल्झाउन हामी सवैको माहान भुमिका रहने र सोहि अनुसार वस्ति वस्तिबाट उत्प्रेरीत गराउन क्याम्पस सक्षम हुने अपेक्षा नै हाम्रो चिन्तन हुनेछ भन्ने मलाई लागेको छ र सोहि अनुसार हामी सवैको दायित्व र र्कतव्य बोध हुनेछ।

अन्तमा मैन बत्तीको भूमिकामा रहन लागेको विद्यमान परिस्थिती लाई अध्ययन पश्चात प्राप्त उच्च अध्ययनका प्रमाणित प्रमाणपत्रले देश विदेशमा सेवा गर्न योग्य बनेका हामी सवैले क्याम्पस फलाउने फुलाउने र थप विषय र संकाय सहितको बहुमुखी विधाहरु थप गरि अधिकतम विषयमा सेवा पुर्‍याई यस स्थललाई शैक्षिक हवको नयाँ गन्तव्य प्राप्तिमा लैजाने प्रेरणा मिलोस भन्ने शुभेक्षा व्यक्त गर्न चाहन्छु। धन्यवाद ।।।

# English Section

# Informal Sectors: Inequalities in Social Protection Policies

**Giriraj Dahal**
Lecturer, GYSC

## Abstract

This study investigates the challenges faced by the informal sectors which comprises more than 80% of the workforce, including farmers and street vendors, and transport workers, in accessing social security protection. Crises like COVID-19 have intensified these challenges. Informal workers contribute about 25% to GDP and employ more than half the population, however, they lack legal protection, stable wages, and social safety nets for income loss, exploitation, or exclusion from relief programs. The Labor Act 2017, like previous policies, failed to include informal workers in the social security system. The COVID-19 lockdowns severely disrupted industries such as transportation and tourism, resulting in significant job losses without substantial government support. Over 3.7 million informal workers experienced extreme economic distress, with women, and low-caste communities being the most affected. Nepalese fragmented social protection system needs to be reforms, including legalizing the rights of informal workers, expanding contributory schemes, implementing gender-sensitive policies, facilitating financial inclusion, and improving data collection. Gradual formalization is recommended, aligning with the SDG goals of poverty reduction and decent work. There is a need for cooperation among the government, civil society, and international organizations. Addressing systemic inequities and resource distribution could make Nepal more resilient in meeting constitutional mandates for social protection and reducing vulnerabilities in future crises.

***Key Words**: informality, inequality, crises, marginalization, reforms*

## Introduction

The informal economy in Nepal consists of more than 80% of the working population, generating livelihoods among millions who practice farming, street vending, construction, and transportation. Workers—the majority being from marginalized communities, including women, Dalits, and rural communities—perform duties without the advantage of any work contract that enshrines certain wages and legal protections. They have already contributed an estimated 25% to GDP, keeping more than half of the Nepalese populace employed. Their work is indispensable, yet it remains unseen in national social security systems, perpetuating the cycle of

vulnerability. Efforts such as the constitutional mandate under Article 43 of 2015 and the *Integrated National Framework on Social Protection* have sought to bridge this gap, but operationalization remains piecemeal, rendering informal workers highly susceptible to both exploitation and crisis. The COVID-19 pandemic laid these systemic inequities bare.

Lockdowns disrupted vital informal sectors such as transportation and tourism, where unregistered workers faced abrupt income loss, exclusion from relief programs, and increased poverty. More than 3.7 million informal workers were severely affected; 1.4 million of them were women in home-based industries, marginal castes, and rural populations. Despite the progressive categorization of types of employment and the stipulation of social security benefits under the *Labor Act 2017*, informal workers in Nepal remain beyond the ambit of contributory schemes. The limited reach of the Act underlines a larger policy failure: prioritizing formalization without addressing the structural roots of informality, such as gender inequality, caste-based exclusion, and uneven access to resources. This paper investigates the dissonance between Nepal's policy ambitions and ground-level realities. It also criticizes the inefficiency of the existing social protection systems, which rely on donor-driven and temporary assistance rather than rights-based and sustainable solutions.

By examining pandemic impacts and structural barriers—such as fragmented governance, lack of registration of workers, and financial inclusion—the research highlights how crises amplify preexisting vulnerabilities. For instance, the fact that transport workers were denied even minimum wages and health protection before the pandemic found no state support during the lockdowns, while tourism-sector workers, who account for 8% of employment and 26% of exports, were left to fend for themselves when their industry collapsed. The paper therefore calls for reimagining social protection from an inclusiveness perspective in line with the SDGs and Nepal's constitutional vision of equity. This highlights the chasm between formal entitlements and informal realities, emphasizing the desperate need for legal recognition, universal health coverage, and gender-responsive policies. By locating informality at the center and embedding it as a permanent economic pillar rather than a transient issue, Nepal can break systemic inequities and build resilience against future shocks.

## Objective of the Study

This study highlights the significance of Nepal's informal sector, which comprises 80.8% of the total workforce—including farmers, street vendors, and transport workers—yet remains excluded from social security systems. The paper examines

the dual role of this sector: on one hand, it serves as a vital component of the economy, contributing 25% to the GDP; on the other hand, it represents a site of vulnerability for workers who lack legal protection, stable wages, and crisis relief. The study critiques the failure of existing policies to bridge the gap between constitutional promises, such as Article 43 on social protection, and the ground realities by analyzing policy frameworks like the Labor Act of 2017 and the Integrated National Framework on Social Protection. A central focus is on the disproportionate impact of crises, particularly the COVID-19 pandemic, which has exacerbated poverty and exclusion for this marginalized group. Finally, based on its findings, the research proposes inclusive reforms necessary to align Nepal's social security approach with its Sustainable Development Goals (SDGs) and constitutional vision regarding equity.

## Difference Between Formal & Informal Economy

In Nepal's formal economy, work relations are legally regulated, granting workers various benefits such as contracts, fixed salaries, and social security, including health insurance and pensions. Workers in government or corporate sectors have access to grievance redress mechanisms and collective bargaining rights. In contrast, the informal economy encompasses various occupations, from street vendors and rickshaw pullers to home-based artisans, characterized by irregular incomes, hazardous working conditions, and limited safety nets. For these workers, survival is the primary driver of work, leaving them vulnerable to risks associated with illness or economic downturns, as they do not receive unemployment benefits or health coverage.

A key divergence between the two economies lies in legal recognition. Formal workers are documented and represented within institutions, while informal workers remain largely invisible in policy discussions. This invisibility is further compounded by gender and caste dynamics. Women, who predominantly occupy precarious positions in sectors such as home-based manufacturing and domestic work, along with marginalized castes like Dalits and Mushars, are overrepresented in hazardous jobs, such as those in brick kilns. These structural divisions create persistent cycles of poverty from which informal workers struggle to escape, particularly in the aftermath of the COVID-19 pandemic.

## Social Security and Labor Law

The Constitution of Nepal, 2015, recognizes social protection as a fundamental right. More recently, the Labor Act 2017 and the Social Security Act have been enacted

to improve coverage. The Labor Act 2017 classifies employment types, including regular, casual, and part-time work, and provides social security benefits to formal workers, such as health insurance and pensions. However, these provisions do not cover informal workers, who constitute 90% of the labor force. Additionally, while the Social Security Act designates a maternity and accident benefits fund, it lacks mechanisms for registering unregistered laborers.

Current social protection schemes, such as the Senior Citizen Allowance and other donor-driven initiatives, are non-contributory and narrowly targeted, mainly covering elderly or disabled individuals without addressing the needs of working-age informal workers. This reflects a policy bias toward formalization, overlooking the deeply entrenched nature of informality in the Nepalese labor market. For instance, home-based workers—1.4 million of whom are women producing for export—do not receive maternity benefits or health coverage, despite their significant contributions to the economy.

## Laws and Their Implementation

The Labor Act 2017 was a legislative attempt to reform labor governance by introducing categories like part-time and casual work. However, it has not been effectively implemented due to significant exclusions. Informal workers in transport and agriculture are left out, and there is no mechanism for enforcing minimum wages or safety standards. This exclusion had disastrous consequences during the COVID-19 lockdowns, with 3.7 million informal workers losing their incomes overnight while government relief was focused on formal sectors. In fact, food aid and other forms of financial support did not reach transport workers; they were left to rely on NGOs such as the Independent Transport Workers Association.

